सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ साउन २०८२, सोमबार (28 July 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १०६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एमसिसीलाई अमेरिकाले दियो नेपालमा निरन्तरता

५५ करोड डलर अनुदानको परियोजनालाई निरन्तरता दिने भन्दै अमेरिकाले पठायो नेपाललाई आधिकारिक पत्र



● **धनीराम शर्मा**
वैदेशिक सहायता समन्वय महाशाखा प्रमुख, अर्थ मन्त्रालय

एमसिसीले शुक्रबार रिभ्यु सकिएको भन्दै पत्र पठाएको छ। अर्थात्, अनुदान निरन्तर हुने पक्का भएको छ। यसअघि अनुदान निरन्तर हुने भनेर सन्देश प्राप्त भए पनि औपचारिक पत्र आएको थिएन। शुक्रबार आधिकारिक पत्र नै प्राप्त भएको छ।

परियोजनाको भौतिक प्रगति १६ प्रतिशत, वित्तीय प्रगति १८ प्रतिशत

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अन्तर्गत नेपालमा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिने भएको छ। ५५ करोड डलर अनुदानको यो कार्यक्रमलाई अमेरिकी सरकारले निरन्तरता दिएको जानकारीसहित एमसिसीले शुक्रबार अर्थ मन्त्रालयलाई पत्र पठाएको हो।

यसअघि १८ असारमा मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए) नेपालले अमेरिकी सरकारबाट अनुदान निरन्तर दिने निर्णय भएको भन्दै विज्ञप्तिमार्फत जानकारी गराएको थियो। त्यसवेला अमेरिकाले यस अनुदानको मूल्यांकन (रिभ्यु) सम्पन्न गरिनसकेको भए पनि अनुदानलाई निरन्तर दिने भन्दै काम अघि बढाउनू (गो अहेड) भनेर अनौपचारिक रूपमा

» पृष्ठ २ मा क्रमशः



चालू आवमा साढे आठ अर्ब बजेट, एमसिसीबाट पाँच अर्ब ६८ लाख आउने अनुमान

सरकारले यस परियोजनालाई चालू आवका लागि कुल आठ अर्ब ४६ करोड ७१ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। त्यसमा दुई अर्ब ७७ करोड ८४ लाख बजेट भने सरकारले नै दिनेछ। पाँच अर्ब ६८ करोड ८७ लाख अनुदान भने एमसिसीबाट आउने भन्दै चालू आवको बजेटको स्रोत पुस्तिकामा राखिएको छ। एमसिसीले अनुदानलाई निरन्तरता दिने विषयमा निर्णय दिइनसकेको अवस्थामा समेत सरकारले गत १५ जेठमा ल्याएको बजेटमा यो विवरण उल्लेख गरेको थियो। गत आवमा एमसिसीका परियोजनालाई सरकारले १३ अर्ब ३६ करोड १९ लाख बजेट विनियोजन गरेको थियो। त्यसमा एमसिसीले नौ अर्ब ९० करोड ८२ लाख दिने भनिएको थियो। तर, एमसिसीबाट कति रकम आयो र कति खर्च भयो भन्ने तथ्यांक तयार भइसकेको छैन।

सात हजार कर्मचारी बिदामा

बिदा दुरुपयोगको आशंकापछि अभिलेख शुद्धीकरण गर्दै किताबखाना

सुवास भट्ट/नयाँ पत्रिका

निजामती कर्मचारीको अभिलेख राख्ने निजामती किताबखानाका अनुसार करिब सात हजार कर्मचारी अहिले बिदामा छन्। उनीहरूको बिदाको प्रकार र दुरुपयोग भए-नभएबारे किताबखाना अध्ययन गर्दै छ। निजामती सेवा नियमावलीमा सेवामा बहाल कर्मचारीका लागि आवश्यक पर्ने विभिन्न बिदाबारे व्यवस्था गरिएको छ।

किताबखानाको अद्यावधिक विवरणअनुसार बिदाको उपयोग गर्ने कर्मचारीको संख्या ६ हजार ९३४ छ। यो असाधारण, तलबी असाधारण, तलबी अध्ययन, बेतलबी अध्ययन र बेतलबी बिदा लिने कर्मचारीको संख्या हो। विभिन्न पाँच प्रकारका बिदाको विवरण केलाइरहेको किताबखानाले जनाएको छ। निजामती सेवा कानुनले व्यवस्था गरेको विभिन्न बिदासम्बन्धी व्यवस्थाअनुसार कर्मचारीले बिदाको उपयोग गर्दै आएका छन्। कतिपय कर्मचारीले बिदा सुविधा दुरुपयोग गरेको आलोचना र गुनासोबिच किताबखानाले अभिलेख शुद्धीकरणको काम अघि बढाएको हो। किताबखानाका अनुसार हाल ८५ हजार कर्मचारी कार्यरत छन्।

किताबखानाको अभिलेख प्रणालीअनुसार तलबी अध्ययन बिदा लिने कर्मचारीको संख्या तीन हजार ९१८ छ। त्यस्तै, असाधारण बिदा लिने कर्मचारीको संख्या एक हजार ५६० छ र बेतलबी अध्ययन बिदा लिनेको संख्या एक हजार ४४२ छ। बेतलबी बिदा लिनेको संख्या नौ र तलबी असाधारण बिदा लिने पाँचजना छन्।

किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेलका अनुसार यो किताबखानाको अभिलेख प्रणालीमा प्रविष्ट भएको हालसम्मको अद्यावधिक विवरण हो। उनका अनुसार यसमा कति कर्मचारी सेवामा बहाल भई काम गरिरहेका छन् वा कति बिदामै छन् भन्ने यकिन छैन। 'किनभने बिदा स्वीकृत गर्ने अधिकार मन्त्रालयलाई नै हुन्छ,' उनले भने, 'मन्त्रालयहरूले जानकारी पठाएकाको विवरण किताबखानासँग हुन्छ। नपठाएकाको हकमा हुँदैन।'

अहिले किताबखानाले कार्यदल (टास्कफोर्स) नै बनाएर अभिलेख शुद्धीकरणको काम गरिरहेको महानिर्देशक पोखरेलले नयाँ पत्रिकालाई बताए। हाल प्रत्येक कर्मचारीको व्यक्तिगत फाइलको अभिलेख अध्ययन गरी निजहरूले लिएको बिदा समाप्त भए-नभएको, बिदा उपयोग गरेर सेवामा कार्यरत रहे-नरहेको, बिदाकै अवधिमा कुनै कारबाही भए-नभएकोलगायतका विषय किताबखानाले हेरिरहेको उनको भनाइ छ।

बिदाको सदुपयोग गरेर अध्ययन बिदामा विदेश जाने र अनुकूल भए सरकारलाई खबरै नगरी गैरकानुनी रूपमा उतै रहने वा फर्केर आएपछि पनि कबुलियतबमोजिमका क्षेत्रमा काम नगर्नेलगायतका

» पृष्ठ २ मा क्रमशः



किताबखानाको अभिलेख प्रणालीअनुसार तलबी अध्ययन बिदा लिने कर्मचारीको संख्या तीन हजार ९१८ छ। त्यस्तै, असाधारण बिदा लिने कर्मचारीको संख्या एक हजार ५६० छ र बेतलबी अध्ययन बिदा लिनेको संख्या एक हजार ४४२ छ। बेतलबी बिदा लिनेको संख्या नौ र तलबी असाधारण बिदा लिने पाँचजना छन्।

- मन्त्रालयहरूले किताबखानामा पठाएको विवरणअनुसार ६ हजार ९३४ कर्मचारी बिदामा, सबै मन्त्रालयले बिदासम्बन्धी सबै विवरण नपठाएको किताबखानाको आशंका
- बिदाको सदुपयोग गरेर अध्ययन बिदामा विदेश जाने र अनुकूल भए सरकारलाई खबरै नगरी गैरकानुनी रूपमा उतै रहने वा फर्केर आएपछि पनि कबुलियतबमोजिमका क्षेत्रमा काम नगर्नेलगायतका समस्या
- कतिपय कर्मचारीले बिदा सुविधाको दुरुपयोग गरेको गुनासो, अभिलेख प्रणाली चुस्त नहुँदा बिदाको दुरुपयोग गरेकालाई कारबाही गर्न समस्या, अभिलेख शुद्धीकरण गरेपछि सजिलो हुने किताबखानाको भनाइ



■ निजामती किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेल भन्छन्-

अहिले किताबखानाले टास्कफोर्स नै बनाएर अभिलेख शुद्धीकरणको काम गरिरहेको छ

बिदा स्वीकृत गर्ने अधिकार मन्त्रालयलाई नै हुन्छ। मन्त्रालयहरूले जानकारी पठाएकाको विवरण किताबखानासँग हुन्छ। नपठाएकाको हकमा हुँदैन। त्यसैले अहिले किताबखानाले टास्कफोर्स नै बनाएर अभिलेख शुद्धीकरणको काम गरिरहेको छ। यसका लागि प्रत्येक कर्मचारीको व्यक्तिगत फाइलको अभिलेख अध्ययन गरी निजहरूले लिएको बिदा समाप्त भए-नभएको, बिदा उपयोग गरेर सेवामा कार्यरत रहे-नरहेको, बिदाकै अवधिमा कुनै कारबाही भए-नभएकोलगायतका विषय हेरिरहेका छौं। अध्ययन बिदाको जानकारी किताबखानामा आउनुपर्ने हो, तर प्रभावकारी भएन। अब सुधार गर्दै छौं।

सुक्खा संकटग्रस्त मधेश घोषणा औपचारिकतामा सीमित

राहतको पर्खाइमा किसान

महोत्तरी औरही नगरपालिका- ३ का किसान सचिन साहको गुनासो-

सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा त गऱ्यो, तर हाम्रो खेतमा पानी छैन, मल छैन, बिउ छैन। घोषणा सुनेका छौं, राहत देखेका छैनौं।

■ १३६ पालिकाका हरेक वडामा डिप बोरिङ योजना, बल्ल एउटा निर्माण

जनकपुरधाममा **हदिश खुद्दार**

खडेरीको चपेटामा परेको मधेशलाई प्रदेश र संघ सरकारले पालैपालो गरेको सुक्खाग्रस्त र विपत् संकटग्रस्त क्षेत्र घोषणा औपचारिकतामै सीमित भएको छ। सरकारबाट कुनै प्रभावकारी राहत नपाएको सर्वसाधारणको गुनासो छ।

प्रदेश सरकारले २६ असारमै तीन महिनाका लागि मधेश प्रदेशभर सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो। त्यस्तै, संघ सरकारले ७ साउनमा मधेशलाई तीन महिनाकै लागि प्राकृतिक विपत् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो। तर, मधेशले सिँचाइ

» पृष्ठ २ मा क्रमशः





केही दिनमै प्रदेशवासीले अनुभूति गर्नेछन्

● **सतिशकुमार सिंह,** मुख्यमन्त्री

किसान र सर्वसाधारणलाई राहत दिन काम अघि बढेको छ। खानेपानीको अत्यधिक अभाव रहेको क्षेत्रमा दमकलबाट नियमित रूपमा पानी वितरणको कार्य भइरहेको छ। सिँचाइका लागि प्रदेश सरकारले संघ सरकारको समन्वयमा डिप बोरिङ गाड्ने काम सुरु गरेको छ। सिँचाइका थप वैकल्पिक व्यवस्थाबारे सरकारले छलफल गरिरहेको छ। खडेरीको संकटका बेला केही दातृनिकायले पनि खानेपानी र सिँचाइको क्षेत्रमा काम सुरु गरेका छन्। काम सुरु भइसकेको छ, केही दिनमै प्रदेशवासीले अनुभूति गर्नेछन्।

बागमती कांग्रेसको किचलो मिलाउने जिम्मा केसीलाई

● **केन्द्रीय पर्यवेक्षकका रूपमा हेटौंडा आएका केन्द्रीय सदस्य राजेन्द्र केसीले भने-**

छलफलमा छु, सहमति नभए प्रक्रियाबाट टुंग्याउँछु



पार्टीले केन्द्रीय प्रतिनिधिका रूपमा पठाएपछि म आइतबारदेखि आफ्नो काममा लागेको छु। अविश्वासको प्रस्तावको प्रक्रिया टुंगो लगाउन आएको हुँ। संसदीय दलमा उपलब्ध नेतासँग छलफलमा जुटेको छु। सहमति नभए प्रक्रियामै टुंगिन्छ। हाम्रो विधानमा संसदीय दलको नेता नै मुख्यमन्त्री हुने व्यवस्था छ। दलकै नेता नरहेको अवस्थामा कोही पनि मुख्यमन्त्री बन्न सक्दैन। केन्द्र र प्रदेशमा गठबन्धनको सरकार रहेकाले कतिपय अवस्थामा गठबन्धनमा भएको सहमति पालना गर्नुपर्ने हुन्छ। तर, पार्टीभित्रको विषयमा कांग्रेस विधानअनुसार जान्छ।

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशको सत्तासन्तुलनमा देखिएको कांग्रेसी किचलो समाधान गर्ने जिम्मा पार्टी सभापति शेरबहादुर देउवाले केन्द्रीय सदस्य तथा संघीय सांसद राजेन्द्र केसीलाई दिएका छन्। देउवाको निर्देशनअनुसार आइतबार हेटौंडा आइपुगेका केसीले विवाद मिलाउन छलफलसमेत सुरु गरेका छन्।


मुख्यमन्त्री लामा


नेता बानियाँ

बागमतीका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङलाई हटाउने योजनाअनुसार बहुमत सदस्यले संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गराएपछि कांग्रेस बागमतीमा

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



भूमि विधेयक पुनर्लेखन गर्न माग



घरजग्गा व्यवसायीलाई हदबन्दीभन्दा बढीको जग्गा बेच्न दिने, सुकुम्बासी र भूमिहीनका नाममा भूमाफिया र कार्यकर्तालाई जग्गा बाँड्ने, कृषि क्षेत्रको जग्गा पनि प्लटिङ गरेर बेच्नेलगायतका नियत साथ आएको विधेयक व्यापक परिमार्जन गर्नुपर्ने सांसदहरूको आवाज

■ मिडिया काउन्सिल विधेयक सञ्चारविज्ञ भन्छन्-

विद्यमान कानुनभन्दा पनि प्रतिगामी

(विस्तृत पृष्ठ ३)



■ रासायनिक मल कारखानाको डिपिआर

तीन सय मेगावाट विद्युत्, तीन खर्ब लगानी चाहिने अनुमान

नवलपरासीमा प्रस्तावित कारखानाले दैनिक दुई हजार मेट्रिकटनसम्म उत्पादन गर्न सक्ने, डिपिआर अध्ययन गर्दै लगानी बोर्ड

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एक वर्षमा ५८,४७२ अपराधका उजुरी

०८०/८१ को तुलनामा १.२३ प्रतिशत अपराध कम, साइबर र बैंकिङ कसुरमा भने वृद्धि

टेकराज थामी/नयाँ पत्रिका


प्रत्येक वर्ष बढ्दो अपराधदर गत आवमा भने झिनो संख्याले घटेको छ। नेपाल प्रहरीको तथ्यांकअनुसार अघिल्लो वर्षको तुलनामा गत वर्ष १.२३ प्रतिशतले अपराध घटेको छ। समग्रमा तथ्यांक तल आए पनि साइबर र बैंकिङ कसुरका अपराध भने बढेका छन्।

नेपाल प्रहरीले आइतबार पत्रकार सम्मेलन गरेर दिएको जानकारीअनुसार आर्थिक वर्ष ०८१/८२ मा मुलुकभर ५८ हजार ४७२ मात्रै अपराध दर्ता भएका छन्। जबकि ०८०/८१ मा ५९ हजार २०३ अपराध दर्ता थिए। अर्थात् आव ०८१/८२ मा ०८०/८१ मा भन्दा ७३१ कम अपराध भएका छन्। यस्तै, आव ०७९/८० मा ५६ हजार ३२३ र ०७८/७९ मा ४६ हजार ९०२ अपराधका घटना दर्ता भएको प्रहरीको तथ्यांक छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेले यस आर्थिक वर्ष अपराधदर घटेको बताए। उनका अनुसार पछिल्लो आवको तुलनामा गत आवमा विशेषगरी कर्तव्य ज्यान, अपहरण, हातहतियार, सार्वजनिक प्रकृतिका अपराध

» पृष्ठ २ मा क्रमशः

■ कस्ता अपराधमा कति मुद्दा ?



● **सबैभन्दा धेरै काठमाडौं उपत्यकामा १६,५७५ मुद्दा दर्ता, सबैभन्दा कम कर्णालीमा १,९८७**
यसबाहेक मधेशमा ९,५९९, कोशीमा ९,४६१, लुम्बिनीमा ७,४६६, बागमतीमा ५,३३३, गण्डकीमा ४,११५ र सुदूरपश्चिममा ३,९३६ मुद्दा दर्ता

● २४,३८२ जना पक्राउ, उनीहरूबाट एक अर्ब ५२ करोड ८० लाख ७३ हजार ४७८ रुपैयाँ असुल गर्नुपर्ने

● घरेलु हिंसाका १७,४९६ उजुरी
१३,३५६ मिलापत्र। १,१०१ मिलापत्र हुन नसकी सम्बन्धित निकायमा पठाएको। २५२ सम्पर्कविहीन। १४ अदालत पठाएको र २,७७३ बाँकी।

● ३४ विरुद्ध रेड नोटिस र दुईविरुद्ध डिफ्युसन नोटिस जारी, २० पक्राउ र सुपुर्दगी

● ०८१/८२ को कार्यप्रगति विवरण पेस गर्दै नेपाल प्रहरीका प्रवक्ता डिआइजी विनोद घिमिरेले भने-



मेजर किसिमका अपराध घटेका छन्। यसको कारण प्रहरीको सक्रियता नै हो। जस्तो विगत वर्षमा आत्महत्याका घटना धेरै हुन्थे। यस वर्ष हामीले आत्महत्याविरुद्धका अभियान देशव्यापी चलायौं। अन्य प्रकृतिका अपराधमा पनि अभियान चलायौं, जसको परिणाम देखियो।

● पूर्वडिआइजी हेमन्त मल्ल भन्छन्-



तथ्यांकले केही मेजर अपराध घटेको देखाउँछ। यसो हुनुमा प्रहरीले चलाएको अपराधविरुद्धको अभियान नै मान्नुपर्छ। अर्को लागुऔषधजस्ता अपराध बढेका छन्। यसमा ट्रेन्डलाई हेर्नुपर्छ। अनि मात्रै यसको जरासम्म पुग्न सक्छौं।

एमसिसीलाई...

पृष्ठ १ बाट क्रमशः

सन्देश पठाएको थियो। त्यसको तीन सातापछि अमेरिकाले अनुदानलाई निरन्तरता दिने सम्बन्धमा आधिकारिक पत्र पठाएको हो। अब नेपालले अमेरिकी अनुदानमै एमसिसीअन्तर्गतका परियोजना बनाउने भएको छ।

अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्माले एमसिसी अनुदानले निरन्तरता पाएको बताए। 'एमसिसीले शुक्रबार रिभ्यु सकिएको भन्दै पत्र पठाएको छ। अर्थात्, अनुदान निरन्तर हुने पक्का भएको छ,' मन्त्रालयका सहसचिवसमेत रहेका शर्माले भने, 'यसअघि अनुदान निरन्तर हुने भनेर सन्देश प्राप्त भए पनि औपचारिक पत्र आएको थिएन। शुक्रबार आधिकारिक पत्र नै प्राप्त भएको छ।'

एमसिसीअन्तर्गत ४०० केभी क्षमताका कुल ३१५ किलोमिटर लामा चार प्रसारणलाइन, ४०० केभी क्षमता दरका तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको दाङस्थित ४० किलोमिटर सडक र मुग्लिन-नारायणगढ सडकलाई विशेष मर्मतका आयोजना छन्। प्रसारणलाइनतर्फ ११७ किलोमिटर लप्सीफेदी-रातमाटे-न्यु हेटौँडा, ९०किलोमिटर रातमाटे-न्यु दमौली, ९०किलोमिटर न्यु दमौली-न्यु बुटवल र १८ किलोमिटर न्यु बुटवल-नेपाल/भारत सीमा प्रसारणलाइन छन्। यसमध्ये न्यु बुटवल-नेपाल/भारत सीमा प्रसारणलाइन निर्माणका लागि एक करोड २३ लाख ६० हजार डलरमा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग ठेक्का सम्झौता भइसकेको छ। बाँकी २ ९७ किलोमिटर तीन प्रसारणलाइन बनाउन ठेकेदार कम्पनी छनोट गर्ने प्रक्रिया अघि बढाइएको छ।

त्यस्तै, सबस्टेसनतर्फ ४०० केभी दरका रातमाटे सबस्टेसन, नयाँ दमौली सबस्टेसन र नयाँ बुटवल सबस्टेसन छन्। जसमध्ये भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङसँग रातमाटे सबस्टेसन पाँच करोड १५ लाख डलरमा र नयाँ दमौली सबस्टेसन तीन करोड ८८ लाख ९० हजार डलरमा बनाउने गरी सम्झौता भएको छ। त्यस्तै, नयाँ बुटवल सबस्टेसन बनाउन तीन करोड ५५ लाख १० हजार डलरमा लिंकसन इन्डिया प्रालिसँग सम्झौता भएको छ। अहिले यी परियोजनाहरूमा निर्माणको काम अघि बढिसकेको छ। त्यस्तै, सडकतर्फ भने ४० किलोमिटर लामो धानखोला-लमही खण्डको ठेक्का प्रक्रिया अघि बढाइएको छ। नारायणगढ-मुग्लिन खण्डको ठेक्का आह्वान हुन बाँकी नै छ। एमसिसीले हात झिके सरकार आफैँले यी आयोजना अगाडि बढाउने बताउँदै आएको थियो।

गत २० जनवरी (७ माघ ०८१)मा अमेरिकी राष्ट्रपतिको पदभार ग्रहण गर्दै डोनाल्ड ट्रम्पले सबै सहायता ९० दिनका लागि स्थगित गर्ने गरी कार्यकारी आदेश जारी गरेका थिए। त्यसलगत्तै नेपाल आउने अमेरिकी सहायता स्थगित भएको थियो। यद्यपि, एमसिसी अनुदान भने निरन्तर थियो। तर, १४ फेब्रुअरी (२ फागुन ०८१) मा एमसिसीले इमेलमार्फत २० जनवरीको कार्यकारी ओदेशअनुसार अनुदान स्थगित गरिएको जानकारी दिएको थियो। २८ अप्रिल (१५ वैशाख)मा अनुदान निरन्तर गर्ने वा बन्द गर्ने भन्ने विषयमा एमसिसीले निर्णय दिने भनिए पनि कुनै निर्णय आएन। त्यसपछि १९ मे (५ जेठ)मा निर्णय दिने भनिएकोमा त्यतिवेला पनि कुनै जवाफ आएन। शुक्रबार भने अनुदानलाई निरन्तरता दिने भनेर आधिकारिक पत्र पठाएको हो। त्यसो त अनुदान स्थगन भएकै अवस्थामा चैत पहिलो साता एमसिसीले खरिद र कार्यालय सञ्चालनसम्बन्धी कार्य गर्न एमसिए नेपाललाई अनुमति दिएर 'ग्रिन सिग्नल' दिएको थियो।

एमसिसीको ५० करोड डलर अनुदान र नेपाल सरकारको १३ करोड डलर लगानीमा विद्युतीय प्रसारण र भौतिक पूर्वाधार बनाउने गरी २९ भदौ ०७४ (१४ सेप्टेम्बर ०१७) मा द्विपक्षीय सम्झौता भएको थियो। जुन सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद्बाट अनुमोदन भएसँगै कार्यान्वयनको ढोका खुलेको थियो। त्यसपछि १३ भदौ ०८० (२०२३ अगस्ट ३०) देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गराइएको थियो। यसबिचमा एमसिसीले पाँच करोड डलर बढाएर ५५ करोड तथा नेपालले ६.७ करोड डलर बढाएर १९ करोड ७० लाख डलर पुर्‍याएका छन्। हालसम्म अमेरिकाबाट ६ करोड डलर हाराहारी अनुदान प्राप्त भइसकेको छ। सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र अर्थात् २९ अगस्ट २०२८ (१२ भदौ २०८५) भित्र एमसिसीअन्तर्गतका परियोजनाहरूको निर्माण सम्पन्न गर्नुपर्नेछ।

राष्ट्रिय योजना आयोगले तीन साताअघि राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)मा पेस गरेको एक प्रतिवेदनअनुसार परियोजनाको भौतिक प्रगति १६ प्रतिशत पुगेको देखिएको हो। वित्तीय प्रगति भने १८ प्रतिशत पुगेको प्रतिवेदनमा उल्लेख छ। असार मसान्तसम्मको तथ्यांक भने आइसकेको छैन।

सात हजार...

पृष्ठ १ बाट क्रमशः

समस्या छन्। बिदाको दुरुपयोग गरेकालाई सरकारले कारबाही पनि गर्न सकेको छैन। अभिलेख प्रणाली चुस्त नहुँदा पनि यसो गर्न नसकिएको किताबखानाको भनाइ छ। कतिपय कर्मचारीले बिदा सुविधाको दुरुपयोग गरेकोमा आलोचना वा गुनासोबिच किताबखानाले अभिलेख शुद्धीकरणको काम अघि बढाएको हो।

निजामती सेवा नियमावलीमा निजामती कर्मचारीका लागि सेवामा बहाल रहेको अवस्थामा आवश्यक पर्ने विभिन्न बिदाबारे व्यवस्था गरिएको छ। नियमावलीको नियम ६२ को उपनियम ३ (क) मा 'अध्ययन बिदा लिएको कर्मचारीले प्रत्येक ६ महिनामा आफूले सम्बन्धित अध्ययन संस्थामा अध्ययन गरिरहेको प्रमाणसहितको प्रगति विवरण पदाधिकार रहेको निकाय, सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय र निजामती किताबखानामा पठाउनुपर्ने व्यवस्था' छ। नियमावलीले बिदाको जानकारी किताबखानासमेतलाई पठाउनुपर्ने व्यवस्था भए पनि त्यसको पालना भएको छैन। 'निजामती कर्मचारीको अध्ययन बिदाबारेको जानकारी किताबखानालाई पठाउनुपर्ने कानुनी व्यवस्था भए पनि त्यो विगतमा प्रभावकारी भएन,' किताबखानाका महानिर्देशक पोखरेल भन्छन्, 'अब त्यसमा सुधार गर्दै छौँ।'

नियमावलीको नियम ५८ मा असाधारण बिदा लिन सक्ने व्यवस्था छ। कुनै ठुलो वा कडा रोग लागेर उपचार गर्न बिरामी बिदा वा घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी निजामती कर्मचारीले पछि पाउने बिरामी बिदा र घर बिदाबाट कट्टा हुने गरी ४५ दिनसम्म थप बिरामी बिदा पाउँछन्। यो बिदा पनि अपुग भई थप बिदा लिनुपरेमा एक वर्ष असाधारण बिदा लिन सक्ने व्यवस्था छ।

त्यस्तै, नियम ६१ मा तलबी अध्ययन बिदाको व्यवस्था छ। उपनियम १ मा निजामती सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक छात्रवृत्तिमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तरविभागीय प्रतियोगिताबाट छानिई वा नेपाल सरकारबाट मनोनयन भई अध्ययन गर्न जाने निजामती कर्मचारीले अध्ययन अवधिभर अध्ययन बिदा पाउने व्यवस्था छ। कर्मचारीले सेवा अवधिभरमा एकैपटक वा पटकपटक गरी तीन वर्षसम्म अध्ययन बिदा पाउने र सरकारले आवश्यक ठानेमा अध्ययन बिदाको अवधि दुई वर्षसम्म थप गर्ने व्यवस्था पनि छ। यस्तो अध्ययन बिदा बस्दा कर्मचारीले पूरा तलब पाउँछन्।

सोही नियमको उपनियम ५ मा बेतलबी अध्ययन बिदासम्बन्धी व्यवस्था छ। सम्बन्धित सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा सरकारको पूर्वस्वीकृति लिई निजी प्रयासमा अध्ययन बिदा दिने व्यवस्था छ। तर, उक्त अवधिमा तलब पाइँदैन।

यसैगरी नियमावलीको नियम ६२ मा असाधारण बिदासम्बन्धी व्यवस्था छ। यस्तो बिदा प्रक्रियाबमोजिम एकपटकमा एक वर्ष नबढाई र सेवा अवधिभर बढीमा तीन वर्ष लिन पाउने व्यवस्था छ। यसै नियममा बेतलबी बिदासम्बन्धी व्यवस्था छ। तर, यो नियम ५८ बमोजिम थप बिरामी बिदाका लागि दिने व्यवस्था छ।

राहतको पर्खाइमा...

पृष्ठ १ बाट क्रमशः

मात्रै होइन, पिउने पानीको पनि अभाव झेलिरहेको छ।

वीरगन्ज महानगरपालिका, सिराहा तथा राजविराजमा आठवटा दमकलबाट खानेपानी वितरण गरिए पनि प्रभावकारी हुन सकेको छैन। वीरगन्ज महानगरपालिकाले दैनिक चार लाख र प्रदेश सरकारले दैनिक एक लाख गरी पाँच लाख लिटर पानी वितरण गरिरहेका छन्। बारा, पर्सा, महोत्तरी, रौतहट, सिराहा, धनुषा, सप्तरीलगायत जिल्लामा सिँचाइ र खानेपानीको अभाव चुलिँदो छ।

महोत्तरी औरही नगरपालिका- ३ का किसान सचिन साहले भने, 'सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा त गर्‍यो, तर हाम्रो खेतमा पानी छैन, मल छैन, बिउ छैन। घोषणा सुनेका छौँ, राहत देखेका छैनौँ।'

सप्तरीको राजविराजका वकिल अन्सारीले पनि सरकारको सुक्खाग्रस्त क्षेत्र घोषणा कागजमा सीमित भएको गुनासो गरे।

मुख्यमन्त्री सतिशकुमार सिंहले भने केही दिनमै प्रदेशवासीले राहतको अनुभूति गर्ने दाबी गरे। 'किसान र सर्वसाधारणलाई राहत दिन काम अघि बढेको छ। खानेपानीको अत्यधिक अभाव रहेको क्षेत्रमा दमकलबाट नियमित रूपमा पानी वितरणको कार्य भइरहेको छ। सिँचाइका लागि प्रदेश सरकारले संघ सरकारको समन्वयमा डिप बोरिङ गाड्ने काम सुरु गरेको छ। सिँचाइका थप वैकल्पिक व्यवस्थाबारे सरकारले छलफल गरिरहेको छ,' उनले भने, 'खडेरीको संकटका वेला केही दातृनिकायले पनि खानेपानी र सिँचाइको क्षेत्रमा काम सुरु गरेका छन्। काम सुरु भइसकेको छ, केही दिनमै प्रदेशवासीले अनुभूति गर्नेछन्।'

लामो समयदेखि वर्षा नहुँदा सतही सिँचाइका स्रोतहरू खोला र नदीसमेत सुकेका छन्। सर्लाहीमा बागमती र मनुसमारा सिँचाइ प्रणाली, रौतहटमा बागमती तथा झाँझ नहर, पर्सा र बारामा गण्डक नहर, सप्तरीमा कोशी र चन्द्रनहर तथा सिराहा-धनुषाका केही क्षेत्रमा मात्र कमला नहर छन्।

मधेश कृषि विकास निर्देशनालयका अनुसार ११ साउनसम्म सबैभन्दा धेरै पर्सामा ८१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ भने सबैभन्दा कम महोत्तरीमा ३५.१२ प्रतिशत मात्रै धान रोपाइँ भएको छ। रौतहटमा ६८ प्रतिशत, बारामा ८० प्रतिशत, सर्लाहीमा ५६ प्रतिशत, सिराहामा ३८ प्रतिशत र धनुषामा ३५ प्रतिशत मात्रै धान रोपाइँ भएको निर्देशनालयले जनाएको छ। प्रदेशमा पाँच लाख ४२ हजार ५८० हेक्टर खेतीयोग्य जमिनमध्ये तीन लाख ७२ हजार ६४५ हेक्टरमा धानखेती हुँदै आएको छ। तर, हालसम्म मात्र एक लाख ९३ हजार ११६ हेक्टरमा मात्रै रोपाइँ सकिएको छ। समग्रमा मधेशमा ५१ प्रतिशत मात्रै रोपाइँ भएको छ।

१३६ पालिकाका हरेक वडामा डिप बोरिङ योजना, बल्ल एउटा निर्माण

मधेश प्रदेश ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयले १३६ पालिकाका प्रत्येक वडामा डिप बोरिङ गाड्ने योजना ल्याएको थियो। तर, दुई सातामा धनुषाको मिथिला विहारी नगरपालिका- २ पर्शुराम तलाउ क्षेत्रमा मात्रै एउटा डिप बोरिङ निर्माणको कार्य सुरु भएको छ। प्रदेशका ऊर्जा सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवले प्रदेश सरकारको सीमित स्रोतसाधनका बाबजुद प्राथमिकताअनुसार डिप बोरिङ गाड्ने काम सुरु भइसकेको बताए।

प्रदेश सरकारले सिँचाइका लागि तत्काल विभिन्न पालिकामा रहेका नहरको सरसफाइ, ठाउँठाउँमा स्यालो तथा ट्युबवेल गाडिने र वैकल्पिक सिँचाइ व्यवस्थापन गर्ने बताए पनि कार्यान्वयन भएको छैन। मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालले चालू आर्थिक वर्षमा सिँचाइका लागि आठवटै जिल्लामा विनियोजन गरिएको १७ करोडबाट स्यालो ट्युबवेलको काम अगाडि बढाइएको दाबी गरे।

मधेश प्रदेश प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टीका प्रमुख सचेत रामआशिष यादवले सरकारले तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन कार्ययोजना बनाएर राहत दिनुपर्ने बताए। 'सरकारले सुक्खा क्षेत्र घोषणा गर्नेबाहेक केही गरेको छैन,' उनले भने। नेपाल संघीय समाजवादीका अध्यक्ष रिजवान अन्सारीले खडेरीको समयमा तत्काल अन्तरमन्त्रालय समन्वय गरी प्रभावित क्षेत्रमा खानेपानी, सिँचाइका लागि काम गर्नुपर्ने बताए। जसपा मधेश प्रदेशले आइतबार प्रेस विज्ञप्ति जारी गरी खडेरीका वेला किसानहरूको कृषि ऋणको ब्याज मिनाहा गर्न तथा सिँचाइका लागि किसानले २४ घण्टा नै मोटर चलाउन पाउनुपर्ने व्यवस्था मिलाउन माग गरेको छ।

गत साता महोत्तरी र बारामा पुल उद्घाटन गर्न मधेश प्रदेश आएका प्रधानमन्त्री केपी ओलीले खडेरीबाट कृषि क्षेत्रमा देखिएको संकट समाधानका लागि तत्काल पाँच सय बोरिङ गाड्ने र चुरेक्षेत्रलाई हराभरा तथा पानी सञ्चय गर्न तालतलैयाको निर्माण गरिने बताएका थिए। तर, केन्द्र सरकारले शनिबार मात्र खानेपानी र सिँचाइको समस्या भएका स्थानका साथै प्राथमिकताका आधारमा डिप ट्युबवेल, डिप बोरिङ जडान गर्ने स्थानको पहिचान समन्वय र सहजीकरणका लागि प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिएको छ।

वीरगन्जमा डिप बोरिङ खन्न अनुमति लिनुपर्ने



वीरगन्जमा मात्रै महानगरले दैनिक चार लाख र प्रदेश सरकारले दैनिक एक लाख लिटर पानी वितरण गरिरहेका छन्

पर्सामा जथाभावी रूपमा डिप बोरिङ खनिएको भन्दै जिल्ला विपत् व्यवस्थापन समितिले अंकुश लगाएको छ। समितिको बैठकले जिल्लामा अब डिप बोरिङ जडान गर्नुअघि समितिसँग अनिवार्य रूपमा अनुमतिसहितको सिफारिस लिनुपर्ने निर्णय गरेको हो।

समितिले हालसम्म खानेपानी संस्थानलगायत अन्य निकायबाट जडान भएको धारा तथा डिप बोरिङको लगत संकलन गर्ने, खानेपानी अभाव रहेका क्षेत्रको पहिचान गर्ने, आवश्यकता पहिचान भएका क्षेत्रमा पानी आपूर्तिको अवधारणापत्र तयार गर्ने, वास्तविक रूपमा खानेपानी अभाव भएका क्षेत्रको पहिचान गरी न्यूनतम पाँच हजार लिटर क्षमताका आवश्यक संख्यामा डिप बोरिङ जडान गर्ने निर्णय गरेको छ।

काठमाण्डौं फरेष्ट्री कलेज

मातातिर्थ, चन्द्रागिरी न.पा.-८, काठमाण्डौं, फोन नं.: ०१ ५१४७२११

सूचि दर्ता गराउने बारेको सूचना

यस कलेजको लागि आ.ब. २०८२/०८३ मा निम्नानुसार आपुर्ति सेवा, खरिद मर्मत आदि विविध प्रकारको कार्य गर्नका लागि इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले सूचि दर्ताको लागि संस्था वा फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित आफैले प्रमाणित गरी निवेदन साथ संलग्न राखि १० दिन भित्र यस कलेजको कार्यालयमा रितपूर्वक निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। सुचि दर्ता गर्न ल्याउँदा फारम शुल्क बापत रु. ५००/- फिर्ता नहुने गरी कलेजमा बुझाउनु पर्नेछ। उक्त फारम बुझाउदा गोप्य सिलबन्दी हुनुपर्नेछ। कोटेशन फारामको लागि कलेजको वेबसाईटः www.kafco.edu.np मा हेर्नसकिने छ।

आपूर्ति गर्नुपर्ने सामानहरु तथा उपलब्ध गराउनु पर्ने सेवाहरुः

१) छपाई सम्बन्धी सम्पूर्ण कार्य
२) स्टेशनरी सामानहरु (मसलन्द तथा विविध)
३) CCTV तथा अन्य Biometric Device सम्बन्धी आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
४) पार्टिसन, लिज होल्ड, फर्निचर तथा फर्निसिङ, कार्पेट, पार्केटिङ्ग, पर्दा खरिद एवं मर्मत सेवा
५) टोनर र कार्टिज खरिद, रिफिलिङ तथा मर्मत कार्य
६) इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स उपकरणहरु (डेक्सटप कम्प्यूटर, ल्यापटप, प्रिन्टर्स, युपिएस, फोटोकपि मेशिन, प्रिन्टर, स्क्यानर, हिटर, फ्यान तथा सोसंग सम्बन्धित पार्टपूर्जाहरुको आपूर्ति एवं सो सम्बन्धी सामानहरुको मर्मत संभार एवं AMC सेवा)
७) होर्डिङ बोर्ड, फ्लेक्स बोर्ड, भित्ते लेखन, तुल लेखन सम्बन्धी कार्य
८) विज्ञापन सम्बन्धी सम्पूर्ण कार्य
९) सुरक्षा गार्ड, प्लाम्बिङ सेवा
१०) ट्राभल एजेन्सी सम्बन्धी सम्पूर्ण सेवा
११) कलेज ड्रेस, टि-सर्ट, ब्याग, छाता, क्याप, भित्ते घडी, ज्याकेट तथा विविध आपूर्ति सम्बन्धी कार्य
१२) मेडिकल सामग्री (ग्लब्स, मास्क, सेनिटाइजर लगायत)
१३) टेलिफोन मर्मत तथा संभार सम्बन्धी कार्य
१४) इन्टरनेट एवं VPN सेवा तथा जडान सम्बन्धी कार्य
१५) एयर कन्डिसन (AC) खरिद तथा मर्मत संभार सम्बन्धी कार्य

हार्दिक श्रद्धाञ्जली



जन्मः
२०५३।०६।१०

स्वर्गारोहणः
२०८२।०३।३२

स्व. सुनिल न्यौपाने

यस सानिमा हाइड्रोमा कार्यरत कर्मचारी सुनिल न्यौपानेको असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं। साथै, शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

sanima SANIMA HYDRO
सानिमा हाइड्रो परिवार
धुम्बाराही, काठमाडौं

बागमती...

पृष्ठ १ बाट क्रमशः

तनाव सुरु भएको छ। यही तनाव व्यवस्थापनका लागि सभापति देउवाले केसीलाई खटाएका हुन्। बागमती प्रदेशमा पार्टीका ३७ मध्ये २१ जना सांसदले दलका नेताविरुद्ध अविश्वास प्रस्ताव दर्ता गराएका छन्। कांग्रेस बागमती सभापतिसमेत रहेका सांसद इन्द्रबहादुर बानियाँले अगुवाइ गरेका छन्।

कांग्रेस विधानमै पार्टीका केन्द्रीय सभापति वा महामन्त्री वा केन्द्रीय समितिले खटाएको कुनै पर्यवेक्षकको अनिवार्य उपस्थितिमा अविश्वास प्रस्ताव प्रक्रिया टुंग्याउनुपर्ने व्यवस्था छ। सोहीअनुसार आफू बागमती प्रदेशमा देखिएको विवाद समाधानका लागि केन्द्रीय समितिका तर्फबाट पर्यवेक्षकको रूपमा आएको केसीले बताए। 'पार्टीले केन्द्रीय प्रतिनिधिका रूपमा पठाएपछि म आफ्नो काममा लागेको छु। संसदीय दलमा उपलब्ध नेतासँग छलफलमा जुटेको छु,' उनले भने, '२५ प्रतिशत सांसदले अविश्वासको प्रस्ताव दर्ता गर्न पाउने कांग्रेसको विधानमा व्यवस्था रहेकाले उक्त प्रक्रियाको टुंगो लगाउन आएको हुँ।'

नेता केसीले सोमबार बस्ने संसदीय दलको बैठकमा अविश्वासको प्रस्तावमाथि छलफल हुने र पार्टीको आन्तरिक विषय भएकाले सकेसम्म मिलाएर लैजान कोसिस गर्ने बताए। 'मिल्ने अवस्था नबनेको अवस्थामा भने विधानअनुसार प्रक्रिया पूरा हुन्छ,' उनले भने। प्रक्रियाअन्तर्गत अविश्वासको प्रस्तावको पक्ष र विपक्षबिचमा मत विभाजन गरिनेछ। प्रस्तावको पक्षमा बहुमत भए प्रस्ताव पास हुने र संसदीय दलको नेता नयाँ बन्ने तथा विपक्षमा बहुमत आए प्रस्ताव फेल हुने र अहिलेकै संसदीय दलको नेता कायम हुनेछन्।

अविश्वासको प्रस्ताव फेस गर्ने बताएका मुख्यमन्त्री लामाले संसदीय दलको नेताका रूपमा आफूविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भए पनि मुख्यमन्त्रीबाट राजीनामा नदिने दोहोर्‍याए। 'मैले मुख्यमन्त्रीबाट राजीनामा दिनुपर्ने आवश्यकता छैन। म चुनाव जितेर संसदीय दलको नेता भएर आएको मान्छे हुँ,' उनले भने, 'गठबन्धनमा भएको सहमतिअनुसार अझै पनि म नै मुख्यमन्त्री हुँ। मलाई कसैले चाहेर हटाउन सक्दैन।'

अविश्वासको प्रस्तावको नेतृत्व गरेका नेता बानियाँले आफूहरूले कांग्रेसको विधानअनुसार नै अविश्वासको प्रस्ताव दर्ता गरेकाले प्रक्रियाको पर्खाइमा रहेको बताए। 'कांग्रेसको विधानअनुसार नै हामी अगाडि बढेका छौँ। अविश्वासको प्रस्ताव पास हुन्छ,' उनले भने, 'नेतृत्वप्रति सांसदहरूको असन्तुष्टिका कारण यो परिस्थिति जन्मिएको हो। अविश्वासको प्रस्तावको प्रक्रिया सुरु हुने पर्खाइमा छौँ।'

केन्द्रीय प्रतिनिधि केसीले बागमतीमा मुख्यमन्त्री हेरफेरको सम्भावना कायमै रहेको बताए। 'हाम्रो विधानमा संसदीय दलको नेता नै मुख्यमन्त्री हुने भन्ने प्रस्ट छ। 'संसदीय दलकै नेता नरहेको अवस्थामा कोही पनि मुख्यमन्त्री बन्न सक्दैन। यदि अहिलेका मुख्यमन्त्री संसदीय दलको नेता नरहेको अवस्थामा उहाँलाई मुख्यमन्त्रीमा बसिरहन नैतिक संकट पर्न सक्छ। त्यसका लागि पार्टी केन्द्रीय समितिले निर्णय गर्छ,' उनले भने, 'केन्द्र र प्रदेशमा गठबन्धनको सरकार रहेकाले कतिपय अवस्थामा गठबन्धनमा भएको सहमति पालना गर्नुपर्ने हुन्छ। तर, पार्टीभित्रको विषयमा कांग्रेस विधानअनुसार जान्छ।'

संकट टार्न सांसदपिच्छे मन्त्री अफर

मुख्यमन्त्री बहादुरसिंह लामा पक्ष अविश्वासको पक्षमा हस्ताक्षर गर्ने सांसदलाई आफ्नो पक्षमा फर्काउन कसरत गरिरहेको छ। लामानिकट मानिने संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले नयाँ पत्रिकासँग कुरा गर्दै प्रस्तावमा हस्ताक्षर गर्ने सांसदसँग कुरा भइरहेको र मन्त्री दिएर भए पनि आफ्नो पक्षमा पार्ने बताए। उनले कांग्रेसकै सांसद भएकाले राजनीतिक स्थिरताका लागि जो-कसैलाई मन्त्री बनाउन सकिने दाबी गरे। संसदीय दलको नेता बन्न सामान्य बहुमतका लागि १९ सांसद आवश्यक हुन्छ।

बानियाँ पक्षमा देखिएका सांसदलाई आफूतर्फ ल्याउने कसरत मुख्यमन्त्री लामाले गरेका छन्। सोहीअनुसार मुख्यमन्त्री लामाले संकट टार्न आफ्नै मन्त्रीहरूलाई बर्खास्त गर्दै खाली भएका चार मन्त्रालयमा बानियाँ पक्षका सांसदलाई मन्त्री बनाउन प्रस्ताव अघि सारेका छन्। मुख्यमन्त्री लामाको सचिवालयका अनुसार हालसम्म बानियाँ पक्षमा खुलेका २ सांसदलाई मन्त्री बनाउने सर्तसहित आफूनिकट ल्याएका छन्। माया श्रेष्ठ र मीना पराजुलीलाई आफूनिकट ल्याएको सचिवालयको दाबी छ भने उनीहरूलाई मन्त्री बनाउने तयारी भइरहेको छ।

मुख्यमन्त्री लामाले गत शुक्रबार संविधानको धारा १६९ (२)(ख) अनुसार राजीनामा दिएका चारजना मन्त्री सुरजचन्द्र लामिछाने, मीनकृष्ण महर्जन, विमल ठकुरी र मदुकुमार श्रेष्ठलाई पदमुक्त गरेका थिए। यी मन्त्रीहरूले दिउँसो राजीनामा दिए पनि लामा पक्षले स्वीकार नगरेर बर्खास्त गरेका थिए।

सोहीअनुसार मुख्यमन्त्री लामाले बानियाँ पक्षमा खुलेका शिवराज अधिकारी, सुना परियार, विनु रायमाझी, माया श्रेष्ठ, मीना पराजुलीलगायतलाई मन्त्री पदको अफर गरेको अर्का एक सांसदले बताए। मन्त्री छाडेका सुरजचन्द्र लामिछाने, मदुकुमार श्रेष्ठ, विमल ठकुरीलाई समेत मागेको मन्त्रालय दिने गरी प्रस्ताव गरेको ती सांसदको दाबी छ। अविश्वासको पक्षमा हस्ताक्षर गर्ने चितवनबाट समानुपातिक सांसद माया श्रेष्ठले अविश्वासको प्रस्तावमा हस्ताक्षर गरे पनि पछि उक्त समूहको सम्पर्कमा नरहेको बताइएको छ। उनले अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने समूहको कुनै पनि सांसदको फोन नउठाएको र सम्पर्कमा नै नरहेको एकजना सांसदले जानकारी दिए।

UAE मा बैदेशिक रोजगार | कम्पनी : ARMED FORCE OFFICERS CLUB & HOTEL शहर : UAE

पूर्व स्वीकृत मिति : २०८०/१०/१९ | चलानी नं. ६०२१४२२७ | LT. No.: 299294 | पुनः विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना/ बस्ने सुविधा	करार अवधि
1.	Restaurant Worker	67	20	स. काममा दक्ष	800	३०,११८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	२ वर्ष
2.	Chamberman	71	0		800	३०,११८						
3.	Chambermaid	0	17		800	३०,११८						
4.	Kitchen Helper	25	10		800	३०,११८						
5.	Food Service Supervisor	15	0		1900	७९,५२०						
6.	Waiter	60	0		1300	४८,९३५						
7.	Waitress	0	21		1300	४८,९३५						
8.	Commi iii	10	10		1200	४५,१७१						

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८२ साउन १९ गते (4 Aug. 2025) मा हुने छ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्ट्याम्पिङ कति लाग्ने र कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १५००/- कामदारले तिर्ने	-

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १

आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरूपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहचलमा सम्पर्क गर्नुहोला।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

एक वर्षमा...

पृष्ठ १ बाट क्रमशः

र जबर्जस्ती करणीजस्ता घटना घटेका छन्। 'विगतका वर्षहरूको तथ्यांक हेर्दा अपराधको ग्राफ निरन्तर बढेको देखिन्छ। तर, आव ०८१/८२ मा अपराध १.२३ प्रतिशतले घट्यो। यस्तो देखिनु राम्रो संकेत हो,' नेपाल प्रहरीका प्रवक्ता डिआइजी घिमिरेले भने, 'विशेषगरी कर्तव्य ज्यान, अपहरण, हातहतियार, सार्वजनिक प्रकृतिका अपराध र जबर्जस्ती करणीजस्ता घटना घटेको देखिन्छ। साइबर र बैंकिङ कसुरसँग सम्बन्धित अपराधको दर बढेको देखिन्छ।'

आव ०८०/८१ मा मुलुकभर संगठित प्रकृतिका ६६ घटना प्रहरी कार्यालयमा दर्ता भएका थिए। जबकि आव ०८१/८२ मा यस्ता घटना ३८ मात्रै दर्ता भए। यो दर विगतको वर्षभन्दा ४२.४२ प्रतिशतले कम हो। त्यस्तै, आव ०८०/८१ मा सार्वजनिक प्रकृतिका अपराध १० हजार ७५६ दर्ता भएका थिए। आव ०८१/८२ यो संख्या दुई हजार २३७ ले घटेर आठ हजार ५१९ मा झरेको छ। यो विगतको वर्षभन्दा २०.७९ प्रतिशतले कम हो। कर्तव्य ज्यानसँग सम्बन्धित कसुर पनि विगतको वर्षभन्दा ११.४५ प्रतिशत कम दर्ता भएका छन्। यो कसुर ०८०/८१ मा ५७६ र आव ०८१/८२ मा ५१० दर्ता भएका थिए।

त्यस्तै, हातहतियार तथा खरखजनासँग सम्बन्धित कसुर १०.८३ प्रतिशतले घटेको छ। यो कसुर आव ०८०/८१ मा २०३ र आव ०८१/८२ मा १८१ दर्ता भएका थिए। जबर्जस्ती करणीसँग सम्बन्धित कसुर पनि यस आवमा १०.१३ प्रतिशतले घटेका छन्। आव ०८०/८१ मा यो कसुर मुलुकभर दुई हजार ५०७ र आव ०८१/८२ मा दुई हजार २५३ दर्ता भएका थिए। त्यस्तै, आत्महत्यासँग सम्बन्धित कसुर ४.७५ प्रतिशत, चोरीका कसुर २.७१ प्रतिशत र अपहरणसँग सम्बन्धित कसुर २.०६ प्रतिशतले घटेका छन्।

आव ०८/०८१ संगठित अपराध ६६ रहेकोमा ०८१/८२ मा ३८, आव ०८०/८१ मा सार्वजनिक अपराध १०,७५६ रहेकोमा ०८१/८२ मा ८,५१९, आव ०८०/८१ मा कर्तव्य ज्यान ५७६ रहेकोमा ०८१/८२ मा ५१०, आव ०८०/८१ मा हातहतियार २०३ रहेकोमा ०८१/८२ मा १८१, आव ०८०/८१ मा जबर्जस्ती करणी २,५०७ रहेकोमा ०८१/८२ मा २,२५३, आव ०८०/८१ मा आत्महत्या ७,१९४ रहेकोमा ०८१/८२ मा ६,८५२, आव ०८०/८१ मा चोरी ३,७५८ रहेकोमा ०८१/८२ मा ३,६५६ र आव ०८०/८१ मा अपहरण १४५ रहेकोमा ०८१/८२ मा १४२ देखिएको छ।

यस्तै, बैंकिङ कसुरतर्फ ०८१/०८२ मा उपत्यकामा ८,०८०, मधेशमा १,२७८, कोशीमा १,२५३, लुम्बिनीमा ८८२, गण्डकीमा ८०६, बागमतीमा ७९८, सुदूरपश्चिममा ४४३ र कर्णालीमा २९७ अपराध दर्ता भएका छन्।

प्रहरीले अपराध घट्नुमा प्रहरीको सक्रियता मुख्य कारण रहेको बताएको छ। डिआइजी घिमिरेले भने, 'मेजर किसिमका अपराध घटेका छन्। यसको कारण प्रहरीको सक्रियता नै हो। जस्तो विगत वर्षमा आत्महत्याका घटना धेरै हुन्थे। यस वर्ष हामीले आत्महत्याविरुद्धका अभियान देशव्यापी चलायौँ। यस्तै अभियान अन्य प्रकृतिका अपराधमा चलायौँ, जसको परिणाम देखियो।'

सुरक्षाविद् तथा नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल पनि अपराध घट्नुमा प्रहरीको सक्रियतालाई नै मुख्य कारण ठान्छन्। 'तथ्यांकले केही मेजर अपराध घटेको देखाउँछ। यसो हुनुमा प्रहरीले चलाएको अपराधविरुद्धको अभियान नै मान्नुपर्छ,' उनले भने, 'अर्को लागुऔषधजस्ता अपराध बढेका छन्। यसमा ट्रेन्डलाई हेर्नुपर्छ। अनि मात्रै यसको जरासम्म पुग्न सक्छौँ।'

लागुऔषध कसुर बढ्यो

नेपाल प्रहरीको तथ्यांकअनुसार लागुऔषधसँग सम्बन्धित कसुर भने बढेको छ। तथ्यांकअनुसार आव ०८०/८१ मा यो कसुरसँग सम्बन्धित मुद्दा चार हजार ३९८ मात्रै दर्ता भएका थिए। तर, आव ०८१/८२ मा ६६३ ले बढेर पाँच हजार ६१ पुग्यो। अर्थात् यो अपराध विगत वर्षको तुलनामा १५.०७ प्रतिशतले बढ्न पुग्यो। त्यस्तै, आव ०८०/८१ मा साइबर अपराधसँग सम्बन्धित कसुर २५५ मात्रै भएका थिए। आव ०८१/८२ मा यो संख्या २९१ पुग्यो। विगत वर्षको तुलनामा यो कसुर १४.११ ले बढ्न पुग्यो। यस अवधिमा मानव बेचबिखनसँग सम्बन्धित कसुर भने ०.६६ प्रतिशतले बढ्न पुग्यो। आव ०८०/८१ मा मानव बेचबिखन १५१ रहेकोमा ०८१/८२ मा १५२ पुगेको छ।

सबैभन्दा धेरै अपराध उपत्यकामा

नेपाल प्रहरीको तथ्यांकअनुसार सबैभन्दा धेरै अपराध काठमाडौं उपत्यकामा हुने गरेको देखिएको छ। आव ०८१/८२ मा मुलुकभर ५८ हजार ४७२ अपराधका घटना दर्ता भए। जसमध्ये १६ हजार ५७५ अपराध काठमाडौं उपत्यकामा दर्ता भए। यो कुल दर्ता भएका अपराधको २८.३४ प्रतिशत हो। त्यसपछि सबैभन्दा धेरै अपराध मधेश प्रदेशमा भएका छन्। यस प्रदेशमा आव ०८१/८२ मा नौ हजार ५९९ कसुर दर्ता भए। यो कुल अपराध संख्याको १६.४१ प्रतिशत हो। त्यस्तै, यस अवधिमा कोशी प्रदेशमा कुल अपराध संख्याको १६.१८ प्रतिशत (९,४६१), लुम्बिनीमा १२.७६ प्रतिशत (७,४६६), गण्डकीमा ७.०३ प्रतिशत (४,११५), बागमतीमा ९.१२ प्रतिशत (४,११५), सुदूरपश्चिम प्रदेशमा ६.७३ प्रतिशत (३,९३६) र कर्णालीमा ३.३९ प्रतिशत (१,९८७) घटना दर्ता भएका छन्।

भूमि विधेयक पुनर्लेखन गर्न माग

घरजग्गा व्यवसायीलाई हदबन्दीभन्दा बढीको जग्गा बेच्न दिने, सुकुम्वासी र भूमिहीनका नाममा भूमाफिया र कार्यकर्तालाई जग्गा बाँड्ने, कृषि क्षेत्रको जग्गा पनि प्लटिङ गरेर बेच्नेलगायतका नियत साथ आएको विधेयक व्यापक परिमार्जन गर्नुपर्ने सांसदहरूको आवाज

कमलराज भट्ट/नयाँ पत्रिका

सांसदहरूले घरजग्गा व्यवसायीलाई हदबन्दीभन्दा बढीको जग्गा बेच्न दिने, सुकुम्वासी र भूमिहीनका नाममा भूमाफिया र कार्यकर्तालाई जग्गा बाँड्ने, कृषि क्षेत्रको जग्गा पनि प्लटिङ गरेर बेच्नेलगायतका नियत साथ आएको विधेयक व्यापक परिमार्जन गर्नुपर्ने माग गरेका छन्। प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा थालेको छलफलमा विभिन्न दलका सांसदहरूले व्यापक परिमार्जनमा जोड दिएका छन्।

आइतबार संशोधनकर्तालाई बोलाएर समितिले छलफल गरेको हो। कांग्रेस र विपक्षीको अडानले समितिमा आएको विधेयकमा आइतबारदेखि छलफल सुरु भएको हो। पहिलो दिन १५ जना संशोधनकर्ताले आफ्नो संशोधन प्रस्ताव समितिमा प्रस्तुत गरेका थिए। सरकारले दुईपटक विधेयक सदनबाटै फास्ट ट्र्याकमा पारित गर्न खोजे पनि सत्तासाझेदार कांग्रेसको असहमतिबिच प्रतिनिधिसभाले ८ साउनमा समितिमा पठाएको थियो। अध्यादेशबाट कानुन बनाउने प्रयास असफल भएपछि सरकारले २३ वैशाखमा प्रतिनिधिसभामा दर्ता गरेको विधेयकमा ५५ वटा संशोधन परेको छ। विधेयकमार्फत सरकारले भूमि ऐन, २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ र वन ऐन, २०७६ का केही प्रावधान गर्न खोजेको छ।

विधेयकको दफा १२ (छ) मा 'घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ' भनिएको छ।

माओवादी प्रमुख सचेतक हितराज पाण्डे विधेयकमा उल्लेखित सूचित आदेशबाट भन्ने शब्द हटाउनुपर्ने बताए। 'सूचित आदेशअनुसार जम्मै काम हुने भनेर मन्त्रिपरिषद्मा केन्द्रित गर्न खोजिएको छ। कसलाई त्यो सूचित आदेश दिनुपर्ने हो मन्त्रिपरिषद्ले निर्णय गर्छ। मन्त्रिपरिषद्ले गरेको निर्णय राजपत्रमा प्रकाशित गरेपछि त्यो ऐनबराबर भइहाल्यो। अनि त्यसको आधारमा लैजान खोजिएको छ। त्यसकारण यो शब्द यहाँ राख्नुहुँदैन। यदि सरकारलाई असजिलो परेको छ भने सूचित आदेशको सट्टा के परेको हो, त्यो ऐनमै लेखिनुपर्‍यो। यो सूचित आदेश शब्द हटाइनुपर्छ। यो शब्दमै खेल छ।' यो प्रावधानले निश्चित मान्छेहरूलाई फाइदा दिने हिसाबले सरकारले निर्णय गर्ने जोखिम रहेको उनले औँल्याए। पाण्डेले घरजग्गा व्यवसायबाहेक अन्य प्रयोजनलाई प्राप्त गरेको जग्गा बेच्न पाउने प्रावधान पनि आपत्तिजनक भएको बताए। पाण्डेले लिचीबारी जग्गा प्रकरणमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी मुछिएको विषय पनि समितिमा उठाए।

माओवादीकै विमला सुवेदीले सूचित आदेशको प्रयोगबाट सरकारलाई स्वेच्छाचारी बनाउन सक्ने र यसले भूमिहीन सुकुम्वासीलाई जग्गा पाउनबाट वञ्चित गर्न सक्ने खतरा औँल्याइन्। 'सूचित आदेशका नाममा सरकारले स्वार्थअनुकूल आदेश जारी गर्न सक्छ। यसले सरकारलाई स्वेच्छाचारी बनाउँछ र ऐन र नियमावलीभन्दा पनि सुचित आदेशका भरमा सरकारले भूमिसम्बन्धी कामहरू गर्छ,' उनले भनिन्। सुवेदीले विधेयकले संविधानको मर्म र समाजवादको भावनाविपरीत जग्गालाई अनुत्पादनशील बनाउने, घरजग्गा व्यवसायलाई प्रोत्साहन गर्ने र बिचौलियालाई फाइदा पुर्‍याउने बताइन्। 'घरजग्गा व्यवसाय गर्नेका लागि, बिचौलिया, भूमाफियाका लागि विधेयक आएको छ,' उनले भनिन्।

माओवादीकी सुशील श्रीपाली ठकुरीले ०७८ मा गिरीबन्धु टी इस्टेटको जग्गा सट्टापट्टा गर्ने ओली सरकारको निर्णय सर्वोच्चले कानुनविपरीत भन्दै उल्ट्याएपछि कानुनी वैधानिक दिन यो विधेयक आएको बताइन्। 'जनताको भावना र जननिर्वाचित भएर आएका माननीयज्यूहरूलाई निर्लज्जजस्तो जानी-जानी बेवकुफ बनाइँदै छ। यो दुःखद छ,' उनले भनिन्। माओवादीका सूर्यमान दोङ, दुर्गा राई, हितबहादुर तामाङ, रणेन्द्र बराली, ज्ञानु सुवेदी, शक्ति बस्नेतले केही बिचौलियालाई फाइदा गर्ने विधेयक आवश्यक नै नरहेको धारणा राखे।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सुकुम्वासी समस्या हल गर्न भूमि ऐनको आठौँ संशोधन र वन ऐन नै पर्याप्त रहेको भन्दै यो विधेयकको औचित्य नै नभएको बताए। 'यो विधेयक किन ल्याउनुपर्‍यो ? त्यही (आठौँ संशोधन)अन्तर्गत लाखौँ मान्छेलाई जग्गा बाँडिसक्या छ। प्रधानमन्त्रीजीले झापामा अस्ति लालपुर्जा बाँड्नुभयो। यो ल्याउनुपर्ने जरुरत नै थिएन,' उनले भने। सुकुम्वासीका नाममा जग्गा बाँडी नै रहेको भन्दै उनले हुकुम्वासी र पहुँचवालाले जग्गा पाइरहेको उल्लेख गरे। यादवले यो विधेयक संविधानको धारा १०९ र सर्वोच्च अदालतका दुईवटा संवैधानिक इजलासका फैसलाहरूको विपरीत रहेको जिकिर गर्दै अदालतमा पुग्यो भने बदर हुन सक्ने चेतावनी दिए।

यादवले तराई मरुभूमीकरण भइरहेका वेला विधेयक वन फँडानी गर्ने उद्देश्यले आएको भन्दै आपत्ति जनाए। 'वन फँडानी गरेर घरजग्गा व्यवसायीलाई दिने गरेर विधेयक आएको छ। वन फँडानी फौजदारी अपराध हो। अब वन फाँडेर बसेकोलाई जग्गा दर्ता गरिदियो भने वन फाँड्नलाई प्रोत्साहन हुन्छ,' उनले भने। वन ऐनअनुसार सरकारकै मातहत रहेको वन अहिले फेरि सरकारको नियन्त्रणमा ल्याउने भन्नु विरोधाभास रहेको पनि उल्लेख गरे। मध्यवर्तीको खाली जग्गामा जंगल लगाउनुपर्नेमा भूमाफियाको ध्यान कब्जा गर्ने मनसाय रहेको र प्रस्तावित कानुनले त्यसलाई प्रोत्साहित गर्ने उनको भनाइ थियो। जसपा नेपालकै प्रकाश अधिकारीले व्यक्ति मोटाउने गरी ल्याएको विधेयक फिर्ता हुनुपर्ने बताए।

लोसपाका रामप्रकाश चौधरीले विधेयकको औचित्य नभएकाले फिर्ता लिनुपर्ने धारणा राखे। उनले विधेयक जनताको हितभन्दा भूमाफियाको पक्षमा रहेको भन्दै उल्लेखित प्रावधान हटाउनुपर्ने आफ्नो संशोधन रहेको उल्लेख गरे।

एकीकृत समाजवादीका उपमहासचिव प्रकाश ज्वालाले विधेयकमा खोट रहेको बताए। अदालतको फैसलालाई बेवास्ता गरेर आएको विधेयक जस्ताको तस्तै गए फेरि खारेज हुने चेतावनी दिए। संविधानका सर्त, भावना र अदालतका फैसलालाई ध्यानमा राख्नुपर्ने उनको भनाइ थियो। उनले भूमि विधेयकमा हतारो किन भनेर प्रश्न गरे। 'जस्ताको तस्तै पास हुनु भनेको कलंकको टीका लगाउनु, भूमाफिया पोस्नु हो,' उनले भने, 'यो विधेयक यसरी ल्याउने नै होइन। साँच्चिकै भूमिहीन र सुकुम्वासीका लागि हो भने एकीकृत ऐन ल्याउन सकिन्छ। यसरी टुक्राटाक्री घुसाएर ल्याउनुको नियत ठिक छैन। सरकारले फिर्ता लिनु उत्तम हुन्छ।' उनले सुकुम्वासी र भूमिहीनलाई जग्गा दिने भनेर घर बनाएर बिक्री गर, धनी होऊ भन्ने विधेयक ल्याउनु ठिक नभएको जिकिर गरे।

एकीकृत समाजवादीकै शेरबहादुर कुँवरले अध्यादेशको असफलतापछि विधेयक फास्ट ट्र्याकमा अगाडि बढाउने प्रयत्नले राम्रो नियत छैन भन्ने देखाएको बताए। '०७२ मा गिरीबन्धु टी इस्टेट जग्गा सट्टाको विषय आयो। त्यो त्यतिकै पनि तुहिएर गयो र ०७६ सालमा यसलाई संशोधन गर्ने विधेयक आयो। त्यतिवेला पनि रस्साकस्सीबिच त्यो विधेयक पारित भयो र ०७८ सालमा त्यो विधेयकमा टेकेर गिरीबन्धु टी इस्टेटको जग्गा सट्टाबट्टा गर्ने गरी सरकारले निर्णय गर्‍यो। गर्नुपर्ने सुकुम्वासी र दलितहरूलाई जग्गा वितरण हो। तर, काम के हुन थाल्यो भने भेस्टेट इन्ट्रेस्ट। गिरीबन्धु टी इस्टेटलगायतका त्यस्ता महत्त्वपूर्ण जग्गाहरूमा गरिएका बैनाबट्टा पनि अब ढिलो भयो कि, बैनाबट्टा गर्नेले दबाब दिएको हो कि, ती कुराहरू पनि चर्चामा आएका छन्। यो के हो यो समयले भविष्यमा आउने घटनाक्रमले देखाउनेछ। तर, विधेयकमा शंकाको घेरामा छ,' उनले भने। अहिले पनि १५६ वटा कम्पनीले अवैध हदबन्दीभन्दा बढीको जग्गा राखेको र त्यसको नियमन गर्न नसकेको उनले उल्लेख गरे।



सूचित आदेशअनुसार जम्मै काम हुने भनेर मन्त्रिपरिषद्मा केन्द्रित गर्न खोजिएको छ। कसलाई त्यो सूचित आदेश दिनुपर्ने हो मन्त्रिपरिषद्ले निर्णय गर्छ। सरकारलाई असजिलो परेको छ भने सूचित आदेशको सट्टा के परेको हो, त्यो ऐनमै लेखिनुपर्‍यो।

● **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी



यो विधेयक किन ल्याउनुपर्‍यो ? त्यही (आठौँ संशोधन)अन्तर्गत लाखौँ मान्छेलाई जग्गा बाँडिसक्या छ। प्रधानमन्त्रीजीले झापामा अस्ति लालपुर्जा बाँड्नुभयो। यो ल्याउनुपर्ने जरुरत नै थिएन।

● **उपेन्द्र यादव**, अध्यक्ष, जसपा नेपाल



यो विधेयक यसरी ल्याउने नै होइन। साँच्चिकै भूमिहीन र सुकुम्वासीका लागि हो भने एकीकृत ऐन ल्याउन सकिन्छ। यसरी टुक्राटाक्री घुसाएर ल्याउनुको नियत ठिक छैन। सरकारले फिर्ता लिनु उत्तम हुन्छ।

● **प्रकाश ज्वाला**, उपमहासचिव, एकीकृत समाजवादी

■ मिडिया काउन्सिल विधेयक

विद्यमान कानुनभन्दा पनि प्रतिगामी : सञ्चारविज्ञ

नयाँ पत्रिका

संसद्मा छलफलमा रहेको मिडिया काउन्सिल विधेयक हालको व्यवस्थाभन्दा भनै सरकार नियन्त्रित हुने गरी ल्याउन खोजिएको भन्दै सञ्चार क्षेत्रसँग आबद्ध सरोकारवाला विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा आइतबार भएको छलफलमा उनीहरूले राष्ट्रिय सभाबाट पारित भएअनुसारकै विधेयक विनासंशोधन अघि बढाए मान्य नहुने चेतावनीसमेत दिए।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष विपुल पोखरेलले राष्ट्रिय सभाबाट पारित विधेयक प्रतिगामी रहेको र विनासंशोधन अघि बढाइए आन्दोलनमा उत्रिने चेतावनी दिए। 'मिडिया काउन्सिल अर्धन्यायिक निकाय हो। यसले दैनिक पाँचदेखि ६ वटा उजुरी फर्स्यौट गर्नुपर्छ। त्यसो हुँदा यो राज्यको नियन्त्रणभन्दा अलग रहनुपर्छ। यही विषयलाई लिएर सरकारसँग पटक-पटक छलफल चलायौँ। सडकबाट संघर्ष पनि गर्‍यौँ,' उनले भने, 'पछि सञ्चार मन्त्रालयले डा. सुरेश आचार्यको संयोजकत्वमा सुझाव समिति गठन गर्‍यो। त्यसवेला पनि सोही किसिमका सुझाव दियौँ। तर, विधेयक अहिले कार्यान्वयनमा रहेको ऐनभन्दा पनि नियन्त्रणमुखी देखियो। विधेयक विनासंशोधन अघि बढ्ने हो भने पत्रकार आन्दोलनमा उत्रिनेछन्।'

पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँलेले राष्ट्रिय सभाबाट पारित विधेयक जस्ताको तस्तै अघि बढ्दा मिडिया काउन्सिल स्वायत्त नभई सरकारमातहत रहने छलफलमा सुझाव दिए। 'राष्ट्रिय सभाबाट पारित भएर आएको मिडिया काउन्सिलसँग सम्बन्धित विधेयक जस्ताको तस्तै पारित भए यो स्वायत्त प्रकृतिको रहँदैन। यो सरकारमातहत जान्छ। यस्तो काउन्सिलमार्फत मिडियामाथि हात हाल्न सरकारलाई सजिलो बनाउँछ। सरकारले खोजेर ल्याएको व्यक्ति काउन्सिलको अध्यक्ष हुनुहुँदैन,' उनले भने।

त्रिभुवन विश्वविद्यालय पत्रकारिता विभागका उपप्राध्यापक डा. जगत नेपालले पनि विधेयक प्रतिगामी प्रकृतिको रहेको उल्लेख गरे। उनले काउन्सिललाई सरकारमातहत राख्ने गरी राष्ट्रिय सभाबाट पारित विधेयकले संविधानले ग्यारेन्टी गरेको प्रेस स्वतन्त्रतालाई खारेज गर्ने धारणा राखे। 'मिडिया काउन्सिल मुलुकभर दर्ता भएका सञ्चारमाध्यमलाई नियमन गर्ने निकाय हो। संसारमा यस्तो निकायको गरिमा उच्च हुन्छ। यस्तो निकाय सरकारबाट अलग रहन्छन्। तर, हामीकहाँ सञ्चार मन्त्रालयको एउटा विभागजस्तो बनाउन खोजियो। यो प्रावधानले संविधानले दिएको प्रेस स्वतन्त्रतालाई सम्बोधन गर्दैन। विधेयकमा रहेको अहिलेको प्रावधान संशोधन गरिनुपर्छ,' उनले भने।

विशेषगरी मिडिया काउन्सिलको नेतृत्व नियुक्तिसम्बन्धी विधेयकमा राखिएको प्रावधानलाई लिएर सञ्चारविज्ञले प्रश्न उठाएका थिए। विधेयकमा काउन्सिलको अध्यक्ष मन्त्रालयका सचिवले गरेको सिफारिसका आधारमा सरकारले नियुक्त गर्ने भनिएको थियो। विधेयकको दफा ६ को उपदफा २ मा भनिएको थियो, 'उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष र खण्ड (घ) र (ङ) बमोजिमका सदस्य नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य एकजना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव रहने गरी तीन सदस्यीय सिफारिस समिति रहनेछ।'

अध्यक्षका लागि आवश्यक योग्यता भने सर्वोच्च अदालतको न्यायाधीश वा पत्रकारिता क्षेत्रमा कम्तीमा १५ वर्ष अनुभव हासिल गरेको व्यक्ति भनिएको थियो। यदि अध्यक्ष पदमुक्त भए रिक्त अवधिसम्मका लागि काउन्सिलको नेतृत्व मन्त्रालयका सहसचिवले गर्ने भनिएको थियो। विधेयकको दफा १४ को (२) मा भनिएको थियो, 'उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा दफा १५ बमोजिम अध्यक्ष नियुक्ति नभएसम्मका लागि कार्यवाहक अध्यक्षकोरूपमा दफा ६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यले बैठक बोलाउनेछ र सो बैठकको अध्यक्षता गर्नेछ।'

राष्ट्रिय सभाले सोही विधेयकलाई जस्ताको तस्तै पारित गरेपछि सञ्चार क्षेत्र असन्तुष्ट बनेको हो। सञ्चारविज्ञ डा. रघु मैनालीले राष्ट्रिय सभाबाट पारित विधेयकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मान्यतालाई आत्मसात् नगर्ने बताए। 'संसारभर मिडिया काउन्सिलको गरिमा उच्च हुन्छ। किनकि यसले प्रेस र अभिव्यक्ति स्वतन्त्रतालाई ध्यानमा राखेर मिडियासँग सम्बन्धित मुद्दाको नियमन गर्नुपर्छ। तर, अहिलेको विधेयकअनुसार काउन्सिललाई सहसचिव र सूचना विभागको डाइरेक्टरले चलाउने जस्तो देखियो,' उनले भने। समितिको छलफलमा पत्रकार महासंघका पूर्वअध्यक्ष गोविन्द आचार्य, डा. घमराज लुइँटेल, डा. श्रीराम पौडेल, ऋषिकेश दाहाललगायत सहभागी थिए। समितिका सभापति अम्मरबहादुर थापाले काउन्सिल विधेयक छलफलमा सञ्चारविज्ञबाट आएको सुझाव सकारात्मक रहेको बताए।

● **शिव गाउँले**, पूर्वअध्यक्ष, पत्रकार महासंघ



राष्ट्रिय सभाबाट पारित भएर आएको मिडिया काउन्सिलसँग सम्बन्धित विधेयक जस्ताको तस्तै पारित भए यो स्वायत्त प्रकृतिको रहँदैन। यो सरकारमातहत जान्छ। यस्तो काउन्सिलमार्फत मिडियामाथि हात हाल्न सरकारलाई सजिलो बनाउँछ।

● **विपुल पोखरेल**, पूर्वअध्यक्ष, पत्रकार महासंघ



मिडिया काउन्सिल अर्धन्यायिक निकाय हो। यो राज्यको नियन्त्रणभन्दा अलग रहनुपर्छ। विधेयक अहिले कार्यान्वयनमा रहेको ऐनभन्दा पनि नियन्त्रणमुखी देखियो। विधेयक विनासंशोधन अघि बढ्ने हो भने पत्रकार आन्दोलनमा उत्रिनेछन्।

● **डा. जगत नेपाल**, उपप्राध्यापक, त्रिवि



मिडिया काउन्सिललाई सञ्चार मन्त्रालयको एउटा विभागजस्तो बनाउन खोजियो। यो प्रावधानले संविधानले दिएको प्रेस स्वतन्त्रतालाई सम्बोधन गर्दैन। विधेयकमा रहेको अहिलेको प्रावधान संशोधन गरिनुपर्छ।


संक्षेप

सबै मिलेर समृद्ध डिजिटल नेपाल निर्माणमा लागौँ : देउवा




काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले सबै मिलेर प्रविधिमैत्री समृद्ध डिजिटल नेपाल निर्माणको अभियानमा लाग्नुपर्ने बताएका छन्। पार्टीको केन्द्रीय विज्ञान तथा सूचना प्रविधि विधागले आइतबार आयोजना गरेको कृत्रिम बुद्धिमता (एआई)को उपयोगसम्बन्धी सम्मेलनमा उनले विज्ञान तथा सूचना प्रविधि क्षेत्रमा देखिएका समस्याको नजिकबाट पहिचान गरेर कांग्रेसले समाधानका लागि पहल लिने प्रतिबद्धता व्यक्त गरे। देउवाले एआईको प्रयोग अपरिहार्य आवश्यकता भइसकेकाले यसबाट नेपालले धेरै ठुलो उपलब्धि हासिल गर्न सक्ने बताए। 'आजको समय नै सूचना र सञ्चारको हो। हामी पनि एआई प्रयोग गर्दै अगाडि बढिरहेका छौँ। कृत्रिम बुद्धिमताको प्रयोगबाट देशले धेरै ठुलो उपलब्धि हासिल गर्न सक्छ। एआई भविष्यको सपना होइन, वर्तमानको आवश्यकता भएको छ,' उनले भने, 'शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, रोजगारी सिर्जना, सार्वजनिक सेवा प्रवाहमा यसको प्रभावकारी रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता छ।' कांग्रेस नेता डा. मीनेन्द्र रिजालसहित सूचना प्रविधिसँग सम्बन्धित विज्ञहरूले यसको उपयोग र सम्भावनाबारे धारणा राखेका थिए।

मोर्चाको नेतृत्वबारे प्रचण्ड-नेपालबिच छलफल



काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबिच भेटवार्ता भएको छ। प्रचण्डनिवास खुमलटारमा भएको भेटवार्तामा विकसित राजनीतिक परिस्थितिबारे छलफल भएको छ। 'समसामयिक विषयमा छलफल भयो,' एकीकृत समाजवादीका नेता आलोक रायमाझीले भने, 'बाहिर हल्ला भएजस्तो पार्टी एकताको विषयमा छलफल भएको होइन।' समाजवादी मोर्चालाई प्रभावकारी बनाउने विषयमा समेत दुई अध्यक्षबिच छलफल भएको छ। समाजवादी मोर्चाको बैठक आगामी मंगलबार बस्ने गरी बोलाइएको छ। हाल मोर्चाको संयोजक नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लव छन्। त्यसअघि एकीकृत समाजवादीका अध्यक्ष नेपाल मोर्चाको संयोजक थिए। मोर्चाको नेतृत्व आलोपालो गर्ने सहमति छ। माओवादी महासचिव देव गुरुङले आवश्यकताअनुसार मोर्चाको नेतृत्व परिवर्तन हुने बताए।

नागरिक उन्मुक्तिभित्रको विवाद उत्कर्षमा



धनगढी/ नागरिक उन्मुक्ति पार्टीभित्र अध्यक्ष रञ्जिता श्रेष्ठ र उनका पति पार्टीका संरक्षक रेशमलाल चौधरी पक्षबिचको विवाद उत्कर्षमा पुगेको छ। आन्तरिक विवाद चर्कंदै गएपछि भ्रष्टाचार काण्डमा मुछिएको विषयलाई लिएर रेशम पक्षले रञ्जितालाई अध्यक्षबाटै हटाउन खोजेको छ। बहुमत संस्थापक सदस्यहरू विपक्षमा उभिएपछि श्रेष्ठले भने पार्टीका वरिष्ठ नेता शिव बास्तोलालाई आइतबार कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएकी छिन्। काठमाडौंमा आइतबार बसेको संस्थापक बहुमत केन्द्रीय सदस्यको बैठकले रञ्जितालाई २४ घण्टाभित्र जवाफ दिन भन्दै स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। पार्टी केन्द्रीय समितिलाई अनिर्णयको बन्दी बनाएको र कास्कीको लिचीबारीको जग्गा हिनामिनाका लागि भएको घुस डिलमा मुछिएकोबारे स्पष्टीकरण सोध्ने निर्णय बैठकले गरेको नागरिक उन्मुक्तिका संस्थापक केन्द्रीय सदस्य रामलाल डगौरा थारूले बताए।

विदेशी मुद्राको अवैध कारोबार गर्ने तीनजना ७६ लाखसहित पक्राउ

कास्की/ अवैध रूपमा विदेशी मुद्रा कारोबारमा संलग्न रहेको आरोपमा प्रहरीले तीनजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय, कास्कीले आइतबार पत्रकार सम्मलेन गर्दै उनीहरूलाई सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा रुपन्देहीको सिद्धार्थनगर नगरपालिका- १३, हाटबजारका रेस्टुरेन्ट सञ्चालक महुमुदिन एम अहमद छन्। उनलाई प्रहरीले शनिबार पक्राउ गरेको थियो। अहमदसँग सोधपुछपछि प्रहरीले पोखरा महानगरपालिका- ६, बैदामस्थित हिलारी मनी एक्सचेन्जका सञ्चालक राजकुमार बुढाथोकी र पोखरा- १९, पुरनचौरस्थित सगरमाथा मनी एक्सचेन्जका सञ्चालक खेमराज पौडेललाई शनिबारै पक्राउ गरेको कास्कीका प्रहरी प्रमुख श्यामबाबु ओलियाले जानकारी दिए। उनीहरूको साथबाट नेपालीसँगै अमेरिकी डलर र युरो गरी ७५ लाख ९६ हजार नौ सय रुपैयाँ प्रहरीले बरामद गरेको छ। पोखरा महानगरपालिका- १७ स्थित पार्दी बिरौटामा अवैध रूपमा विदेशी मुद्रा कारोबार भइरहेको सूचना पाएसँगै प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

एक वर्षमा अख्तियारले दायर गर्‍यो १३७ मुद्दा, २५१ मा पुनरावेदन

काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १३७ भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरेको छ। गत आर्थिक वर्ष ०८१/८२ मा अख्तियारले भ्रष्टाचारसम्बन्धी विभिन्न कसुरमा विशेष अदालतमा मुद्दा दायर गरेको हो। वार्षिक समीक्षा प्रतिवेदनअनुसार एक वर्षको अवधिमा गत असारसम्ममा अख्तियारले २५१ मुद्दामा सर्वोच्चमा पुनरावेदन गरेको छ। विशेषबाट फैसला भएका मुद्दामा चित्त नबुझेको अवस्थामा अख्तियारले सर्वोच्चमा पुनरावेदन जान्छ।

गत ८ र ९ गते अख्तियारले गत आवका आफ्ना क्रियाकलापबारे वार्षिक समीक्षा गरेको थियो। समीक्षा प्रतिवेदनअनुसार गत आवमा विभिन्न माध्यमबाट प्राप्त भएका र अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका समेत ३७ हजार २६ उजुरी कायम भएका थिए। २८ हजार ५९७ उजुरी विभिन्न माध्यमबाट प्राप्त भएका र आठ हजार ४२९ उजुरी अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका थिए। आयोगले आफ्नो वेबसाइट, लिखित निवेदन, इमेल, हुलाक, टेलिफोन, सामाजिक सञ्जाल, सञ्चारमाध्यम, राष्ट्रिय सतर्कता केन्द्र र हेलो सरकारबाट उजुरी ग्रहण गर्छ।

अख्तियारको समीक्षा प्रतिवेदनअनुसार गत आवमा कायम भएका उजुरीमा धेरै स्थानीय तहसँग सम्बन्धित छन्। स्थानीय तहअन्तर्गत १९ हजार ९३३ अर्थात् ५३.८४ प्रतिशत, संघीय सरकारअन्तर्गत १२ हजार ४७५ प्रदेश अर्थात् ३३.६९ प्रतिशत र चार हजार ६१८ अर्थात् १२.४७ प्रतिशत प्रदेशसँग सम्बन्धित उजुरी छन्।

गत आवमा छानबिन तथा अनुसन्धानबाट २९ हजार ७०३ उजुरी अख्तियारले फर्स्योट गरेको छ। यो कुल उजुरी संख्याका आधामा ८०.२२ प्रतिशत हो। बाँकी रहेका सात हजार ३२३ उजुरीको जिम्मेवारी चालू आवमा सरेको छ। गत आवमा प्राप्त भएका उजुरीमध्ये ६ हजार ७१५ उजुरीमा कारबाहीका लागि विभिन्न निकायमा लेखेर पठाइएको छ भने ५८६ उजुरी सुझावसहित कार्यान्वयनका लागि पठाइएको अख्तियारले जनाएको छ। गत आवमा अख्तियारले १३७ मुद्दा विशेष अदालतमा दायर गरेको छ। ती मुद्दामा कुल ७५३ जनालाई प्रतिवादी कायम गरिएको थियो। प्रतिवादीबाट पाँच अर्ब ९७ करोड ७३ लाख आठ हजार ८३८ रुपैयाँ बिगो मागदाबी अख्तियारले गरेको छ। अख्तियारले मुद्दा दायर गरेकामा ३७ उजुरी घुस/रिसवतसँग, ३६ गैरकानुनी लाभहानि, २७ मुद्दा नक्कली प्रमाणपत्रसम्बन्धीका छन्।

खडेरीले ग्रस्त सिराहामा एउटा खानेपानी आयोजना सुचारु, दुईवटा सञ्चालनको तयारी

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको धनगढीमाई नगरपालिकाको थटियामा खानेपानी आयोजना सञ्चालनमा आएको छ। थटिया गाउँदेखि उत्तरतर्फ रहेको आयोजना स्थलपरिसरमा जीर्ण रहेको सोलार प्लान्ट मर्मत, विद्युत् ट्रान्सफर्मर खरिद र जडानपछि तत्कालका लागि दुईमध्ये एक बोरिङ सञ्चालन गरी पानी वितरण थालिएको राजविराजस्थित खानेपानी तथा सरसफाइ डिभिजन प्रमुख विश्वनाथप्रसाद यादवले बताए। खडेरीका कारण खानेपानी अभाव भइरहेका वेला आयोजना सञ्चालनले चार सय घरपरिवारलाई राहत भएको खानेपानी आयोजना उपभोक्ता समितिका अध्यक्ष लक्ष्मण महतोले बताए।

आव ०७०/७१ देखि सुरु गरिएको यो खानेपानी आयोजनाको ०८० को दसैँमा विद्युतीय ट्रान्सफर्मर नै चोरी भएको थियो भने खानेपानी तथा ढल निकास विभागको बजेटमा जडान गरिएको सोलार प्लान्टसमेत जीर्ण बन्दै गएका वेला डिभिजनको थप बजेटमा खानेपानी आयोजना सञ्चालन हुँदा खडेरीमा सहज भएको धनगढीमाई- १२ का वडाध्यक्ष जयप्रकाश ठाकुरले बताए। उनका अनुसार आयोजनाअन्तर्गत १२-१२ इन्चको दुई थान बोरिङ, २५० घनमिटर क्षमताको ओभरहेड ट्यांकी, कार्यालय र आवास भवन निर्माण गरिएको छ। धनगढीमाई- ९, चैनपुरस्थित 'धनगढी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति'मार्फत १४ वर्षअघि थालिएको आयोजना सञ्चालनका लागि धमाधम पाइप बिछ्याउने काम भइरहेको छ। आव ०६८/६९ देखि थालिएको खानेपानी आयोजना अलपत्र रहेको र खडेरीले संकट बढ्न थालेपछि वडा कार्यालयको बजेटमा खन्ने र पुर्ने तथा डिभिजनले उपलब्ध गराएको पाइप बिछ्याउने काम भइरहेको वडाध्यक्ष प्रकाश योञ्जनले बताए। उनका अनुसार वडाअन्तर्गत पर्ने चैनपुर, मुसहर्निया, महुवा डाँडा र जिरोमाइलसम्म वडाको बजेटबाट पाइप बिछ्याउने लक्ष्य छ। आयोजना सुरु भएको १४ वर्षको अवधिमा आयोजना स्थलको बाउन्ड्री, साढे चार लाख लिटर क्षमताको ओभरहेड ट्यांकी निर्माण, बोरिङ, विद्युतीकरणका लागि पोलिङसहितको काम गरिएको समितिका सकिल अख्तरले बताए। त्यस्तै, करिब आठ वर्षदेखि अलपत्र रहेको धनगढीमाई- १३, भोर्लेनीस्थित विष्णुपुरकट्टी खानेपानी सरसफाइ उपभोक्ता समितिअन्तर्गतको खानेपानी आयोजना सञ्चालनका लागि पाइप बिछ्याउने काम भइरहेको वडाध्यक्ष सूर्यमान तामाङले बताए।



बिजुली अनियमित, पानीका लागि जेनेरेटरको भर

लामो समयदेखिको खडेरीले मध्य बर्खामा गाउँमा रहेका चापाकल, धारामा पानी सुक्न थालेपछि सिराहाको गोलबजार नगरपालिका- १०, चोहर्वा कुर्मीटोलका बासिन्दा छिमेकीको जेनेरेटरले तानेको पानीको भर पर्न बाध्य भएका छन्। खडेरीका वेला पानीको स्रोत सुक्न थालेसँगै पानीको अभाव हुन थालेपछि स्थानीय करिब ३७ वर्षीय कमलेश रायले आफ्नै घरको जेनेरेटरले पानी तानेर गाउँका करिब डेढ सय घरधुरीलाई खुवाउन थालेका छन्। 'गाउँमा खानेपानीको चापाकल, इनारमा समेत पानी सुक्न थालेपछि आफ्नै प्रयोजनका लागि निजी खर्चमा गाडेको बोरिङको पानी तानेर गाउँलेलाई खुवाउन थालेको छु,' उनले भने, 'हरेक दिन बिहान-बेलुका तीन-तीन घण्टा जेनेरेटर चलाएर पानी वितरण गरिरहेको छु।' बिजुली नियमित हुँदा हरेक घरमा रहेको विद्युतीय मोटरबाट पानी तानेर काम चलाउन सकिने भए पनि बिजुली नै अनियमित भएकाले समस्या चर्किंदै गएको उनले बताए। 'बिजुली आए पनि भोल्टेज नपुग्ने हुनाले दैनिक करिब एक हजार पाँच सय रुपैयाँ खर्च गरेर किनेको डिजेल हालेर खानेपानीका लागि जेनेरेटर चलाउँदै आएको छु,' उनले भने।

चर्को गर्मीमा विद्युत् कटौती हुँदा सर्वसाधारणलाई सास्ती

धनगढीमा **तेजराज भट्ट**

कैलालीमा उखर्माउलो गर्मीले जनजीवन प्रभावित भइरहेका वेला विद्युत् अनियमित हुँदा सर्वसाधारणले थप सास्ती खेप्नुपरेको छ। धनगढी वितरण केन्द्रअन्तर्गत कुनै-कुनै क्षेत्रमा दैनिक चार-पाँच घण्टासम्म विद्युत् कटौती हुने गरेको छ। सातायता विद्युत् अनियमित झन् बढेको छ। धनगढी-अत्तरिया प्रसारणलाइनमा समस्या देखिएपछि शनिबार राति १०:५५ देखि आइतबार बिहान २:३० बजेसम्म वितरण केन्द्रअन्तर्गत पूरै क्षेत्रमा विद्युत् अवरुद्ध भएको थियो। धनगढी तथा आसपासका विभिन्न क्षेत्रमा शुक्रबार रातभर पनि विद्युत् अवरुद्ध थियो।

'गर्मी खपिसक्नु छैन। यस्तो वेला झन् लोडसेडिङ नहुनुपर्ने हो,' धनगढी उपमहानगरपालिका- १७ का विनोद चौधरीले भने, 'रातभर बत्ती हुँदैन, दिउँसोको समयमा पनि त्यस्तै हो। यस्तो गर्मीमा बत्ती नभई कसरी बस्ने ?' करिब एक सातायता विद्युत् कटौती झन् बढेको उनले सुनाए। अघोषित लोडसेडिङले सास्ती खेप्नुपरिरहेको धनगढीका अर्का स्थानीय सन्तोष कुँवरले बताए। उनले प्राधिकरणबाट विद्युत् जाने र आउने जानकारीसमेत नहुने गरेको गुनासो गरे। 'धनगढीमा अघोषित लोडसेडिङ भइरहेको छ। गर्मीले बेहाल भएको छ,' उनले भने, 'बत्ती के कारणले गएको हो र कति वेला आउँछ भनेर सोध्न खोज्दा विद्युत् कार्यालयमा फोन लाग्दैन।' हावाहुरी चल्दा र पानी पर्दा विद्युत् प्रायः अवरुद्ध हुने गरेको छ।

लामो समयपछि शनिबार राति परेको पानीले केही राहत भएको छ, तर गर्मी घटेको छैन। धनगढीका अधिकांश ठाउँमा बिहीबार रातभर बत्ती थिएन। चर्को गर्मीमा रातभर विद्युत् कटौती भएपछि धनगढीका विभिन्न ठाउँका बासिन्दा शुक्रबार बिहान नेपाल विद्युत् प्राधिकरण धनगढी वितरण केन्द्र पुगेका थिए। उनीहरूले विद्युत् नियमित गर्न प्राधिकरणसँग माग गरे। आइतबार पनि स्थानीय बासिन्दा विद्युत् नियमित गर्न माग गर्दै प्राधिकरणको धनगढी वितरण केन्द्र पुगेका थिए। विद्युत् अनियमित भइरहे पनि प्राधिकरणले लोडसेडिङको तालिका भने सार्वजनिक गरेको छैन। प्राधिकरणले भने लोडसेडिङ नभएर प्राविधिक कारणले विद्युत् अनियमित भइरहेको जनाएको छ।

सातबुँदे सम्झौताको आलोकमा गठबन्धन सरकार

एक वर्षमा सरकारले रवि लामिछानेलाई खेद्नु र आफ्नो गठबन्धन बचाइराख्नुबाहेक योचाहिँ गज्जब काम गर्‍यो है भनेर देखाउनलायक केही छैन



● प्रा. कृष्ण पोखरेल

अग्रलेख

विषय प्रवेश : यही असारमा एमाले र नेपाली कांग्रेसमाझ भएको सातबुँदे सम्झौता र त्यसका आधारमा एमाले अध्यक्ष केपी ओलीको प्रधानमन्त्रीत्वमा बनेको गठबन्धन सरकारले वर्ष दिन पूरा गरेको छ। यो वर्ष दिनमा वर्तमान संयुक्त सरकारले सम्झौतामा वाचा गरेका बुँदाहरू के-कति पूरा गर्‍यो, त्यसमा विहंगम दृष्टिपात गर्नु र यसका चुनौतीको चर्चा गर्नु यस आलेखको उद्देश्य हो। तर, त्यसो गर्नुअघि स्वयं सातबुँदे सम्झौताको अन्तर्वस्तु र त्यसको भित्री अभिप्रायबारे पनि चर्चा गर्नु आवश्यक देखिन्छ।

सातबुँदेको अन्तर्य : सातबुँदे सम्झौतामा यसबाट बन्ने सरकार राष्ट्रिय सहमतिको सरकार हुनेछ भनेर ६ पटक दोहोऱ्याइएको छ। सँगै यो नेपालको संविधानको धारा ७६(२) अनुसार बन्छ भनिएको छ। अब एकपटक यो धारालाई हेरौँ, जहाँ भनिएको छ- 'उपधारा (१) बमोजिम प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्न सक्नेछ।' ध्यान दिऊँ, संविधानको यो धाराका आधारमा राष्ट्रिय सहमतिको सरकार बन्दैन मात्र होइन, यसले राष्ट्रिय सहमतिको सरकार चिन्दैन पनि। त्यति मात्र कहाँ हो र ? यो धाराले संसदीय दलसमेत चिन्दैन। चिन्छ भने फगत 'दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्य'लाई मात्र चिन्छ। अतः एमाले-कांग्रेसको यो गठबन्धन सरकारलाई अरू जे भने पनि राष्ट्रिय सहमतिको सरकार भन्न मिल्दैन।

प्रश्न उठ्छ, आखिर संविधानको अमुक धाराले नचिन्ने आफ्नो सरकारलाई यो गठबन्धन सरकारले किन राष्ट्रिय सहमतिको सरकार भन्यो ? र वास्तवमा राष्ट्रिय सहमतिको सरकार के र कस्तो अवस्थामा बन्छ ? यथार्थमा कुनै पनि संसदीय शासन भएको मुलुकमा राष्ट्रिय सरकार त्यो वेला बन्छ जुन वेला त्यो मुलुक गम्भीर आर्थिक संकटमा हुन्छ अथवा मुलुक युद्धमा फसेको हुन्छ। सामान्य अवस्थामा कुनै संसदीय शासन भएको मुलुकमा राष्ट्रिय सहमतिको सरकार बन्दैन। प्रश्न उठ्छ, त्यसवेला के त्यस्तो गम्भीर राष्ट्रिय संकट आइपऱ्यो र एमाले र कांग्रेस राष्ट्रिय सहमतिको सरकारको जामा पहिरिन अग्रसर भए ? यथार्थमा यो गठबन्धन सरकार 'बेचन झा सिन्ड्रोम'को उपज हो। भुटानी शरणार्थीका नाममा नेपाली नागरिकलाई कुस्त रकम लिएर अमेरिका पठाउने राजनीतिक 'नेक्सस'का प्रमुख कडी मानिएका झा पत्राउ परेपछि र उनले पोल्दा यी दलका सुप्रिमो आफन्तका कारण राजनीतिक बरबादीको गर्तमा पुग्ने खण्ड आइपरेकाले घटनाक्रम हठात् यता मोडिएको मात्र हो।

संसदीय अभ्यासको भ्रष्टीकरण : संसदीय राजनीतिको प्रचलित अभ्यासलाई हेर्ने हो भने विसं ०७९ को आमनिर्वाचनको परिणामका आधारमा कि त संसद्को सबैभन्दा ठुलो दलको नाताले कांग्रेसको नेतृत्वमा या दोस्रो ठुलो दल एमालेको नेतृत्वमा अन्य साना दलको गठबन्धन सरकार बन्नुपर्थ्यो। तर, कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी ओलीकै जुँगाको लडाइँका कारण तेस्रो दल नेकपा (माओवादी)का नेता प्रचण्डको नेतृत्वमा पटक-पटक सरकार बन्यो, जसमा ठुला दल उनका पिछलग्गु बन्न तयार भए। यो गैरसंसदीय अभ्यासलाई सच्याउन जरुरी थियो। तर, सच्याउने नाममा जब कांग्रेस र एमालेजस्ता दुई ठुला दलले संयुक्त सरकार बनाए, त्यसले त झन् संसदीय अभ्यासको भ्रष्टीकरण नै गऱ्यो।

सातबुँदेको कबोल : प्रधानमन्त्री ओलीले २०८१ साउन ६ गते संसद्मा प्रस्तुत गरेको एमाले र कांग्रेसमाझ सम्पन्न सातबुँदे सम्झौताले मूलतः संविधान संशोधन, राजनीतिक स्थिरता, आर्थिक समुन्नति, मुलुकभित्रै पर्याप्त एवं सम्मानजनक रोजगारीको अवसरमा वृद्धि, राष्ट्रिय हित र विकासको लक्ष्य प्राप्त गर्नका लागि भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति, दुई वर्ष एमाले अध्यक्ष ओली प्रधानमन्त्री बन्ने र त्यसपछि विसं ०८४ को आमनिर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्ने, अन्य दलहरूलाई पनि सरकारमा सामेल गर्ने र यी दुई दलले प्रदेशहरूमा संघमा झैं सरकार गठन गर्ने कबोल गरेको थियो।

र यथार्थ : यो सरकारले संविधान संशोधनको मामिलामा अझसम्म सिन्को पनि भाँचेको छैन। आर्थिक समुन्नतिको मार्गमा यो एक वर्षमा कुनै उल्लेखनीय कार्य भएको देखिँदैन। जहाँसम्म मुलुकभित्रै सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्ने वाचा छ, त्यसमा सरकार पूरै असफल देखिएको छ। यो कुराको पुष्टि रोजिन्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वैदेशिक रोजगारीका लागि जाने युवाहरूको लर्कोले गरिरहेको छ।



भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूतिका मामलामा यो सरकारको अवस्था झनै लज्जास्पद छ। भिजिट भिसामा अरब मुलुक र युरोप जानेहरूसँग गृहमन्त्री रमेश लेखकको छत्रछायामा विमानस्थल अध्यागमनमार्फत दैनिक लाखौंको अवैध असुली, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र भूमि व्यवस्थामन्त्री बलराम अधिकारीको घुस प्रकरणको अडियो टेप र गुप्ताको राजीनामा, ऊर्जा, जलस्रोत र सिँचाइमन्त्री दीपक खड्काको स्वार्थमा द्वन्द्व हुने खालका क्रियाकलाप, सेबोनका अध्यक्ष सन्तोषनारायणको जलविद्युत्को सेयर निष्कासनमा मोलमोलाइ प्रकरण, स्वयं प्रधानमन्त्रीको भूमाफिया र बिचौलियाको पक्षमा लागेर भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयकलाई संसदीय समितिमा नलगी द्रुतमार्गबाट पारित गर्ने जिद्दीले भन्डाफोर गरेको छ। भूमाफियासँग प्रधानमन्त्रीको 'अगाध प्रेम' त भूमिसम्बन्धी अध्यादेशदेखि नै जारी थियो। लाग्छ यो गठबन्धन सरकार प्रधानमन्त्रीले होइन, बिचौलिया र माफियाले चलाइरहेछन्। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले प्रधानमन्त्रीको शयनागारसम्म बिचौलियाको पहुँच छ भनेर त्यसै भनेका होइनन् होला। सरकारमा बिचौलियाको पहुँचको अर्को ज्वलन्त उदाहरण नेपाल प्रहरीको नेतृत्वलाई थाहै नदिई बिचौलियाकै जोडबलमा सरकारको बजेटमा विवादास्पद पुरानो ठेक्काअनुसार तिनका लागि हतियार खरिद रकमको बन्दोबस्ती पनि हो।

> यो गठबन्धन सरकारका प्रमुख पार्टनरले आफूलाई समयमै सच्याएनन् र यही असफलताको 'रिपोर्ट कार्ड' लिएर मिसन चौरासीसम्म पुगे भने यिनका लागि परिणाम बिर्सनलायक नै हुनेछ

प्राथमिकता बिर्सेको सरकार : विदेश नीतिको मामिलामा पनि वर्तमान सरकारले दुई छिमेकीसँग सन्तुलित सम्बन्ध राख्न सकेको छैन। चीनसँग सम्झौता गर्ने, तर कार्यान्वयन नगर्ने र भारत त्यही सम्झौताका कारण बिच्किने अवस्था छ। यता मुलुकभित्र शिक्षासम्बन्धी विधेयक असरल्ल छ। संवैधानिक परिषद्सम्बन्धी ऐन जुन स्वरूपमा आएको छ, त्यसले त्यो संस्थाको औचित्यमाथि नै प्रश्न खडा गरिदिएको छ। सरकारको लाज ढाक्न राष्ट्रपतिले नै विधेयक पुनर्विचार गर्न संसद्मै फिर्ता पठाउनुपर्ने अवस्थासम्म आयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी विधेयक नीतिगत भ्रष्टाचारलाई त्यसमा समावेश गर्न सरकारको अनिच्छाका कारण समितिमै कचल्टिएर बसेको छ। नेपाल प्रहरीसम्बन्धी विधेयकको त कुरै नगरौं। बल्लतल्ल राज्यव्यवस्था समितिमा सहमति भएर प्रतिनिधिसभाबाट पारित संघीय निजामती सेवा विधेयकमा राखिएको 'कुलिङ पिरियड'मा विधायिकी अभिप्रायको विपरीत अर्थ राख्ने गरी भएको छेडखानीमा धुलो बस्न नपाउँदै राष्ट्रिय सभामा एमालेका सांसदहरूको 'कुलिङ पिरियड' हटाउने संशोधन प्रस्तावले स्वयं गठबन्धनको 'पार्टनर' कांग्रेसलाई पनि झस्काएको छ। यो परिघटनाले हिजो राज्यव्यवस्था समितिबाट प्रतिनिधिसभामा पेस हुँदाको मस्यौदामा कसको बदनीयतले छेडखानी भएको रहेछ भन्ने पनि प्रस्ट खुलायो।

वैधानिकतामा प्रश्न : यो एक वर्षमा सरकारले रास्वपाका सभापति रवि लामिछानेलाई खेद्नु र आफ्नो गठबन्धन बचाइराख्नुबाहेक योचाहिँ गज्जब काम गऱ्यो है भनेर देखाउने केही छैन। यतिवेला सरकारको कार्यशैली र कार्यसम्पादनप्रति जनतामा चरम निराशा छ। सरकार त्यसलाई चिर्न र सरकारप्रति जनतामा सकारात्मक भाव सिर्जना गर्न असमर्थ मात्र होइन, अनिच्छुक नै देखिन्छ। प्रधानमन्त्री विनाप्रसंगका कुरामा 'अजासु'को छवि बनाउनै व्यस्त देखिन्छन्। सरकार संघदेखि प्रदेशसम्मका सबै शैक्षिक, वित्तीय क्षेत्र, सुरक्षा निकायजस्ता सार्वजनिक एवं राजनीतिक पदमा नियुक्ति गर्दा योग्यताभन्दा पनि भागबन्डामा रमाएर बसेको छ। यदाकदा त्यही भागबन्डा नमिल्दा गठबन्धन धरापमा पर्लाजस्तो पनि हुने गरेको छ।

वास्तबमा आजका 'जेनजी' र 'जेनअल्फा' पुस्तामा यतिविधि आक्रोश छ कि भनिसाध्य छैन। तर, ती पछाडि फर्कन तयार नभएर मात्र हो, नत्र राजावादीको आन्दोलनले नै यो सरकारलाई आच्छुआच्छु पार्ने थियो। वास्तबमा कुनै पनि संसदीय सरकारको वैधानिकताका दुई पाटा हुन्छन्। एउटा, संसदीय अंकगणित र अर्को त्यसको कार्यसम्पादन। आज स्थिति कस्तो छ भने संसद्को अंकगणितका हिसाबले यो सरकार वैधानिक त छ, तर त्यसले कार्यसम्पादन वैधानिकता क्रमशः गुमाइरहेछ। यसको प्रत्यक्ष उदाहरण गठबन्धन सरकारमा सामेल राष्ट्रिय उन्मुक्ति पार्टीको संघीय सरकारबाट बहिर्गमन र सरकारमा नगए पनि यो गठबन्धन सरकारलाई दिएको समर्थन फिर्ता लिने जनता समाजवादी पार्टी नेपालको निर्णय हो। अझ जनतामा यस सरकारप्रति देखिएको वितृष्णाको कुरै नगरे हुन्छ।

निष्कर्ष : यो गठबन्धन सरकारका प्रमुख पार्टनरले आफूलाई समयमै सच्याएनन् र यही असफलताको 'रिपोर्ट कार्ड' लिएर मिसन चौरासीसम्म पुगे भने यिनका लागि परिणाम बिर्सनलायक नै हुनेछ। त्यतिवेला बालेन, हर्क साम्पाङ र गोपी हमाल मात्र होइन, रास्वपाका नयाँ संस्करण कस्ता होलान् के थाहा ? यी 'रुलिङ एलिट्स' मात्रै गोलखाडी गए त के बाल ? तर, यिनका दुर्बुद्धिले संविधान र त्यसले स्थापना गरेका संवैधानिक मूल्य नै घानमा परे भने ? चिन्ता यस कुराको पो छ त !

@cris_ pokharel

---

३ प्रश्न

पूर्वकार्यवाहक महालेखा परीक्षक **शुकदेव खत्री**लाई



प्रधानमन्त्री र मन्त्रीहरूले दुई सयभन्दा बढी 'स्वकीय' राख्नुले के संकेत गर्छ ?

सीधा अर्थमा भन्नुपर्दा यो अत्यन्त अनुत्पादक र अनावश्यक काममा राज्यकोषको गम्भीर अपव्यय हो। यसरी कानुनले तोकेभन्दा बढी स्वकीय राखेर सेवा, सुविधा दिलाउनु, गाडीलगायत सुविधाको दुरुपयोग गर्नु पनि भ्रष्टाचार नै हो। हामीकहाँ हरेक नयाँ प्रधानमन्त्री र मन्त्रीहरू आउँदा आफ्ना आसेपासे र सहयोगीको बटालियन नै लिएर आउने गलत प्रचलन छ। उनीहरूका कारण कार्यकक्ष भरिभराउ हुन्छ। बस्ने ठाउँसमेत पाउन मुस्किल पर्छ। काम गर्ने वातावरण हुँदैन। मातहतका कार्यालय र कर्मचारीमा अनावश्यक दबाब दिएर कामै गर्न नसक्ने अवस्था सिर्जना गरिन्छ। कार्यालयमा पनि उनीहरूकै दादागिरी चल्छ। संविधान, ऐन, कानुन र विधि विधानबाहिर गएर यसरी स्वकीयको सुविधा दुरुपयोग गर्ने क्रम पछिल्ला दिनमा निकै बढेर गएको छ। यो राज्यकोषको गम्भीर दोहन र अपव्यय हो।

यसले मितव्ययिता र सुशासन प्रवाहमा कस्तो प्रभाव पार्छ ?

यसले मितव्ययिता र सुशासनको त धज्जी उडाउने काम गरेको छ। सीमित स्वकीयको व्यवस्था उल्लंघन गरेर यति धेरैलाई राज्यकोषबाट सुविधा दिलाउनु मितव्ययिताको हुर्मत लिनु हो। स्रोत, साधन र सुविधाको चरम दुरुपयोग हो। यसबाट भएका नियम, कानुन र थितिको पालना होइन उल्लंघन भइरहेको छ। यसले सुशासन होइन, कुशासनलाई प्रश्रय दिइरहेको छ।

यस्तो बेथिति रोक्ने कुनै भरपर्दो उपाय छैन ?

उपाय नहुने भन्ने हुँदैन। तर, रोक्ने कसले ? प्रधामन्त्री र मन्त्रीहरूले नै कानुनको धज्जी उडाएर स्वकीयको बटालियन राख्छन् भने त्यहाँ उनीहरूलाई रोक्न सक्ने तागत कसको ? उहाँहरूलाई थाहा नभएर यस्तो भएको होइन। यो उहाँहरूले थाहा पाएरै गरिहनुभएको छ। त्यसैले, उहाँहरू स्वयं नसुध्रिएसम्म यसमा सुधार हुँदैन।

प्रेरक प्रसंग

जीवनको पाठ

सुन्दरवन इलाकामा जंगली जनावरको आक्रमणको डर बढी नै थियो। घना जंगलमा घाँसदाउराका लागि जाँदा जनावरबाट जोगिन हदैसम्म चनाखो हुनुपर्थ्यो। जनावरको आक्रमणबाट जोगिनकै लागि यस क्षेत्रका युवाले तीव्र गतिमा रुख चढ्ने र ओर्लिने प्रशिक्षण लिने गर्थे। गाउँकै एक वृद्धले प्रशिक्षण दिने गर्थे, जो आफ्नो जमानामा यस कलाका महारथी मानिन्थे। वृद्धले केही महिनादेखि युवालाई तीव्र गतिमा रुख चढ्ने र ओर्लिने कला सिकाउँदै आएका थिए। आज प्रशिक्षणको अन्तिम दिन थियो। वृद्धले सबैलाई भने- आज तिमीहरूको प्रशिक्षणको अन्तिम दिन हो। अब सबैले यस चिल्लो रुखमा तीव्र गतिमा पालैपालो चढ र ओर्लेर देखाओ। सबै युवक आ-आफ्नो कला देखाउन तयार भए। पहिलो युवक तीव्र गतिमा रुखको टुप्पामा पुग्यो र ओर्लिन थाल्यो। आधाजति ओर्लिसकेपछि वृद्धले भने- अलि होसियार भएर झर है, हतार नगर। युवक सावधानीपूर्वक ओर्लियो। यसैप्रकार बाँकी युवा पनि रुख चढे र ओर्लिए। वृद्धले सबैलाई आधा ओर्लिसकेपछि सावधान गराए। युवाहरूलाई वृद्धको यो कुरा अलि अनौठो लाग्यो र प्रश्न गरे- हजुरले हामीलाई रुख चढ्दा सबैभन्दा कठिन माथिल्लो हिस्सा पार गरेर आधाभन्दा तल झरिसकेपछि सावधान गराउनुभयो। यसको रहस्य के हो गुरु ?



वृद्धले गम्भीर हुँदै भने- रुखको माथिल्लो भाग सबैभन्दा कठिन छ भन्ने सबैलाई थाहा थियो। त्यस्तोमा जो पनि आफैं सावधान हुन्छन् नै। तर, जब हामी लक्ष्यको नजिक पुग्छौं, त्यतिखेर हामीलाई त्यो निकै सरल लाग्छ। अनि, जोशमा हामीबाट अधिक गल्ती पनि त्यहीं हुन्छ। त्यसैले, लक्ष्यको एकदम नजिक पुगिसकेपछि कुनै गल्ती नहोस् भनेर मैले तिमीहरूलाई सावधानी अपनाउन सचेत गराएको हुँ। युवाले वृद्धलाई प्रणाम गर्दै भने- हामीले हजुरबाट जीवनको अमूल्य पाठ पायौं। हामी हजुरप्रति आभारी छौं गुरु !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बर्खामा खडेरीको पिरलो !

नेपालमा प्राकृतिक स्रोत, साधनको अति दोहनका कारण बिस्तारै जलवायु परिवर्तनका प्रभाव देखिन थालेका छन्। यही गतिमा विकासका नाममा हराभरा जंगल मासिँदै गइरहे खेतबारीमा फलाम, सिमेन्ट र बालुवाको जंगल बढ्दै जाँदा यस्तो प्रभाव झनै बढ्ने निश्चित छ। यतिखेर मध्य बर्खामा पनि नेपालको अन्नभण्डार मधेश पानीको अभावमा तड्पिरहेको छ। घरघरमा पिउनेपानी र खेतबारीमा रोपाइँ गर्ने पानीको चरम अभाव छ। जलवायु परिवर्तनका कारण यसरी बर्खामै खडेरी निम्तिन थालेपछि भविष्यको नेपाल कस्तो होला ? हाम्रो देशको अन्नभण्डारमा यसको कस्तो प्रभाव पर्ला ? यस वर्ष नेपालमा सरदर पहिलेभन्दा बढी पानी पर्ने भविष्यवाणी सुनिएको थियो। तर, यतिखेर हाम्रो मधेश अति सुक्खाका कारण गम्भीर समस्यामा छ। यसबारे समयमै सोचौं।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

स्वकीय हुन् कि बिचौलिया ?



स्वकीयसचिवका कारण महिनामै हुन्छ राज्यको ६३ लाख दोहन रे ? स्वकीयसचिवको अवैध नियुक्ति रे ? यो कुन नौलो कुरा हो ? ६३ लाख त देखिएको दोहन मात्र हो, यिनीहरूबाट अदृश्य दोहन कति छ कति ! के त्यसको लेखाजोखा छ ? अनि यिनको काम नै अवैध धन्दा चलाउने हो त कसरी वैध नियुक्त हुन्छन् ? स्वकीयको काम नै बिचौलियाको हो ! अधिकांशका स्वकीयसचिव आठ पनि नपढेका, तर तलब अधिकृतस्तरको खाने छन्। अधिकांशले नातेदार सेट गरेका हुन्छन्, बिचौलियाको भूमिका निर्वाह गर्न। स्वकीयको पद पनि समानुपातिकजस्तै राष्ट्रिय समस्या हो।

● **समीर खड्का**, *नयाँ पत्रिका फेसबुकबाट*

स्वकीयमै त यत्रो लुट हुने रहेछ भने मन्त्रीहरूले कति लुट मच्चाउँदा हुन्। प्रत्येक दिन टिभी सिरियलझैं एकपछि अर्को काण्ड आइरहेका हुन्छन्। तैपनि, यो सरकार तिनै भ्रष्टाचारीलाई जोगाउन र आसेपासेलाई लुटाउन व्यस्त छ। तिमीहरूको कामलाई जनताले नजिकबाट हेरिरहेका छन्। ०८४ मा जनताले पक्कै पनि गर्नेछन् हिसाब-किताब, जनता पर्खाइमा छन्।

● **अब्दुल करिम**, *नयाँ पत्रिका फेसबुकबाट*

जबदेखि राजनीतिमा रवि लामिछाने, ज्ञानेन्द्र शाही र मिडिया क्षेत्रमा नयाँ पत्रिका, वीरेन्द्र जैरू, दिवाकर शाह, अपिल त्रिपाठी, युवराज कँडेलजस्ता व्यक्तिको उदय भयो तबदेखि यी भ्रष्टहरूको निदहराम भइरहेको छ। केही छैन, तपाईंहरूले यो सरकारको मन जित्नुपर्दैन यो सरकारको मन जित्न त अरूहरू नै छँदै छन्। बस्, तपाईंहरूले जनताको मन यसरी नै जित्दै जानु, शुभकामना छ।

● **निश्चल साउद**, *नयाँ पत्रिका फेसबुकबाट*

देश डुबाउन, देशलाई कंगाल, बर्बाद गराउने र नेपाली जनतालाई नक्कली भुटानी शरणार्थी बनाई बेच्ने, भिजिट भिसाको सेटिङमा मानव तस्करी गर्ने कांग्रेसी गृहमन्त्री र दुईतिहाइको सरकार देश र जनताको हितमा छैनन्। तिन दशकदेखि देशलाई लुट्नबाहेक अरू केही गरेका छैनन्, कांग्रेस एमालेले। अब सबै जनता सचेत होऔं। यी भ्रष्ट, माफिया, बिचौलिया, दलाल र मानव तस्करहरूलाई बहिष्कार गरौं। नत्र देश अझै बर्बाद हुनेछ।

● **कृष्ण दत्त**, *नयाँ पत्रिका फेसबुकबाट*

एक्लोपन : वैश्विक स्वास्थ्य संकट र राजनीतिक असफलता

अर्थपूर्ण सम्बन्ध कायम राख्न सक्ने क्षमता अर्थात् सामाजिक स्वास्थ्य शारीरिक र मानसिक स्वास्थ्यजत्तिकै महत्त्वपूर्ण छ

देश/विदेश

● टेड्रोस अधानोम घेब्रियेसस
● विवेक मूर्ति
● चिडो म्पेम्बा

**विश्वभरि एक अदृश्य, तर खतरनाक संकट सुषुप्त ढंगले फैलिँदै छ जसले रोगको जोखिम बढाइरहेको छ, मानिसको आयु घटाइरहेको छ र हाम्रो सामाजिक सम्बन्धका तन्तुलाई कमजोर बनाइरहेको छ। जब कुनै व्यक्ति पर्याप्त सामाजिक सम्पर्कबाट वञ्चित हुन्छ, आफूलाई आफ्नो सम्बन्धमा असहाय अनुभव गर्छ वा नकारात्मक वा तनावपूर्ण सम्बन्ध व्यहोर्छ त्यस अवस्थालाई सामाजिक विच्छेदन भनिन्छ। यो विच्छेदन स्वास्थ्य र समग्र जीवनस्तरका लागि एक गम्भीर, तर लामो समयदेखि बेवास्ता गरिएको खतरा बनेको छ। सामाजिक विच्छेदनका विभिन्न रूपमा एक्लोपन र सामाजिक एकाकीपन समावेश छन्।

आजको दिनमा विश्वका लगभग प्रत्येक ६ मध्ये एकजनाले आफूले एक्लो महसुस गरेरहेको बताएका छन्। किशोरकिशोरी, युवा वर्ग र न्यून आय भएका मुलुकमा यो अनुपात थप बढी छ। तर, सामाजिक एक्लोपन केवल भावनात्मक अवस्था मात्र नभई यसका प्राणघातक शारीरिक प्रभाव पनि हुन सक्छन्। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को प्रतिवेदनअनुसार सन् २०१४ देखि २०१९ को अवधिमा सामाजिक एक्लोपन बर्सेनि आठ लाख ७१ हजारको मृत्युको कारक थियो, अर्थात् प्रतिघण्टा सयौं मानिसले एक्लोपनकै कारण ज्यान गुमाइरहेका छन्। अर्थपूर्ण सम्बन्ध बनाउन र कायम राख्न सक्ने क्षमता अर्थात् सामाजिक स्वास्थ्य, शारीरिक र मानसिक स्वास्थ्यजत्तिकै महत्त्वपूर्ण पक्ष हो। र, यसलाई पुष्टि गर्ने प्रस्ट प्रमाण मौजुद छन्। बिडम्बना, यो तेस्रो पक्षलाई स्वास्थ्य प्रणाली र नीति-निर्माताले लामो समयदेखि नजरअन्दाज गरिरहेका छन्।

सामाजिक सम्बन्धसम्बन्धी डब्लुएचओको यो प्रतिवेदन राष्ट्र संघको स्वास्थ्य महासभाले पहिलोपटक सामाजिक सम्बन्धमाथि प्रस्ताव पारित गरेपछि सार्वजनिक गरिएको हो। यो प्रतिवेदनले सामाजिक विच्छेदनलाई गम्भीर वैश्विक स्वास्थ्य संकटका रूपमा स्थापित गर्दै निर्णायक नेतृत्व र कामकारबाहीको खाँचो देखाएको छ। यसले प्रमाणमा आधारित रणनीति प्रस्तुत गर्दै व्यक्तिबाट समाजसम्मको सम्बन्ध बलियो बनाउन सकिने उपाय देखाएको छ।

मानव प्रजाति सम्बन्धका लागि नै बनेको हो। बाल्यकालदेखि नै सामाजिक सम्बन्धले हाम्रो मस्तिष्कको विकास, भावनात्मक स्थायित्व र समग्र जीवन गुणस्तर निर्धारण गर्छ। यसविपरीत, सामाजिक विच्छेदनले हृदयाघात, मस्तिष्कघात, डिप्रेसन, चिन्ता, डिमेन्सिया र अकाल मृत्युको खतरा बढाउँछ। यसले विद्यार्थी र कर्मचारीको कार्यक्षमता घटाउँछ र समाज तथा अर्थतन्त्रमा अर्बौं डलरको क्षति पुऱ्याउँछ। तर, सुखद पक्ष के हो भने समाधान उपलब्ध छन्। प्रतिवेदनले नीतिनिर्माणदेखि समुदायस्तरीय कार्यक्रम, जनचेतना अभियान र व्यक्तिगत सहयोगसम्मका उपाय प्रभावकारी हुन सक्ने देखाएको छ।

सकारात्मक उदाहरण विश्वका विभिन्न देशमा देख्न सकिन्छ। दक्षिण अफ्रिकामा वृद्ध र गरिबलाई लक्षित गरी सहकर्मी सहयोग कार्यक्रम सञ्चालन गरिएको छ। दक्षिण कोरियामा वृद्धवृद्धालाई संगीत, कथावाचन, बर्गैंचाकर्म, र आत्मसहायता समूहजस्ता गतिविधिमा संलग्न गराउने 'सामाजिक व्यवस्था' कार्यक्रम लागू गरिएको छ। जिबुटीमा सामाजिक सम्बन्धलाई समग्र विकास नीतिमा समावेश गरिएको छ। अल्बानियामा वृद्धसम्बन्धी नीति र स्पेनमा मानसिक स्वास्थ्य नीतिमा सामाजिक सम्बन्धलाई जोडिएको छ। डेनमार्क, जर्मनी, जापान, फिनल्यान्ड, नेदरल्यान्ड्स र स्विडेनले सामाजिक एकता र सम्बन्ध सुदृढ गर्न समर्पित राष्ट्रिय रणनीति अघि सारेका छन्। अस्ट्रेलिया, बेलायत र अमेरिकाजस्ता देशमा भने ससाना सद्भावपूर्ण कार्यलाई प्रोत्साहन गर्ने राष्ट्रिय अभियान सञ्चालन गरिएका छन्।

हामी विश्वका सबै देशलाई सामाजिक सम्बन्धलाई



तस्बिर : गेटी इमेजेस

राष्ट्रिय प्राथमिकतामा राख्न आह्वान गर्छौं। यो केवल व्यक्तिगत स्वास्थ्यको विषय होइन। यसले आर्थिक समृद्धि, राष्ट्रिय लचिलोपन र सामाजिक एकता निर्माणमा समेत भूमिका खेल्छ। जहाँ विश्वास र सम्बन्ध बलिया छन्, ती समाज नवप्रवर्तनशील, सुरक्षित र संकटको सामना गर्न सक्षम हुन्छन्। कोभिड-१९ महामारीले यसलाई स्पष्ट बनायो। कोभिडकालमा लकडाउनले शारीरिक दूरी बढाउँदा मानवीय सम्बन्धको आवश्यकता झनै महसुस गरियो र यसको अभावले पुऱ्याउने क्षति पनि झनै उजागर भयो। डब्लुएचओको प्रतिवेदनले नीति, अनुसन्धान, हस्तक्षेप, मापन र सहभागिता भन्ने पाँच स्तम्भमा आधारित अन्तर्राष्ट्रिय योजना अघि सारेको छ। यसले सामाजिक सम्बन्ध सुदृढ गर्न केही मुख्य उपाय अपनाउन सुझाव दिएको छ। पहिलो, स्वास्थ्य, शिक्षा र श्रम नीतिमा सामाजिक सम्बन्धलाई स्पष्ट रूपमा समावेश गर्न आवश्यक छ। कुन उपाय प्रभावकारी छन् भन्ने बुझ्न थप अनुसन्धानमा लगानी गर्नु आवश्यक छ। यसबाहेक सांस्कृतिक सान्दर्भिकता र मितव्ययी कार्यक्रमको विस्तारमा विशेष ध्यान दिनुपर्ने रहेको छ। सामाजिक विच्छेदनको अवस्था र प्रगतिलाई मापन गर्न भरपर्दो तथ्यांक संकलन गर्नुपर्नेछ। अन्ततः, सामाजिक लाञ्छना हटाउने र जनमानसमा सकारात्मक दृष्टिकोण निर्माण गर्ने अभियान सञ्चालन गर्नु जरुरी रहेको प्रतिवेदनले औंल्याएको छ।

यो अभियानमा सामाजिक एक्लोपनमा पीडा भोगेका आवाज सुन्नु अत्यावश्यक छ। यिनै मतले प्रभावकारी समाधानको खाका तयार गर्न सक्छन्। हामी नेतृत्वदायी भूमिकामा रहनेहरूलाई अब भने निष्क्रिय रहने छुट छैन। हरेक दिनको विलम्ब एक नयाँ पीडा, एउटा अनावश्यक मृत्यु र एउटा गुमेको सम्भावना हो। तर, हामीले सामूहिक रूपमा, दयाका साथ र निर्णायक रूपमा अघि बढ्यौं भने हामी स्वस्थ, एकीकृत र लचिलो समाजको निर्माण गर्न सक्छौं। सामाजिक स्वास्थ्य कुनै विलासिता होइन, यो मानवीय आवश्यकता हो। मौजुदा समयमा सामाजिक स्वास्थ्यलाई राजनीतिक प्राथमिकतामा राख्नु सबैभन्दा आवश्यक देखिएको छ।

(घेब्रियेसस विश्व स्वास्थ्य संगठनका महानिर्देशक हुन्, मूर्ति र म्पेम्बा विश्व स्वास्थ्य संगठनको सामाजिक सम्बन्ध सम्बन्धित समितिका सहअध्यक्ष हुन्)

अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चार दिनको द्वन्द्वपछि थाइल्यान्ड र कम्बोडिया वार्ता गर्न सहमत

चार दिनदेखि चलिरहेको द्वन्द्व अन्त्यको प्रयासमा थाइल्यान्ड र कम्बोडिया सोमबार मलेसियामा युद्धविराम वार्ता गर्न सहमत भएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार दुवै देशका नेतालाई तत्काल युद्धविरामका लागि दबाब दिएपछि थाइल्यान्डले वार्ताका लागि कार्यवाहक प्रधानमन्त्री फुमथम वेचायचाईको नेतृत्वमा एक प्रतिनिधिमण्डल पठाउने भएको छ ।

वार्तामा कम्बोडियाली प्रधानमन्त्री हम मानेट पनि उपस्थित हुनेछन् । २४ जुलाईमा सीमामा भएको लडाईं सुरु भएदेखि दुवैतर्फ सैनिक र नागरिक गरी ३३ जना मारिएका छन् । द्वन्द्वमा हजारौँ थाई र कम्बोडियाली नागरिक विस्थापित भएका छन् । ट्रम्पले ट्रुथ सोसलमा लेखेका छन्, 'दुवै देश युद्धविराम र अन्ततः शान्तिका लागि द्रुत रूपमा काम गर्न सहमत भएका छन् ।'

आइतबार रातिसम्म गोलाबारी जारी रहे पनि दुवै देशले उनको चासो र प्रयासका लागि ट्रम्पलाई धन्यवाद दिए । कम्बोडियाले युद्धविरामका लागि ट्रम्पको अनुरोध स्वीकार गरेको छ । त्यस्तै थाइल्यान्डले दुई देशबिच वार्ताको आवश्यकतामा जोड दिएको छ । कम्बोडियाले पहिले नै युद्धविरामको प्रस्ताव गरिसकेको थियो । कम्बोडियाको सेना थाइल्यान्डको भन्दा कमजोर छ ।

'मैले ट्रम्पलाई स्पष्ट पारेको छु कि कम्बोडिया दुई सशस्त्र सेनाबिच तत्काल र विनासर्त युद्धविरामको प्रस्तावमा सहमत छ,' कम्बोडियाली प्रधानमन्त्री मानेटले टेलिफोन संवादपछि भने, 'ट्रम्पको मध्यस्थताले धेरै सैनिक र नागरिकको जीवन बचाउन साँच्चै मद्दत गर्नेछ ।' अर्कोतर्फ, थाइल्यान्डले युद्धविराममा विचार गर्न इच्छुक रहेको बताएको छ । तर, कम्बोडियासँग वार्तामा पहिले आउनुपर्ने आफ्नो अघिल्लो मागमा अडिग रहेको बताएको छ । *(बिबिसी)*

इतिहासमा आज
जुलाई २८



सन् १८२१ : पेरु स्वतन्त्र घोषित । स्पेनविरुद्ध पेरुको स्वतन्त्रता युद्ध सन् १८११ मा सुरु भयो र जोसे डे सान मार्टिनको नेतृत्वमा स्वतन्त्रताको घोषणासँगै समाप्त भयो ।

सन् १८६८ : अमेरिकी संविधानमा चौधौँ संशोधन । संशोधनले अफ्रिकी मूलका अमेरिकीलाई नागरिकता र कानुनी अधिकार प्रदान गऱ्यो ।

सन् १९२८ : नेदरल्यान्ड्सको आम्सटर्डममा नवौँ ग्रीष्मकालीन ओलम्पिक खेल सुरु ।

सन् १९७६ : चीनको औद्योगिक सहर ताङसानमा गएको ७.५ म्याग्निच्युडको भूकम्पमा दुई लाख ४० हजारजनाको मृत्यु ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गारिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गारिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म: रेनुका कृषि तथा पशुपंक्षी फर्म,** संचालक तथा जमानीकर्ता: रेनुका रंजीतकार दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, धुलीखेल, काभ्रेमा प्राईभेट फर्म दर्ता नं ११११६७/०७७/७८, दर्ता मिति २०७७/११/२६, ठेगाना: जिल्ला काभ्रे, बनेपा न.पा. वडा नं. ३
२)	**ऋणी फर्म: रेशनी खाजा घर,** संचालक तथा जमानीकर्ता: राम दयाल साह कानु दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा उद्योग दर्ता नं. ९३११/९४१/०७७/७८, दर्ता मिति २०७७/१०/२६, ठेगाना: जिल्ला बारा, बारागढी गा.पा. वडा नं. ३
३)	**ऋणी फर्म: रिश्व पशुपालन फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: रंजय कुमार यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा उद्योग दर्ता नं. १०५४२/०७७/०७८, दर्ता मिति २०७७/१२/३१, ठेगाना: जिल्ला सर्लाही, मलंगावा न.पा. वडा नं. ७
४)	**ऋणी: रिती देवी कहार** ठेगाना: नवलपरासी (ब.सु.प) जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. २, बाबु: विश्वनाथ कहार, ससुरा: भुती कहार, पति: किशोरी लाल कहार
५)	**ऋणी: सचिन यादव** स्थायी ठेगाना: महोत्तरी जिल्ला, खुट्टा पिपराढी गा.वि.स. वडा नं. १, हालको ठेगाना: महोत्तरी जिल्ला, लोहारपट्टी न.पा. वडा नं. ४, बाबु: श्याम यादव, बाजे: राम लखन यादव
६)	**१) ऋणी कम्पनी: सम्राट लाइभस्टक एन्ड एग्रीकल्चर फार्म प्रा.लि.,** संचालक तथा जमानीकर्ता: सुदिप कुमार साह दर्ता नं.: कम्पनी रेजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा, दर्ता नं: २७२०१५/०७८/०७९, दर्ता मिति २०७८/०५/३०, ठेगाना: जिल्ला धनुषा, जनकपुर उ.म.न.पा वडा नं १७
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: सुदिप कुमार साह** स्थायी ठेगाना: धनुषा जिल्ला, कनकपट्टी गा.वि.स. वडा नं.२, हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं. १७, बाबु: राम विलास साह तेली, बाजे: असर्फि साहु तेली
	जमानीकर्ताहरु: १) राम विलास साह तेली, स्थायी ठेगाना: धनुषा जिल्ला, कनकपट्टी गा.वि.स. वडा नं २, हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं १७, बाबु: असर्फि साह तेली, बाजे: लक्ष्मी साह तेली, **२) अनन्दी देवी साहु तेली,** स्थायी ठेगाना: धनुषा जिल्ला, कनकपट्टी गा.प. वडा नं २, हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं १७, बाबु: राम आशिष साहु तेली, ससुरा: असर्फि साहु तेली, पति: राम विलास साह तेली
७)	**१) ऋणी फर्म: सनाया ट्रेडर्स,** प्रोपाईटर तथा जमानीकर्ता: जहानाज बेगम दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ९४०१/२५१, दर्ता मिति २०७७/०६/११, ठेगाना: जिल्ला रौतहट, गुजरा न.पा. वडा नं. ५
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: शेख रुसतुजा** स्थायी ठेगाना: रौतहट जिल्ला, लक्ष्मीपुर दो. गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ५, बाबु: शेख रफिक, बाजे: शेख बुधाई
	जमानीकर्ता: जहानाज बेगम, ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ५, बाबु: शेख शमिम, ससुरा: शेख रफिक, पति शेख रुसतुजा
८)	**ऋणी फर्म: साथिभाइ ढुवानी सेवा,** प्रोपाईटर तथा जमानीकर्ता: टेक बहादुर सुनार कार्की दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा उद्योग दर्ता नं: ३७९/११३/२५२५७, दर्ता मिति २०७९/०८/२१, ठेगाना: जिल्ला झापा, कन्काई न.पा. वडा नं.८
९)	**ऋणी कम्पनी: शिखर हिम हर्व एग्रीकल्चर प्रा.ली.,** संचालक तथा जमानीकर्ता: अशेश्वर नायक दर्ता नं.: कम्पनी रेजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा, दर्ता नं: ३१११९६६/७९/०८०, दर्ता मिति २०८०/०१/२०, ठेगाना: जिल्ला सिन्धुली, दुधौली न.पा. वडा नं. ९
१०)	**ऋणी फर्म: शिवानी रेडिमेर्ड,** प्रोपाईटर तथा जमानीकर्ता: किरण देवी चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा प्रा.फ.र.नं. ४०९३/८७३/०६८/०६९, दर्ता मिति २०६८/१२/२३, ठेगाना: जिल्ला धनुषा, जनकपुर न.पा. वडा नं. ४
११)	**ऋणी फर्म: श्री कंचनिया माई स. मिल तथा फर्निचर उधोग,** प्रोपाईटर तथा जमानीकर्ता: सुनैना देवी वरही दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरी उद्योग दर्ता नं.८१०५/१०५३/०७७/०७८, दर्ता मिति २०७७/१२/०२, ठेगाना: जिल्ला महोत्तरी, रामगोपालपुर न.पा. वडा नं. ५
१२)	**ऋणी: देव प्रकाश मंडल** ठेगाना: मोरङ जिल्ला, रंगेली न.पा. वडा नं. ७, बाबु: सौखीलाल मण्डल, बाजे: वासुदेव मण्डल
१३)	**ऋणी: ढाल बहादुर नेपाली** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, बतासे गा.बि.स.वडा नं. ७, हालको ठेगाना: भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ७ बाबु: माझी दमाई, बाजे: गोरे नेपाली
१४)	**ऋणी: दिलिप गिरी** स्थायी ठेगाना: रौतहट जिल्ला, सितलपुर गा.वि.स. वडा नं. ७, हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ७ बाबु: विरेन्द्र गिरी, बाजे: इनरदेव गिरी
१५)	**१) ऋणी फर्म: राहुल किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: दिनकर राय यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.र.नं. ९७०८/५२८, दर्ता मिति २०७७/०६/२८, ठेगाना: जिल्ला रौतहट, कटहरिया न.पा. वडा नं. ९
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: दिनकर राय यादव** स्थायी ठेगाना: रौतहट जिल्ला, हथियाही गा.वि.स. वडा नं. ८, हालको ठेगाना: रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ९ बाबु: जदु नन्दन राय यादव, बाजे: झगरु राय यादव
	जमानीकर्ताहरु: १) सुनिता देवी यादव, स्थायी ठेगाना: रौतहट जिल्ला, पिप्रापोखरिया गा.वि.स. वडा नं. ८, हालको ठेगाना: रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ९, बाबु: रामचन्द्र राय, ससुरा: जदु नन्दन राय यादव, पति: दिनकर राय यादव, **२) राहुल कुमार यादव,** स्थायी ठेगाना: रौतहट जिल्ला, पिप्रापोखरिया गा.वि.स. वडा नं. ८, हालको ठेगाना: रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ९, बाबु: दिनकर राय यादव, बाजे: जदु नन्दन राय यादव, **३) रविन्द्र राय यादव,** स्थायी ठेगाना: रौतहट जिल्ला, पिप्रापोखरिया गा.वि.स. वडा नं. ८, हालको ठेगाना: रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ९, बाबु: दिनकर राय यादव, बाजे: जदु नन्दन राय यादव
१६)	**ऋणी कम्पनी: जय महाकाली कृषि फार्म प्रा.लि.,** संचालक तथा जमानीकर्ताहरु: १) सरस्वती गुरुङ्ग, २) विष्णु माया तामाङ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३११९९२/७९/०८०, दर्ता मिति २०८०/०१/२१, ठेगाना: जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. ११
१७)	**ऋणी फर्म: दिप ट्रेडर्स एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: दिप नारायण चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ४७५०/०७३/०७४, दर्ता मिति २०७३/०८/०५, ठेगाना: जिल्ला सप्तरी, कंचनरुप न.पा. वडा नं. ११
१८)	**ऋणी: गड बहादुर बुढा** स्थायी ठेगाना: मुगु जिल्ला, रोवा गा.बि.स. वडा नं. ५, हालको ठेगाना: मुगु जिल्ला, छाँयानाथरारा गा.पा./न.पा. वडा नं. ११ बाबु: जंगीलाल बुढा, बाजे: दयाराम बुढा
१९)	**ऋणी कम्पनी: गर्भुबाबा बहुदेश्यीय कृषि फार्म प्रा.लि.,** संचालक तथा जमानीकताहरु: १)राम कलेबर राय यादव, २) राम स्वार्थ राय, ३) पदम बहादुर बोहरा, ४) कलावती भण्डारी र ५) राम दरेश राय दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं.: ११६२६५/०७०/०७१, दर्ता मिति २०७०/०६/०६, ठेगाना: जिल्ला सर्लाही, मलगांवा न.पा. वडा नं. १
२०)	**ऋणी: गोपाल वहादुर भण्डारी** स्थायी ठेगाना: चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. वडा नं. ३, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१ बाबु: चोक वहादुर भण्डारी, बाजे: सन्त बहादुर
२१)	**ऋणी फर्म: दिपिका कृषि तथा पशुपंक्षी फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: टिका राम माझी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीमाढी, सिन्धुलीमा प्रा.फ.नं.:- ७२२८/०७९/०८०, दर्ता मिति २०७९/०६/२७, ठेगाना: जिल्ला सिन्धुली, मरिण गा.पा. वडा नं. ३
२२)	**ऋणी फर्म: माई स्टाईल ट्रेड,** प्रोप्राईटर तथा जमानीकर्ता: श्रीकृष्ण रौनियार दर्ता नं.: वाणिज्य आपूर्ति तथा अपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय वीरगंजमा प्रा.फ.र.नं.: ३७१७६/०७५/७६, दर्ता मिति: २०७५/०५/२९, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. ६
२३)	**ऋणी: नविन साह** स्थायी ठेगाना: सिरहा जिल्ला, धनगढी गा.वि.स. वडा नं. १०, हालको ठेगाना: सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ११ बाबु: पंचा साह तेली, बाजे: लक्ष्मण साह
२४)	**ऋणी फर्म: निरज पशु विकाश फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: बद्री प्रसाद यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.नं.: ७०३४/३१/२०५/८, चन्द्रपुर दर्ता मिति: २०७६/०४/१६, ठेगाना: जिल्ला रौतहट, च.पुर गा.वि.स वडा नं. ५ (हाल: चन्द्रपुर न.पा. वडा नं. ५)
२५)	**१) ऋणी फर्म: न्यू होटेल तराई,** प्रोप्राईटर तथा जमानीकर्ता: रहिश प्रताप राणा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं.: ९०९५/१३९५/७६८/७७१८, दर्ता मिति: २०७७/१२/१२, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ४
	२) ऋणी: रहिश प्रताप राणा ठेगाना: महोत्तरी जिल्ला, बर्दिबास न.पा वडा नं. १४,बाबु: अविमन्दु प्रताप राणा, बाजे: कर्ण प्रताप राणा
२६)	**ऋणी फर्म: ओम पोल्ट्री फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: लक्ष्मी कुमारी कार्की दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा उद्योग दर्ता नं. ११४७६/२०७८/०७९, दर्ता मिति: २०७८/०६/०७, ठेगाना: जिल्ला सर्लाही, लालबन्दी न.पा. वडा नं. २
२७)	**ऋणी फर्म: पाना ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: पाना देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा उद्योग प्रा.फ.र.नं. ९८९५/७१५, दर्ता मिति: २०७७/०७/२४, ठेगाना: जिल्ला रौतहट, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९)
२८)	**ऋणी फर्म: पटेल मत्स्य फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: शिव मंगल राउत दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.नं.घ.वि. ६३५७/२७७/०७४/७५, दर्ता मिति: २०७४/०९/०७, ठेगाना: जिल्ला बारा, सिम्रौनगढ न.पा. वडा नं. ५
२९)	**ऋणी: प्रमोद राई** स्थायी ठेगाना: झापा जिल्ला, तोपगाछी गा.वि.स.वडा नं. ०५, हालको ठेगाना: झापा जिल्ला, कमल गा.पा. वडा नं. ४ बाबु: तेजिन्द्र बहादुर राई, बाजे: रुद्र सिंह राई
३०)	**ऋणी: राज किशोर सहनी मलाह** स्थायी ठेगाना: पर्सा जिल्ला, लखनपुर गाउँ पञ्चायत वडा नं. ९, हालको ठेगाना: पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं. ६ बाबु: जनार्दन सहनी, बाजे: वृक्षा सहनी
३१)	**ऋणी फर्म: रानी ठाकुर इन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: राजेश ठाकुर हजाम दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.नं: ७८६२/०७६/०७७, दर्ता मिति: २०७६/०६/०९, ठेगाना: जिल्ला सर्लाही, हरिवन न.पा. वडा नं. १०
३२)	**ऋणी फर्म: कृष्णा इन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: रणजित राउत दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.र.नं. १२४४८/१११९, दर्ता मिति: २०७८/०८/०९, ठेगाना: जिल्ला रौतहट, बसन्तपट्टी गा.वि.स. वडा नं. २ (हाल: परोहा न.पा. वडा नं. ६)
३३)	**ऋणी: कुमारी देवी नाउ** स्थायी ठेगाना: नवलपरासी जिल्ला, गुठी सुर्यपुरा गा.वि.स. वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, प्रतापपुर गा.पा वडा नं. ७, बाबु: शेषमन नाउ, ससुरा: चिनक हजाम, पति: अंगद प्रसाद नाउ (हजाम)
३४)	**ऋणी फर्म: लक्ष्मी कृषि फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: लक्ष्मी राई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरीमा प्रा.फा.नं. १८५२४/०७७/०७८, दर्ता मिति: २०७८/०१/१०, ठेगाना: जिल्ला सुनसरी, बराहक्षेत्र न.पा. वडा नं. ८
३५)	**ऋणी फर्म: माँ जानकी ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: रोशन कुमार यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा प्रा.फ.र.नं. ७२२४/७९५/०७७/०७८, दर्ता मिति: २०७७/१०/१९, ठेगाना: जिल्ला महोत्तरी, औरही न.पा. वडा नं. ६
३६)	**ऋणी फर्म: मनिष आलु स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: ओर्मिला कुमारी देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा प्रा.फ.नं. ९९६९/०७७/०७८, दर्ता मिति: २०७७/०९/२६, ठेगाना: जिल्ला सर्लाही, हरिपुर न.पा. वडा नं. ३
३७)	**ऋणी फर्म: मन्जित इलेक्ट्रोनिक्स शप,** प्रोप्राईटर तथा जमानीकर्ता: चक्र बहादुर प्रजापति दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.र.नं. ५५५/३०८, दर्ता मिति: २०७४/०७/२८, ठेगाना: जिल्ला रौतहट, च.पुर गा.वि.स न.पा. वडा नं. ६, (हाल: चन्द्रपुर न.पा. वडा नं. ५)
३८)	**ऋणी: मेहनी धोबि** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, महाराजगंज गाउँ पञ्चायत वडा नं. ४, हालको ठेगाना: कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. २, बाबु: चौधरी धोबि, बाजे: दौलत धोबि
३९)	**ऋणी: मेनका पाठक** स्थायी ठेगाना: चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ९, हालको ठेगाना: चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ४, बाबु: दयानिधी पाठक, बाजे: जन्म जै पाठक
४०)	**ऋणी फर्म: मुस्कान मत्स्य फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: राजेन्द्र हजरा दुसाद दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, (बारा), मा प्रा.फ.नं.घ.उ.वि. ७८४३/३६२/०७६/७७, दर्ता मिति: २०७६/०६/३०, ठेगाना: जिल्ला बारा, सिम्रौनगढ न.पा. वडा नं. ८, कि.नं. ४६
४१)	**ऋणी: मो.इब्वरार घुनिया** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, महाराजगंज उ.म.न.पा/गा.वि.स. वडा नं.४, हालको ठेगाना: कपिलवस्तु जिल्ला, महाराजगंज न.पा वडा नं.२, बाबु: सत्तार घुनिया, बाजे: मो.हनीफ मुसलमान
४२)	**१) ऋणी कम्पनी: सन्देश पोल्ट्री फार्म प्रा.लि.,** संचालक तथा जमानीकर्ता: कृष्ण बहादुर थापा दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३५४३०/०७६/७७, दर्ता मिति:२०७६/११/१५, ठेगाना: जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. ६
	२) ऋणी: कृष्ण बहादुर थापा स्थायी ठेगाना: चितवन जिल्ला, गीतानगर गा.वि.स. वडा नं. ७, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, बाबु: लाल बहादुर थापा, बाजे: क्षेत्र बहादुर थापा
४३)	**ऋणी फर्म: मनिका पशुपालन फर्म,** प्रोपाईटर तथा जमानीकर्ता: सुसे दरै दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. १९५९/०७९/०८०, दर्ता मिति: २०७९/१०/१२ , ठेगाना: जिल्ला चितवन, कालिका न.पा. वडा नं. २
४४)	**१) ऋणी: चन्द्र कुमारी गुरुङ** स्थायी ठेगाना: चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १५, बाबु: लोक प्रसाद गुरुङ, ससुरा: कर्ण बहादुर गुरुङ्ग, पति: ज्ञान बहादुर गुरुङ्ग
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: ज्ञान बहादुर गुरुङ्ग** स्थायी ठेगाना: चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १५, बाबु: कर्ण बहादुर गुरुङ्ग, बाजे: गोपीचन्द्र गुरुङ्ग
	जमानीकर्ताहरु: १) चन्द्र कुमारी गुरुङ, स्थायी ठेगाना: चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १५, बाबु: लोक प्रसाद गुरुङ, ससुरा: कर्ण बहादुर गुरुङ्ग, पति: ज्ञान बहादुर गुरुङ्ग **२) खौसरी गुरुङ्ग,** स्थायी ठेगाना: चितवन जिल्ला, पटिहानी गा.पं. वडा नं. १, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १५, बाबु: आइत वीर गुरुङ्ग, ससुरा: गोपीचन्द्र गुरुङ्ग, पति: कर्ण बहादुर गुरुङ्ग
४५)	**ऋणी फर्म: आइसा ट्रेडर्स.,** प्रोपाइटर तथा जमानीकर्ता: मिथलेश कुमार कामत दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा, प्रा.फा.र.नं. २६१६१/०७०/०७१, दर्ता मिति: २०७०/१२/१२, ठेगाना: जिल्ला मोरङ, विराटनगर म.न.पा. वडा नं. १६
४६)	**ऋणी फर्म: भुजेल फ्रेस मिट हाउस,** प्रोप्राईटर तथा जमानीकर्ता: डिल वहादुर भुजेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं. १६५९/०७४/०७५, दर्ता मिति: २०७५/०२/०३, ठेगाना: जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १३
४७)	**ऋणी: विज्ञान कार्की** स्थायी ठेगाना: गोरखा जिल्ला, घ्यालचोक गा.वि.स. वडा नं. ५, हालको ठेगाना: गोरखा जिल्ला, गंडकी गा.पा. वडा नं. ७ बाबु: रण बहादुर कार्की, बाजे: रत्न बहादुर कार्की
४८)	**ऋणी: विष्णु हरि परियार** स्थायी ठेगाना: तनहुँ जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ६ बाबु: अम्मर बहादुर परियार, बाजे: बदले परियार
४९)	**१) ऋणी फर्म: चौधरी ग्लास हाउस,** प्रोप्राईटर तथा जमानीकर्ता: विनोद चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ४०७९/०७२/०७३, दर्ता मिति: २०७२/११/११, ठेगाना: जिल्ला सप्तरी, बोदे वसाइन गा.वि.स. वडा नं. ४
	२) ऋणी: विनोद चौधरी स्थायी ठेगाना: सप्तरी जिल्ला, तरही गा.वि.स. वडा नं. ४, हालको ठेगाना: सप्तरी जिल्ला, बोदेवर्साइन न.पा. वडा नं. ३ बाबु: बद्री नारायण चौधरी, बाजे: बुधन चौधरी
५०)	**ऋणी फर्म: गुप्ता ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: प्रदिप कुमार गुप्ता दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बारामा प्रा.फ.र.नं ४२६१/०७२/७३, दर्ता मिति २०७३/०१/२२, ठेगाना: जिल्ला बारा, कलैया न.पा वडा नं ८ (हाल कलैया उ.म.न.पा वडा नं. ६)
५१)	**ऋणी: इश्वर अधिकारी** स्थायी ठेगाना: गोरखा जिल्ला, घ्यालचोक गा.वि.स. वडा नं. ९, हालको ठेगाना: गोरखा जिल्ला, गण्डकी गा.पा. वडा नं. ८, बाबु: छत्र पसाद अधिकारी, बाजे: मुरली प्रसाद अधिकारी
५२)	**ऋणी फर्म: जगदम्बा गल्ला भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: सीताराम झा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १०६५७/१३६७, दर्ता मिति २०७७/१०/२७, ठेगाना: जिल्ला रौतहट, दुर्गाभगवती गा.पा. वडा नं. २
५३)	**ऋणी कम्पनी: जगतारण दुध र मासु तथा कृषि उत्पादन कम्पनी प्रा.लि.,** संचालक तथा जमानीकर्ता: जगतारण देवी पासवान दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२९२७१/०७६/०७७, दर्ता मिति २०७६/०८/१३, ठेगाना: जिल्ला सर्लाही, लालबन्दी न.पा. वडा नं. २
५४)	**ऋणी: जय कुमार साह** स्थायी ठेगाना: रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७, बाबु: रामजी साह, बाजे: मनरुप साह
५५)	**ऋणी: कपिल देव साह तेली** स्थायी ठेगाना: रौतहट जिल्ला, महमदपुर गा.पं वडा नं. ९, हालको ठेगाना: रौतहट जिल्ला, गरुढा न.पा वडा नं. ५, बाबु: मखन साह तेली, बाजे: रायगरी साह
५६)	**ऋणी फर्म: काठवासी माई मत्स्य फार्म,** साझेदार तथा जमानीकर्ता: १) राजु कुमार यादव, २) रामबाबु प्रसाद यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा उ.द.प्र.प.नं.: १११८२/१२६२/०७८/०७९, दर्ता मिति २०७८/१०/०९, ठेगाना: जिल्ला बारा, पचरौता.न.पा. वडा नं. २
५७)	**ऋणी: खगेन्द्र आले** स्थायी ठेगाना: नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स. वडा नं. २, हालको ठेगाना: नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२, बाबु: नर बहादुर आले, बाजे: किसन सी
५८)	**ऋणी फर्म: किसन मिश्रित फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: विनोद प्रसाद राय दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ५१४१/३३१/०७१/७२, दर्ता मिति २०७२/०२/११, ठेगाना: जिल्ला बारा, इनर्वामाल गा.बि.स. वडा नं. ६
५९)	**ऋणी फर्म: कोशनाथ जडिबुटी तथा खाधान्न अर्डर सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: खेम बहादुर रावल दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, वाणिज्य विभाग, गमगढी, मुगुमा प्रा.फ.द.नं. ३०४/०६९/७०, दर्ता मिति २०६९/०५/१५, ठेगाना: जिल्ला मुगु, पिना गा.वि.स. वडा नं. ६ (हाल छायाँनाथ रारा न.पा. वडा नं.६)
६०)	**ऋणी फर्म: सिवाङ्गी किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: जिनीस लाल पंडित दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १३५८०/५६४, दर्ता मिति २०७९/१०/१६, ठेगाना: जिल्ला रौतहट, माधोपुर गा.वि.स. वडा नं. १ (हाल माधवनारायण न.पा. वडा नं. ६)

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/संचालक को परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १२ साउन ०८२

■ आयल निगममा बेथिति

वार्षिक ५० करोड व्ययभार थपिने गरी ढुवानी भाडा वृद्धि



व्यवसायीको स्वार्थपूर्तिमा रमाउँदै कार्यकारी निर्देशक भट्ट



गत फागुनमा ग्यास उद्योगीलाई प्रतिसिलिन्डर १२.७५ रुपैयाँ कमिसन वृद्धि गरेर 'आर्थिक लाभ लिएका' भट्टले अहिले ट्यांकर साहु खुसी हुने गरी ६ प्रतिशतसम्म ढुवानी भाडा बढाउने निर्णय गरेर आयल निगमलाई आर्थिक बोझ बढाएका छन् ।

मेरो संयोजकत्वको कार्यदलले भाडादर बढाउने सिफारिस गरेको हो



● **शिवराज पोखेल**, सञ्चालक समिति सदस्य, आयल निगम

पेट्रोलियम ट्यांकर ढुवानीको भाडादर वृद्धि गर्न व्यवसायीले दबाब बढाएपछि मेरो संयोजकत्वमा कार्यदल बनेको थियो । सो कार्यदलमा विषयविज्ञ राखेर करिब तीन महिनासम्म गहन अध्ययन भएको छ । यस क्रममा खर्चका धेरै शीर्षकहरू बढेको पाएपछि हामीले निश्चित दरमा ढुवानी भाडादर बढ्नुपर्छ भनेर सिफारिस गरेका छौं । हाम्रो प्रतिवेदनलाई कार्यान्वयन गर्ने सञ्चालक समितिले निर्णय गरेको छ ।

अजित अधिकारी/नयाँ पत्रिका

शुक्रबार साँझ बसेको आयल निगम सञ्चालक समिति बैठकले पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकरको भाडादर वृद्धि गर्ने निर्णय गरेको छ । उक्त निर्णय कार्यान्वयन गर्दा वार्षिक कम्तीमा ५० करोड व्ययभार थपिने निगम स्रोतको भनाइ छ ।

ढुवानी भाडा वृद्धि गर्न पेट्रोलियम ट्यांकर ढुवानी व्यवसायीले चैतदेखि निरन्तर दबाब बढाइरहेका थिए । निगम उच्च अधिकारी र पेट्रोलियम ट्यांकर व्यवसायीबिच १५ दिनयता ढुवानी भाडा बढाउने विषयमा निरन्तर संवादसमेत चलिरहेको थियो । दुवैको स्वार्थपूर्ति हुने विन्दुमा सहमति भएपछि शुक्रबारको सञ्चालक समितिबाट ४.७५ प्रतिशतदेखि ५.९० प्रतिशतसम्म ढुवानी भाडा वृद्धि गर्ने निर्णय भएको हो ।

सञ्चालक समितिले ढुवानी भाडादर वृद्धि गर्ने निर्णय लिन सजिलो हुने गरी गत वैशाख अन्तिम साताम उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव शिवप्रसाद पोखरेलको संयोजकत्वमा कार्यदल बनाएको थियो । सोही कार्यदलले गरेको सिफारिसलाई देखाएर शुक्रबारको सञ्चालक समितिले ढुवानी भाडादर वृद्धि गर्ने निर्णय लिएको पोखरेलले जानकारी दिए ।

'शुक्रबारको सञ्चालक समितिबाट मेरो संयोजकत्वको कार्यदलले दिएको सिफारिसका आधारमा प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय भएको छ,' निगम सञ्चालक समिति सदस्यसमेत रहका पोखरेलले भने, 'करिब तीन महिनासम्म गहन अध्ययन गरेर सिफारिस भएको छ । कार्यदलमा विशेषज्ञलाई सदस्य राखेर काम गरिएको थियो ।'

ढुवानी भाडादर वृद्धि गर्दा निगमका उच्च अधिकारीले समेत लाभ लिएको स्रोतको भनाइ छ । त्यसैले, शुक्रबार साँझ सञ्चालक समितिले गरेको निर्णयलाई कार्यान्वयन गर्न सघाउ पुग्ने गरी माइन्युट तयार गर्न शनिबार दिउँसो निगमका उच्च अधिकारीहरू केन्द्रीय कार्यालयमा जम्मा भएका थिए । तर, ढुवानी भाडादर वृद्धि हुन लागेको खबर फैलिएपछि उनीहरू निर्णय गर्न हच्चिएका छन् ।

गत फागुनमा मात्रै ग्यास उद्योगीको कमिसन प्रतिसिलिन्डर १२ रुपैयाँ ७५ पैसा वृद्धि गरेर आर्थिक लाभ लिएका निगम अधिकारीहरू अहिले फेरि ढुवानी भाडा बढाउन कस्सिएका हुन् ।

ढुवानी भाडा घटाउन उच्चस्तरीय समितिले दिएको निर्देशन लत्याइयो

आयल निगमले ग्यास तथा पेट्रोलियम व्यवसायीलाई दिँदै आएको कमिसन, भाडालगायत अन्य खर्चका शीर्षकहरू बढी भएकाले घटाउन विभिन्न उच्चस्तरीय समितिहरूले सुझाव दिँदै आएका छन् । पछिल्लोपटक ०७९ मा राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. विश्वनाथ पौडेल (हाल गभर्नर) संयोजकत्वको कार्यदलले ढुवानी भाडालगायतका खर्चका शीर्षकबारे अध्ययन गरेर घटाउन निर्देशन दिएको थियो । कार्यदलले दिएको सुझावमा भनिएको छ, 'पेट्रोलियम ढुवानीकर्तालाई दिँदै आएको सञ्चालन खर्च, कमिसन, ढुवानी भाडा तथा प्राविधिक नोक्सानीको पुनरावलोकन गरी खर्च घटाउने ।'

आयोग उपाध्यक्षको नेतृत्वमा रहेको उच्चस्तरीय समितिमा तत्कालीन गभर्नर महाप्रसाद अधिकारीसमेत सदस्य थिए । त्यस्तै, अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, ऊर्जा मन्त्रालय र प्रधानमन्त्री कार्यालयका सचिवहरूलगायतको विज्ञ सम्मिलित शक्तिशाली समिति थियो । सो समितिले दिएको निर्देशन पालन गरेर संस्था सुदृढ पार्नुको सट्टा निगम व्यवस्थापनले आफू र व्यवसायीको निहित स्वार्थपूर्ति गर्न ढुवानी भाडादर वृद्धि गर्ने निर्णय गरेका छन् ।

अहिले नै अचाक्ली छ भाडादर

आयल निगमले पछिल्लोपटक भुक्तानी गरेको ट्यांकरको प्रतिट्रिप ढुवानी भाडादर

● बरौनी-सिनामंगल रुट
१ लाख १८ हजार ७ सय ४०

● बरौनी-थानकोट रुट
१ लाख १८ हजार १ सय ४०

● मोतीहारी-काठमाडौं रुट
७३ हजार ८ सय ८४

● अमलेखगन्ज-काठमाडौं रुट
४९ हजार ५ सय ५९

■ रासायनिक मल कारखानाको डिपिआर

तीन सय मेगावाट विद्युत्, तीन खर्ब लगानी चाहिने अनुमान

नवलपरासीमा प्रस्तावित रासायनिक मल कारखानाले दैनिक दुई हजार मेट्रिकटनसम्म उत्पादन गर्न सक्ने, डिपिआर अध्ययन गर्दै लगानी बोर्ड

मागअनुसार आपूर्ति हुन नसक्दा किसानले बाह्रै महिना रासायनिक मलको अभाव खेप्दै आएका छन्, सरकार फेरिँदैपिच्छे मुलुकभित्रै मल कारखाना खोल्ने अध्ययनले प्राथमिकता पाए पनि उत्पादन हुन सकेको छैन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पश्चिम नवलपरासीको बर्दघाटमा प्रस्तावित नेपाल फर्टिलाइजर परियोजना (रसायनिक मल कारखाना) स्थापनाका लागि करिब तीन खर्ब रुपैयाँ लगानी लाग्ने अनुमान गरिएको छ । जर्मन कम्पनी डिआइएजी इन्डस्ट्रिजले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)ले रासायनिक मल कारखाना स्थापनाका लागि उक्त लगानी र कारखानाको सञ्चालनका लागि तीन सय मेगावाट विद्युत् आवश्यकता हुने देखाएको हो ।

जर्मन कम्पनी डिआइएजीले झन्डै दुई वर्ष लगाएर तयार पारेको डिपिआर अहिले लगानी बोर्ड नेपालले अध्ययन गरिरहेको छ । डिआइएजीले २८ असार ०८० मा मल कारखाना स्थापना सम्बन्धमा अध्ययन गर्ने गरी बोर्डसँग समझदारी गरेको थियो । त्यसपछि जर्मन कम्पनीले नेपालमा डिआइएजी सूर्या ग्रिन फर्टिलाइजर कम्पनी प्रालि स्थापना गरेर मल कारखाना स्थापना गर्ने काम अघि बढाएको छ । कम्पनीले करिब एक महिनाअघि बुझाएको डिपिआर अहिले बोर्डले मूल्यांकन गरिरहेको बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए ।

नेपालमा वार्षिक ६ लाख मेट्रिकटन रासायनिक मल चाहिन्छ । तर, मागअनुसार आपूर्ति हुन सकेको छैन । बर्सेनि किसानले समयमै रासायनिक मल नपाएको अवस्था छ । चालू आवमा रासायनिक मल आयातका लागि २८ अर्ब ८२ करोड रुपैयाँ अनुदान दिने गरी बजेट विनियोजन गरिएको छ । यस्तो मल आयात गर्दा बर्सेनि अर्बौं रुपैयाँ बाहिरिने गरेको छ । यो अवस्थामा नेपालमै रासायनिक मल उत्पादन गर्न सकेमा किसानसहित अर्थतन्त्रको विकासमा सहयोग पुग्ने प्रवक्ता उपाध्यायको भनाइ छ ।

प्रस्तावित परियोजनाले नेपालको आन्तरिक माग धान्ने मात्रै होइन, निर्यातसमेत गर्न पुग्नेछ । 'यो एउटै परियोजनाले नेपालको रासायनिक मलको माग पूरै धान्ने छ । साथै, ठुलो मात्रामा निर्यातसमेत गर्न सकिनेछ,' उनले भने, 'यो आफैंमा एक ठुलो उद्योग हो । यो स्तरको उद्योग नेपालमा अझै स्थापना भएको छैन । यो स्थापना गर्न सकेमा अर्थतन्त्रमा समेत ठुलो योगदान पुग्ने देखिएको छ ।'



GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
T&C apply
Global IME Bank
GLOBAL CONNECT Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

■ पिपिपी मोडेलमा बनाइने, साढे तीन वर्ष लाग्ने

कम्पनीले सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा परियोजना बनाउने प्रस्ताव गरेको छ । निर्माण अवधि साढे तीन अर्ब तोकिएको छ । सडकलगायतका पूर्वाधारको उपयुक्त पहुँच भएका कारण निर्माणमा सहज हुने बोर्डको विश्वास छ । यो परियोजना बनाउन १६१.८७ हेक्टर जमिन आवश्यक पर्ने देखिएको छ । सञ्चालनका क्रममा निर्बाध रूपमा तीन सय मेगावाट विद्युत् चाहिने डिपिआरमा उल्लेख छ । नेपालमा हालसम्म एक्लैले तीन सय मेगावाट विद्युत् खपत गर्ने उद्योग आएका छैनन् । त्यो आधारमा पनि यो नेपालकै ठुलो उद्योग बन्ने देखिन्छ ।

यस्ता छन् प्रस्तावित लगानीका तीन मोडेल

कम्पनीले तीन मोडेलमा मल कारखाना बनाउन सकिने प्रस्ताव गरेको छ । त्यसमा मोडेलअनुसार एक अर्ब ४७ करोड युरोदेखि एक अर्ब ८७ करोड युरोसम्म लगानी लाग्ने अनुमान गरिएको छ । कम्पनीले प्राकृतिक ग्यासबाट युरिया मल उत्पादन गर्ने विकल्प दिएको छ । त्यसका लागि एक अर्ब ४७ करोड युरो अर्थात् दुई खर्ब ३८ अर्ब रुपैयाँ लागत अनुमान गरिएको छ । योअनुसार परियोजना बनाउँदा परियोजनाको आन्तरिक प्रतिफल दर १०.६७ प्रतिशत हुने अनुमान गरिएको छ । पुँजीका आधारमा भने आन्तरिक प्रतिफल दर १६.४१ प्रतिशत हुने अनुमान गरिएको छ । यसमा लगानी फिर्ता हुने अवधि भने १२ वर्ष हुने बताइएको छ । यसअन्तर्गत प्रतिदिन दुई हजार मेट्रिकटन रासायनिक मल (युरिया) उत्पादन गर्न सकिने देखिएको छ ।

कम्पनीले दिएको दोस्रो मोडेलमा विद्युत्मार्फत अमोनियम नाइट्रेट मल उत्पादन गर्ने (इलेक्ट्रोलाइसिसमार्फत अमोनियम नाइट्रेट) रहेको छ । त्यसअनुसार परियोजना बनाउँदा एक अर्ब ६१ करोड युरो अर्थात् दुई खर्ब ६१ अर्ब रुपैयाँ लागत अनुमान गरिएको छ । यसमा परियोजना आन्तरिक प्रतिफल दर १३.३७ प्रतिशत देखिएको छ । पुँजीका आधारमा भने प्रतिफल दर २१.९० प्रतिशत हुने डिपिआरमा उल्लेख छ । यसमा लगानी फिर्ता हुने अवधि भने आठ वर्ष तोकिएको छ । यसअन्तर्गत प्रतिदिन १५ सयदेखि १९ सय मेट्रिकटन अमोनियम नाइट्रेट उत्पादन गर्न सकिने डिपिआरमा उल्लेख छ ।

कम्पनीले दिएको तेस्रो मोडेल हाइब्रिड अर्थात् प्राकृतिक ग्यास र विद्युत्मार्फत युरिया र अमोनियम नाइट्रेट मल उत्पादन गर्न सकिने रहेको छ । यसका लागि एक अर्ब ८७ करोड युरो अर्थात् तीन खर्ब तीन अर्ब लगानी लाग्ने अनुमान गरिएको छ । यसमा परियोजनाको आन्तरिक प्रतिफल दर १०.३७ प्रतिशत रहेको छ । पुँजीका आधारमा भने यसको प्रतिफल दर १५.८८ प्रतिशत हुने अनुमान गरिएको छ । डिपिआरअनुसार परियोजनाको लगानी फिर्ता अवधि १३ वर्ष रहेको छ । उत्पादन क्षमता भने प्रतिदिन सात सय ५० मेट्रिकटन रहेको छ ।

यी तीनमध्ये विद्युतीय प्रणालीमार्फत अमोनियम नाइट्रेट मल उत्पादन मोडेल उपयुक्त देखिएको बोर्डका एक अधिकारीले बताए । 'लागत, उत्पादन क्षमता, प्रतिफल दर, लगानी फिर्ता अवधिलगायतका आधारमा यो मोडेल राम्रो हुने देखिएको छ,' उनले भने ।

प्राधिकरणका प्रवक्ता उपाध्यायले भने अहिले डिपिआरमाथि अध्ययन मूल्यांकन भइरहेको बताए । 'कम्पनीले परियोजनाको डिपिआर बुझाइसकेको छ । त्यसमा अहिले बोर्डले मूल्यांकन गर्ने काम गरिरहेको छ । मूल्यांकन सकिएपछि यो परियोजना कसरी अगाडि बढाउने भनेर निष्कर्षमा पुग्नेछौं,' उनले भने ।

बनिनसक्दै उक्कियो कालोपत्रे

चार सय ९० मिटर कालोपत्रे तत्कालै उक्किएपछि सिडिओले मर्मत गर्न दिए निर्देशन



उदयपुरमा **विदुर कटवाल**

चौदण्डीगढी नगरपालिका- ४ मा गरिएको कालोपत्रे तत्कालै उक्किएर सडक खाल्डाखुल्डी बनेको छ । संघीय सरकारको निर्वाचन क्षेत्र विकास कोषअन्तर्गतको ६८ लाख ६३ हजार पाँच सय ७७ रुपैयाँ बजेटबाट स्थानीय चटपटे टोल-बसाहा थान-वर्षेडाँडा-गंगटे, माडिवास हुँदै बेल्टार सडकखण्डको चटपटे टोलमा गरिएको कालोपत्रे उक्किएको हो ।

उक्त क्षेत्रमा झन्डै चार सय ९० मिटर कालोपत्रे गरिएको थियो । सीताराम कन्स्ट्रक्सन, बेल्टारसँग १२ वैशाखमा सम्झौता गरी २० असारमा सक्नुपर्ने गरी ठेक्का लागेको थियो । तर, ठेकेदारले ढिला सुरु गरेको र काम सक्न हतार गरेकाले गुणस्तरहीन कालोपत्रे भएको स्थानीय गणेश पुडमा राईले आरोप लगाए । उनले भने, 'उक्त सडकमा एक सय २६ मिटर नालीको समेत काम गर्नुपर्ने थियो । अहिले त्यसको पनि काम भएको छैन ।'

उनका अनुसार चार सय ९० मिटर लम्बाइको उक्त सडकमा एक-एक मिटर सोल्जर र ५.५ मिटर ब्ल्याक टप हुनुपर्ने हो । तर, सो मापदण्डसमेत पूरा नभएको स्थानीयको आरोप छ । स्थानीयका अनुसार निर्माण कम्पनी र सडक विभागको मिलेमतोमा गुणस्तरहीन काम भएको हो । सडकको कालोपत्रे उक्किएपछि उदयपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले सडक डिभिजन कार्यालय लाहानका प्रमुख आशुतोष कर्णलाई पुनः मर्मत गर्न निर्देशन दिएका छन् । 'राज्यले गरेको विकास निर्माणको लगानीमा मापदण्डविपरीत काम गर्ने कसैलाई छुट हुँदैन । त्यस कारण पुनः मर्मत गर्न भनेको थिएँ,' उनले भने ।

सडक डिभिजन कार्यालय लहानका प्रमुख आशुतोष कर्णले उक्त क्षेत्रको कालोपत्रेमा समस्या आएकाले दुईजना इन्जिनियरलाई स्थलगत अवलोकन गरी प्रतिवेदन पेस गर्न निर्देशन दिएको बताए । उक्त सडक असार मसान्तसम्ममा सम्पन्न गर्नुपर्ने बाध्यता भएको भए पनि निर्माण व्यवसायीले काम गर्दा-गर्दै केही ढिला भएको उनको भनाइ छ ।

संक्षेप

उद्योग परिसंघमा १९ समिति गठन, युवालाई जिम्मेवारी



काठमाडौं/ नेपाल उद्योग परिसंघले क्षेत्रगत प्रतिनिधित्व गर्ने गरी १९ वटा समिति, काउन्सिल तथा फोरम गठन गरेको छ । परिसंघको हालै सम्पन्न अधिवेशनबाट नवनिर्वाचित कार्यसमितिले विभिन्न समिति गठन तथा तिनका सभापति चयन गरेको हो ।

परिसंघले उद्योग समिति, राजस्व समिति, मेक इन नेपाल स्वदेशी समिति, ग्लोबल बिजनेस तथा डायस्पोरा समिति, पूर्वाधार समिति, बैंकिङ तथा फाइनान्स समिति, पर्यटन समिति, कृषि तथा म्याप समिति, प्रदेश तथा जिल्ला समन्वय समिति, सदस्यता समिति, उत्पत्तिको प्रमाणपत्र समिति, शिक्षा तथा सिप समिति र स्वास्थ्य परिषद् गठन गरेको हो । त्यसैगरी रोजगारदाता परिषद्, ऊर्जा विकास परिषद्, सूचना प्रविधि परिषद्, सिइओज फोरम, महिला नेतृत्व फोरम, स्टार्टअप तथा युवा उद्यमी मञ्च पनि गठन गरिएको छ ।

परिसंघले तीन समिति तथा परिषद्का सभापति, उपसभापति तथा सदस्यसमेत चयन गरेको छ । आइतबार परिसंघ सचिवालयमा आयोजित कार्यक्रममा परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले गठित समिति, काउन्सिल तथा फोरमका सभापति तथा उपसभापतिलाई मनोनयन पत्र प्रदान गरे ।

ओभरलोड नियन्त्रणमा कडाइ गर्न ट्रक व्यवसायीको आग्रह



काठमाडौं/ नेपाल ट्रक यातायात व्यवसायी महासंघले सवारीसाधनमा अत्यधिक भारवहन (ओभरलोड) नियन्त्रण गर्न ट्राफिक प्रहरी र नेपाल प्रहरीलाई आग्रह गरेको छ । महासंघका अध्यक्ष हिरालाल श्रेष्ठ नेतृत्वको टोलीले प्रहरी महानिरीक्षक दीपक थापासँग भेट गर्दै ज्ञापनपत्र बुझाएको हो ।

महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँले सवारी तथा यातायातसम्बन्धी ऐन, नियम र 'मालवाहक सवारीको भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४' को प्रभावकारी कार्यान्वयन हुन नसक्दा ओभरलोड प्रवृत्ति बढिरहेको बताए । 'स्वदेशी तथा विदेशी ट्रकहरूले लोड सिटविना तोकिएभन्दा बढी भार बोक्ने र सामान्य जरिवाना तिरेर सवारी सञ्चालन गर्ने प्रवृत्तिले कानुनको सम्मान हुँदैन,' बानियाँले भने । न्यून जरिवानाका कारण समस्या समाधान नभएको उल्लेख गरिएको छ ।

दिक्तेलका मेयरले थाले काठमाडौंमा सत्याग्रह

बाँस, काठ र गाँजाबाट उत्पादित वस्तु तथा राडीपाखीसहित स्थानीय उत्पादन सरकारी रूपमा प्रयोग गर्न मिल्ने गरी कानुन बनाउन माग, सत्याग्रह तत्कालै सुनुवाइ नभए आगामी बुधबारबाट आमरण अनशन थाल्ने घोषणा

नयाँ पत्रिका

स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न संघीय सरकारले नीति तथा कानुन बनाउनुपर्ने माग गर्दै खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका मेयर तीर्थराज भट्टराईले आइतबारबाट काठमाडौंको माइतीघरमा सत्याग्रह तथा भोक हडताल सुरु गरेका छन् ।

कांग्रेसबाट निर्वाचित मेयर भट्टराईले टाउको मुन्डन गरी खाली खुट्टा सिंहदरबारको दक्षिण गेटबाट हिँडेर माइतीघर चोकमा पुगेर सत्याग्रह सुरु गरेका हुन् । मंगलबारसम्म माग पूरा नभए बुधबारदेखि आवरण अनशन बस्ने उनले बताए ।

'हामी स्थानीय स्रोत र सामग्री प्रयोग गरी जैविक विविधता र संस्कृतिको संरक्षण गर्दै स्थानीयवासीलाई रोजगारीसँग जोड्न खोजिरहेका छौं । बाँस, काठ, गाँजा, लोकल रक्सी, राडीपाखी आदि स्थानीय उत्पादित सामग्रीलाई सरकारी रूपमा प्रयोग गर्न मिल्ने गरी कानुन बनाउन साथै सरकारी नम्स एवं बिल्डिङ कोडमा समावेश गर्न आग्रह गरेका छौं,' मेयर भट्टराईले भने, 'तर नीति कानुनको अभावमा समस्या भइरहेको छ । पछिल्लोपटक असार मसान्तसम्मको अल्टिमेटम दिएका थियौं । माग सम्बोधन नभएपछि यो निर्णय लिन बाध्य भएको हुँ ।'

नगरपालिकाले कार्यकक्षमा बाँसका फर्निचर र सामग्री प्रयोग सुरु गरेको जनाइएको छ । तर, पालिकाकै कर्मचारीले त्यसको भुक्तानी दिन आनाकानी गरेको उनले बताए । गत फागुनमा दिक्तेलमा 'प्रथम राष्ट्रिय बाँस सम्मेलन' भएको थियो ।



आइतबारदेखि कपाल मुण्डन गरेर बिहान नौदेखि साँझ पाँच बजेसम्म सत्याग्रह थालेका छन् मेयर भट्टराईले । उनले केही ठुला माग राखेका छैनन्, स्थानीय कच्चा पदार्थबाट उत्पादित वस्तुको उपयोग बढाउन कानुनी व्यवस्था हुनुपर्ने पहिलो सर्त छ । स्वदेशी उत्पादनको प्रयोग बढाउने गरी 'मेड इन नेपाल' नीति संघीय सरकारले धेरै पहिलादेखि अवलम्बन गरे पनि व्यहारमा लागू गर्न सकेको छैन । मेयर भट्टराईले स्वदेशी वस्तुको प्रयोग बढाउने सरकारी नीतिको सशक्त कार्यान्वयन गर्न बल पुग्ने माग राखेर धर्ना कसेका हुन् ।

तस्बिर : संजित परियार/नयाँ पत्रिका

■ यी हुन् मेयर भट्टराईले राखेका सातबुँदे माग

● मेयर तीर्थराज भट्टराईले बाँसलाई ७५३ वटै पालिकामा रोपेर हरियाली प्रवर्द्धन गर्न तत्काल नीति ल्याउनुपर्ने माग राखेका छन् । बाँसलाई भवन संहितामा समावेश गरी सस्तो र सुलभ ढंगबाट सरकारी भवन तथा फर्निचर आदि निर्माण गर्न मिल्ने कानुनी व्यवस्था गर्नुपर्ने उनको माग छ ।

● सरकारी कार्यालयमा नेपालमा अत्यधिक पाइने जैविक विविधताको संरक्षण संवर्द्धन, बाँस, काठ, राडीपाखी र वातावरण पर्यावरणमैत्री फर्निचर तथा संरचना बनाउने, प्रयोग गर्ने नीति ल्याउनुपर्ने पनि उनले बताए ।

● भट्टराईले जलवायु परिवर्तनको प्रभावले हिमाल कालापहाडमा परिणत हुँदै गएकाले जैविक विविधता र रैथाने संस्कृतिको संरक्षण गर्न आवश्यक नीति-निर्माण तथा पहलकदमी तत्काल गर्नुपर्ने माग गरेका छन् ।

● धुवाँधुलो र प्रदूषण निकाल्ने कम्पनी, उद्योग, सवारीसाधन प्रयोगकर्तालाई अतिरिक्त कर लगाउनुपर्ने उनको माग छ । विद्युत्गृह, सडक तथा भौतिक संरचना निर्माण गर्दा वरिपरि किनारामा वृक्षारोपण, फूलबारी, पार्क बनाउनुपर्ने माग छ ।

● कानुन र अनुमति नलिई खोला-खोल्सी, नदी र भिरपाखामा जथाभावी उत्खनन गरिएका गिट्टी, कसर उद्योग मापदण्डअनुसार सञ्चालन गर्नुपर्ने उनको माग छ ।

● मध्यपहाडी राजमार्गलगायतका परियोजनामा निर्माण व्यवसायीले ठेक्का हात पारी वर्षौंदेखि अलपत्र पारिएका सडक, पुल तथा भौतिक पूर्वाधारका कामलाई तत्काल पूरा गर्नुपर्ने उनको माग छ ।

● पैसा र शक्तिको आडमा गुणस्तरहीन काम गर्ने गैरजिम्मेवार निर्माण व्यवसायीलाई कडाभन्दा कडा कारबाही र गुणस्तरयुक्त साथै समयमा काम सम्पन्न गर्नेलाई सम्मान गर्ने नीति तत्काल ल्याउनुपर्ने माग राखेका छन् । बाँदर आतंकले कृषकले बसाइँसराइ गर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने माग छ ।

धादिङकी पार्वती बनिन् 'एनसेल करोडपति'

काठमाडौं/ एनसेलले १ देखि ३२ असारसम्म सञ्चालन गरेको 'सर्घैं अन करोडपति' योजनामा गंगाजमुना गाउँपालिका- ६, बागेपिपल, धादिङकी पार्वती कार्कीले एक करोड रुपैयाँ नगद पुरस्कार जितेकी छिन् । उनले आठ वर्षअघि एनसेलको सिम किनेकी थिइन् र असारको तेस्रो साता ९९ रुपैयाँको 'बेसिक रिन्युअल' प्याक किनेर योजनामा स्वतः सहभागी भएकी थिइन् ।

एनसेलका चिफ फाइनान्सियल अफिसर इनामुल कबिरले एनसेलको केन्द्रीय कार्यालयमा शुक्रबार आयोजित एक कार्यक्रममा कार्कीलाई बम्पर उपहारअन्तर्गतको एक करोड रुपैयाँ हस्तान्तरण गरे । बम्पर पुरस्कार बुझ्दै कार्कीले आफूले जीवनमा कहिल्यै नसोचेको उपहार प्राप्त गरेको बताइन् ।



एनसेलले ल्याएको उक्त योजनामा कार्कीबाहेक अन्य ५० जना भाग्यशाली ग्राहकले साप्ताहिक पुरस्कारस्वरूप जनही एक लाख रुपैयाँ नगद पुरस्कार जितेका छन् । एनसेलले नेपाल दूरसञ्चार प्राधिकरणको निर्देशनबमोजिम १२ हप्ताका लागि सञ्चालनमा ल्याएको यो योजना पाँचौं हप्ताको बिचमा नै साउन १ गतेबाट बन्द गरेको थियो ।

योजनामा सहभागिता जनाएका ग्राहकलाई कम्पनीले विजेता घोषणा गरी पुरस्कृत गरेको हो । कार्कीसहित ३६ जनालाई नगद पुरस्कार हस्तान्तरण गरिसकिएको र बाँकी १५ जना एक लाख रुपैयाँ जित्ने ग्राहकलाई पनि प्रमाणीकरणको प्रक्रिया पुऱ्याई पुरस्कार प्रदान गरिने एनसेलले जनाएको छ ।

बिवाइडी सिलायन-७ सार्वजनिक



काठमाडौं/ नेपालमा बिवाइडी सिलायन-७ (सेभेन) सार्वजनिक गरिएको छ । नेपालका लागि बिवाइडी अटो इन्डस्ट्रीको आधिकारिक वितरक साइमेक्स इन्क प्रालिले इलेक्ट्रिक एसयुभी सेग्मेन्टको उक्त सिलायन-७ इभी सार्वजनिक गरेको हो । कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चेन सोङको उपस्थिति रहेको थियो । उनले दिगो विकासको क्षेत्रमा चीन र नेपालको बढ्दो सहकार्यलाई उल्लेख गर्दै बिवाइडी सिलायन-७ जस्ता प्रविधिसम्पन्न विद्युतीय सवारीसाधनको प्रवेशले नेपालको विद्युतीय रूपान्तरणलाई अझ गति दिने विश्वास व्यक्त गरे ।

'बिवाइडी सिलायन-७ मा नवीनतम विद्युतीय प्रविधि, प्रिमियम स्तरको कम्फर्ट र नेपालका लागि तयार पारिएको इन्जिनियरिङबाट संयोजन गरिएको छ । सय किलोवाट भेरियन्ट र आकर्षक प्रारम्भिक मूल्यसहित हामी नेपाली बजारमा अर्को एक महत्त्वपूर्ण मोडेल प्रस्तुत गर्न पाउँदा गर्व महसुस गरिरहेका छौं,' साइमेक्स इन्कका प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठले भने ।

यो गाडीको मूल्य ७४ लाख ९९ हजार रुपैयाँ रहेको छ । तर, 'अर्ली बर्ड'अन्तर्गत सीमित अवधिका लागि ७२ लाख ९९ हजार तोकिएको कम्पनीले जनाएको छ । अग्रिम बुकिङ गर्ने ग्राहकले विशेष वारेन्टी प्याकेजको सुविधा पनि पाउनेछन् । साइमेक्सले नेपालमा इभी रूपान्तरणलाई तीव्र बनाउने क्रममा बिवाइडीको सिलायन-७ मोडेल सार्वजनिक गरेको हो ।

नेबिको र सिद्धार्थ क्यापिटलबिच सम्झौता

काठमाडौं/ नेबिको लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ । कम्पनीले २० करोड मूल्यबराबरको सेयर सर्वसाधारणमा निष्कासन गर्न लागेको हो ।

कम्पनीले उक्त सेयर निष्कासनका लागि सिद्धार्थ क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । यो कार्यका लागि दुवै पक्षबिच सम्झौता भएको छ । सम्झौतापत्रमा नेबिकोका तर्फबाट अध्यक्ष राजबहादुर सिंह र सिद्धार्थ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सन्दीप कार्कीले हस्ताक्षर गरेका हुन् ।

नेबिको सन् १९६४ मा स्थापना भएको नेपालकै पुरानो खाद्य उत्पादन कम्पनी हो । काठमाडौंको बालाजु औद्योगिक क्षेत्रमा रहेको मुख्य कारखाना तथा हेटौंडा, भैरहवामा थप भएका उद्योगबाट बिस्कुट र कन्फेक्सनरी उत्पादन गर्दै आएको छ ।



आगामी वर्षमा कम्पनीको बेकरी, वेफर, पफलगायतका उत्पादन स्वदेश र विदेशमा विस्तार गर्ने योजना रहेको छ ।

मुक्तिनाथ क्यापिटल र निभिक्सबिच सेयर प्रत्याभूति सम्झौता



काठमाडौं/ निभिक्स फर्मास्युटिकल्सले सर्वसाधारणमा निष्कासन गर्न लागेको साधारण सेयरको प्रत्याभूति व्यवस्थापन कार्य गर्न मुक्तिनाथ क्यापिटलसँग हालै सम्झौता गरेको छ ।

सो सम्झौतापत्रमा निष्कासन कम्पनीको तर्फबाट प्रबन्ध सञ्चालक इन्द्र बानियाँ र मुक्तिनाथ क्यापिटलका सिइओ कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरेका छन् । कार्यक्रममा कम्पनीका अध्यक्ष कालिदास पौडेल, सञ्चालक फर्मासिस्ट सुजनचन्द्र सिग्देल, चार्टर्ड एकाउन्टेन्ट अनिल पौडेललगायतको सहभागिता थियो ।

०७४ सालमा स्थापित निभिक्स गत पुसमा पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण भएको थियो । कम्पनीले हाल ५६ प्रकारका औषधि उत्पादन तथा बिक्री-वितरण गर्दै आएको छ । कम्पनीले मुटुरोग, मधुमेह, श्वासप्रश्वासलगायतका रोगको उपचारमा प्रयोग हुने औषधि उत्पादन गर्दै आइरहेको छ ।

सानिमा बैंकको अन्तरबैंक टेलर सेवा

काठमाडौं/ सानिमा बैंकले अन्तरबैंक टेलर क्युआर सेवा सञ्चालनमा ल्याएको छ । ग्राहकले फोनपेमा आबद्ध बैंक तथा वित्तीय संस्थाको एप प्रयोग गरी बैंकको जुनसुकै शाखाबाट रकम झिक्न सक्नेछन् ।

मोटरसाइकल हरायो

मिति २०८२/३/३० गते अ. राति २०:०० बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा. वडा-३२ नरेफाँट स्थित फार्मसी नजिकै सडक पेटीबाट मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : मुकेश मण्डल
मो.सा.नं.: म.प्र. ०२-००८ प १८४४
चेसिस नं.: MD2A13EX2RCB80972
इन्जिन नं.: DKXCRB19601
सम्पर्क न.: 9814855066

मोटरसाइकल हरायो

मिति २०८२/०४/०७ गते बेलुका अन्दाजी ७:०० बजेको समयमा का.जि.का.म.न.पा.-१८ नरदेवी स्थित पार्किङ गरी राखेको मेरो निम्न व्यहोरा भएको खैरो रंगको 350 CC Royal Enfield मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम: बिक्रम तामाङ
मो.सा.नं.: बा.प्र. ०२-०४८ प १३९३
चेसिस नं.: ME3J3C5FARN000337
इन्जिन नं.: J3A5FAR2001942
सम्पर्क न.: 9851342789

कार्यालय भवनको आवश्यकता

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१२)

यस बैंकलाई निम्न प्रस्तावित स्थानको प्रमुख व्यापारिक तथा बजार क्षेत्रमा शाखा कार्यालय संचालानार्थ भूई तल्ला वा पहिलो तल्लाको ४,५०० देखि ५,५०० वर्ग फिट क्षेत्रफल भएको भवन भाडामा उपलब्ध गराउन ईच्छुक घरधनीहरुबाट यो शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।

शाखा कार्यालयको प्रस्तावित स्थान

प्रस्थावित क्षेत्र	क्षेत्रफल (वर्ग फिट)	प्रदेश
काठमाडौं जिल्ला, का.म.न.पा.– १० (नयाँ बानेश्वर चोक देखि बिजुलीबजार पुल सम्मको मुख्य सडक क्षेत्र प्राथमिकतामा रहनेछ)	४,५००-५,५००	बागमती

शर्तहरु :

१) प्रस्तावित भवनमा पानी, बिजुली तथा पार्किङको सुविधासहित घटीमा ८ मिटर चौडाईको मोटर बाटो हुनुपर्नेछ ।

२) प्रस्तावित भवन सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ ।

३) भूकम्प प्रतिरोधात्मक भवनलाई प्राथमिकता दिइनेछ ।

४) भवनको भूई तल्लामा ATM तथा जेनेरेटर राख्नको लागि स्थान उपलब्ध गराउनु पर्नेछ ।

५) शाखा कार्यालय संचालानार्थ घटीमा १५ (पन्ध्र) वर्षको लागि भवन उपलब्ध गराउनु पर्नेछ ।

६) बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर कट्टी गर्नेछ ।

शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरु :

१) शिलबन्दी बोलपत्र बुझाउँदा चाहिने सम्पुर्ण कागजातहरु कार्यालय भवन भाडामा दिने सम्बन्धी प्रस्ताव फाराममा उल्लेखित छन् । ईच्छुक घरधनीहरुले सो प्रस्ताव फाराम, बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभाग वा सम्बन्धित शाखा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको website: www.nabilbank.com बाट डाउनलोड पनि गर्न सक्नु हुनेछ ।

२) शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"भवन भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** स्पष्ट रुपमा लेखि **प्रस्तावित ठाँउको नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर** समेत उल्लेख गरि नबिल बैंकको घण्टाघर, काठमाण्डौं स्थीत प्रशासन विभागमा मिति **२०८२ श्रावण २६ गते** (**तदनुसार 11th August, 2025**) दिनको ३:०० बजे भित्र आई पुग्ने गरी बुझाउनु पर्नेछ ।

३) प्राप्त शिलबन्दी बोलपत्र प्रस्ताबहरु मिति २०८२ श्रावण २७ गते बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभागमा समय बिहान ११.०० बजे बैंक कर्मचारी तथा बोलपत्र दाता र/वा निजका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थित नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

५) म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६) कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसगं सुरक्षित रहने छ । साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन ।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाण्डौं फोन नं. ०१-४९७१८१

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
आयोजना कार्यान्वयन एकाइ
सुदूरपश्चिम, दिपायल, डोटी

विद्युतीय माध्यमबाट बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशन मिति : २०८२/०४/१२

यस आयोजना कार्यान्वयन एकाइको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको खरिद कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website : www.ppmo.gov.np मार्फत् हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरिएको छ ।

सि. नं.	बोलपत्र नं	कार्यको विवरण	बोलपत्र जमानत (Bid Security) रु.	बोलपत्र दस्तुर (Bid Documents Fee) रु.
१	NAFHA/PIU-SUDURPASHCHIM/WORKS/CW05-A	Horticulture Center/ Station Upgrade-Dry Fruit Development Center- Baitadi, Sudurpashchim	२,२२,०००/-	३,०००/-

प्रदेश आयोजना प्रबन्धक

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

नदीजन्य सामग्री ढुङ्गा, गिट्टी, बालुवा, रोडा (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउनेबारे बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ)६ र दफा ६२(क) बमोजिम चालु आ.व. २०८२/८३ का लागि तपसिलबमोजिमको कुश्मा नगरपालिकाको क्षेत्र भएर बग्ने कालिगण्डकी तथा मोदीखोलाको बगरबाट नदीजन्य पदार्थ (घाटगद्धी) ढुङ्गा, गिट्टी, बालुवा, रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-पोर्टल www.bolpatra.gov.np/egp मार्फत् आय ठेक्का व्यवस्थापनसम्बन्धी प्रथम पटक ३० (तीस) दिने विद्युतीय बोलपत्र आह्वान गरिएकोले योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लिखित कागजातहरू संलग्न राखी बोलपत्र खरिद गरि यसै सूचना बमोजिम पेश गर्नको लागि सूचित गरिन्छ ।

तपसिल

सूचना नं/ बोलपत्र नं	बगरको विवरण र स्थान	उत्खनन् हुने अधिकतम परिमाण (घन मि.)	न्यूनतम दर प्रति (घन फि.)	न्यूनतम रकम कर बाहेक	धरौटी रकम रू.	बोलपत्र फाराम दस्तुर
Kus/Goods/ River/All/01	यस कुश्मा नगरपालिकाको क्षेत्र भएर बग्ने कालिगण्डकी तथा मोदीखोला बगर सबै IEE प्रतिवेदन अनुसार	७६,५९७	रू. ९	रू. २,४३,४८,५३९।४६	कर सहित कबोल अंकको ५%	रू ५,०००

(विस्तृत विवरण कार्यालयको वेभसाइट www.kushmamun.gov.np मा हेर्न र पढ्न सकिनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल
भक्तपुर, नेपाल

अस्पतालको लागि आवश्यक सामानहरु खरिद सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८२/०४/१२

आ.व. ०८२।८३ मा अस्पतालको लागि आवश्यक सामानहरू तपशील बमोजिम खरिद गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP II मार्फत बोलपत्र आह्वान गरिएको छ । इच्छुक फर्म, कम्पनी वा सप्लायर्सले bolpatra.gov.np/egp बाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिन, दिनको ठीक १२:०० बजे भित्र e-GP II मार्फत बोलपत्र फाराम दर्ता गराई सक्नु पर्नेछ । रितपूर्वक पर्न आएका बोलपत्र सोही दिन, दिनको ठीक २:०० बजे यस अस्पतालमा खोलिने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत् पश्चात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । यस सूचनामा उल्लेख भएका कुराहरू उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरू बोलपत्र फाराम, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ । विस्तृत जानकारीको लागि यस अस्पतालको सूचना पाटीमा हेर्नु हुन तथा अस्पतालमा कार्यालय समयमा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ ।

तपशील :

सि.न.	ठेक्का नं.	कामको विवरण	बोलपत्र फाराम दस्तूर रु.
1	BHB/G/NCB -6/082-83	Procurement of Stationeries and Office Supplies for Hospital	3,000/-
2	BHB/G/NCB -7/082-83	Procurement of Surgical Goods for Hospital	5,000/-
3	BHB/G/NCB -8/082-83	Procurement of Lab Chemicals for Hospital	3,000/-

नि.अस्पताल निर्देशक

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७,अमलटार,काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति : २०८२/०४/१२

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (क) बमोजिम यस रोशी गाउँपालिकाबाट आ. व २०८२।८३ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८१ अनुसूची- ५ मा तोकिएको दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावर्णिय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

ठेक्का सम्बन्धी विवरण :

क्र. सं.	आन्तरिक आय ठेक्का संकेत	ठेक्काको विषय क्षेत्र	आ.व २०८२/८३ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक)	बोलपत्र दस्तुर	स्वीकृत दररेट (मू. अ. कर बाहेक)	धरौटी/ जमानत रकम
१	RRM/IR/1/ 2082/083	रोशी गाउँपालिका क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री शुल्क (नाङ्गशाल ढुंगा रोडा उद्योग)	४४,९९,७६१।४९ (रु. चवालिस लाख उनान्सय हजार सात सय एकसाठी रुपैया र पैसा उनान्चास मात्र)	३,०००/-	१. ढुंगा,गिट्टी,बालुवा,ग्रामेल प्रति घनफिट (मु.अ.कर बाहेक) रु. ७- २. माटो/डष्ट प्रति घनफिट (मु.अ.कर बाहेक) रु. ३१२०	मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत
२	RRM/IR/3/ 2082/083	रोशी गाउँपालिका क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री शुल्क (पलाञ्चोक भगवती बालुवा तथा ढुंगा उद्योग प्रा.लि)	१,६८,३२,५५५।८१ (रु. एक करोड अठसाठी लाख बत्तिस हजार पाँच सय पचपन्न रुपैया र पैसा एकासी मात्र)	३,०००/-		
३	RRM/IR/4/ 2082/083	रोशी गाउँपालिका क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री शुल्क(एस. एम. बालुवा ढुंगा उद्योग प्रा.लि.)	१,८०,३३,८०२।०१ (रु. एक करोड असि लाख तेत्तिस हजार आठ सय दुई रुपैया र पैसा एक मात्र)	५,०००/-		
४	RRM/IR/5/ 2082/083	रोशी गाउँपालिका क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री शुल्क (सुप्रिम स्टोन प्रा.लि.)	१,८०,३३,८०२।०१ (रु. एक करोड असि लाख तेत्तिस हजार आठ सय दुई रुपैया र पैसा एक मात्र)	५,०००/-		
५	RRM/IR/6/ 2082/083	रोशी गाउँपालिका क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री शुल्क (जय नेपाल सप्लायर्स प्रा.लि.)	१,८०,३३,८०२।०१ (रु. एक करोड असि लाख तेत्तिस हजार आठ सय दुई रुपैया र पैसा एक मात्र)	५,०००/-		

शर्तहरू :

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, यस गाउँपालिकाको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०३६१८२११५५०, राजस्व शीर्षक नं. १४२२९ मा जम्मा गरी श्री सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाईट www.bolpatra.gov.np/egp system बाट Bid Document खरिद गरि मिति २०८२।०४।२७ गते दिनको १२:०० बजेसम्म E-Bidding मार्फत पेश गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ ।

२. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको धरौटी खाता नं.०३६१५०३१७२१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

३. यस सम्बन्धमा थप जानकारी रोशी गाउँपालिकाको कार्यालय रोशी- ७ अमलटार, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिने छ । साथै ठेक्का सम्बन्धी कुनै जानकारी आवश्यक रहेमा ९८४१-४२४२४२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अदालत पुग्यो एथलेटिक्स संघ विवाद, के होला १४ साउनको निर्वाचन ?



रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल एथलेटिक्स संघको निर्वाचन रोक्न उच्च अदालत पाटनमा रिट दायर भएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले ३० जेठ ०८० मा गठन गरेको एथलेटिक्स संघ, तदर्थ कमिटीका बहुमत सदस्यले राजीवविक्रम शाह संयोजक रहेको संघको निर्वाचन रोक्न माग गरेका हुन्। संयोजक शाहले १४ साउनमा निर्वाचन गर्ने गरी तयारी गरेका छन्। शाहले निर्वाचनका लागि गत ३ असारमा राखेपसँग स्वीकृति मागेका थिए।

संघका महासचिव धनवीर चौधरीसहित ११ सदस्यले निर्वाचन रोक्न अदालतमा मुद्दा दायर गरेका हुन्। उनीहरूले उच्च अदालतको अन्तिम फैसला नआएसम्म निर्वाचन स्थगित गर्नुपर्ने मागसहित आइतबार पत्रकार सम्मेलन गरेका हुन्। चौधरीले तदर्थ समितिका संयोजक शाहले एकलौटी रूपमा निर्वाचन गर्न लागेको आरोप लगाएका छन्।

> उच्च अदालतको अन्तिम फैसला नआएसम्म र राखेपले पनि स्वीकृति नदिएको अवस्थामा १४ साउनमा हुने भनिएको संघको निर्वाचन रोक्न असन्तुष्ट पक्षको माग

यद्यपि, राखेपले १ साउनमा एथलेटिक्स संघको निर्वाचन सम्पूर्ण प्रक्रिया पुऱ्याएर मात्र गर्न निर्देशन दिएको थियो। राखेपले राष्ट्रिय खेलकुद विकास समिति नियमावलीको नियम ७ अनुसार संघको विधान स्वीकृति नभएको तथा प्रदेश र जिल्ला संघ गठन भएको कागजात प्राप्त नहुँदा सबै प्रक्रिया पूरा गर्न अध्यक्ष शाहलाई निर्देशन दिएको थियो।

परिषद्ले पनि सबै प्रक्रिया पूरा गरी निर्वाचन गर्न भनेको अवस्थामा पनि शाहले अवैधानिक रूपमा साधारणसभासहित निर्वाचन गराउन लागेको आरोप चौधरीले लगाएका छन्। 'शाह संयोजक रहेको तदर्थ कमिटीले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ अनुसार राखेपबाट स्वीकृत नै नलिई गैरकानुनी विधानको आधारमा विभिन्न जिल्ला र प्रदेशका पदाधिकारीलाई भ्रम र प्रलोभनमा पारी अवैधानिक कमिटी गठन गरेका छन्,' असन्तुष्ट पक्षले आरोप लगाएको छ।

शाहले भने राखेपबाट आफूलाई पत्र प्राप्त नभएको दाबी गरेका छन्। 'अहिलेसम्म राखेपबाट पत्र आएको छैन। मलाई दिएको जिम्मेवारी पूरा गर्दै जसरी पनि निर्वाचन गर्छु,' उनले भने, 'संघमा कुनै विवाद छैन र अन्तर्राष्ट्रिय मान्यता पनि छ।' उनले केही व्यक्तिको स्वार्थका कारण संघमा विवाद निकालिएको आरोप लगाएका छन्। 'मविरुद्धको षड्यन्त्र हो। संघमा केही विवाद छैन। केही व्यक्तिका कारण देखिएको हो। मानहानि गर्नेविरुद्ध अदालतमा जान्छु,' उनले भने।

शाहमाथि नै राखेपको विश्वास

०७९ चैतमा शाहको चारवर्षे कार्यकाल समाप्त भएको थियो। कार्यकाल समाप्तिलगत्तै उनले संघको निर्वाचन गराएनन्। राखेपले निष्क्रिय र निर्वाचन भएका संघहरूका लागि तदर्थ समिति गठन गरेको थियो। एथलेटिक्स संघको निर्वाचन गराउन राखेपले शाहकै संयोजकत्वमा तदर्थ समिति बनायो।

राखेपले ३० जेठ ०८० मा पहिलोपटक तदर्थ समिति गठन गऱ्यो। कर्णाली प्रदेश सरकारको अर्थमन्त्रीसमेत रहेको शाहलाई तीन महिनाभित्र निर्वाचन गराउन राखेपले जिम्मेवारी दिएको थियो। राखेपले दिएको समयमा केही काम नगरे पनि शाहलाई बारम्बार संयोजकको जिम्मेवारी दिइएको थियो। तर, तीनपटक संयोजक तोके पनि शाहले निर्वाचन नगराएको महासचिव चौधरीले आरोप लगाएका छन्।


निर्वाचन गराउन नसके पनि राखेपले गत १५ वैशाख ०८२ मा तदर्थ समिति बनाउँदा शाहलाई नै संयोजक तोक्यो। 'निर्वाचन संघका अध्यक्ष र तदर्थ समितका संयोजक हुँदा पनि निर्वाचन गराउन नसकेका व्यक्तिमाथि नै राखेपले विश्वास गरेको छ,' चौधरीले भने।

अदालतमा रिट दायर भएको र राखेपले पनि स्वीकृति नदिएको अवस्थामा अवैधानिक रूपमा हुन लागेको निर्वाचन रोक्न समितिका २१ मध्ये १७ सदस्यले संयुक्त प्रतिबद्धतासहित राखेपमा उजुरी दर्ता गराएका छन्। राखेपमा दुईपटक उपाध्यक्ष भएका पीताम्बर तिम्सिना र बागमती प्रदेश खेलकुद परिषद्का निवर्तमान सदस्यसचिव सूर्यलाल भण्डारीले पनि प्रतिबद्धता जनाएका छन्।

शाहले आफूले भनेजस्तो पद नपाउँदा र आर्थिक कारोबार गर्न नपाएपछि पत्रकार सम्मेलन गरेको दाबी गरे। 'राखेपले गठन गरेको तदर्थ समितिमा भनेजस्तो पद नपाउँदा र संघको आर्थिक कारोबार चलाउन नपाएका व्यक्ति नै निर्वाचनको पक्षमा छैनन्,' शाहले भने, 'म पनि कानुनी उपचार खोज्ने तयारीमा छु।'

संघमा विवाद छैन

● **राजीवविक्रम शाह**, अध्यक्ष



राखेपमा आबद्ध धेरै संघमा विवाद छ, तर हाम्रोमा छैन। समिति गठन हुँदा केही व्यक्तिले पद पाए भने केहीले पाएनन्। पद नपाउने नै अहिले संघको विरोधमा लागेका छन्। महासचिवले धेरै चेक चलाउनुभएको छ। निर्वाचन गर्न स्वयं सदस्यसचिवले तदर्थ समिति बनाएर पत्र दिनुभएको छ। अहिलेसम्म निर्वाचन रोक्न पत्र आएको छैन। जसरी हुन्छ निर्वाचन गराउँछु। मलाई दिएको जिम्मेवारी पूरा गर्छु। अनावश्यक विवाद निकालिएको छ। यो मविरुद्ध षड्यन्त्र हो।

चार वर्षमा एकपटक पनि साधारणसभा भएन

● **धनवीर चौधरी**, महासचिव



२० वर्षदेखि संघको नेतृत्वमा रहे पनि संघ र खेलाडीबारे शाहले केही सोच्नुभएन। प्रत्येक वर्ष साधारणसभा गर्नुपर्छ। तर, उहाँले चार वर्षमा एकपटक पनि साधारणसभा गर्नुभएन। अहिलेसम्म कार्यसमिति बैठक भएको छैन। संघमा आर्थिक पारदर्शिता छैन। उहाँले मनोमानी ढंगले संघ चलाउँदै बहुमत सदस्यलाई बाहिर राख्नुभयो। खेलकुद विकास ऐन नै मान्दिनँ भन्नुहुन्छ। राज्यशक्तिको दुरुपयोग गर्दै जे पनि गर्न तयार हुनुहुन्छ। निर्वाचन गरिए कानुनी उपचार खोज्छौं।

शाहविरुद्धका आरोप

- विधानअनुसार प्रत्येक वर्ष एकपटक साधारणसभा हुनुपर्ने, तर शाहले आफ्नो कार्यकालमा एकपटक पनि नगराएको
- विधानअनुसार प्रत्येक तीन महिनामा एकपटक कार्यसमिति बैठक बस्नुपर्ने, तर एकपटक पनि बसेन
- आर्थिक वर्षको आर्थिक विवरण वार्षिक साधारणसभाबाट पारित गर्नुपर्नेमा एकपटक पनि पारित नगरेको
- संघको अफिस थापाथलीस्थित निवासबाट सञ्चालन गरेको र फर्जी कागज बनाएर अडिट गराई विदेशी रकम अपचलन गरेको
- गैरकानुनी रूपमा बहुमत सदस्यलाई पदमुक्त गराई आफूअनुकूलका व्यक्तिलाई खेलकुदमन्त्री र राखेपका सदस्यसचिवलाई दबाब दिएर पदको दुरुपयोग गराई मनोनयन गरेको
- विधान स्वीकृत नगराई विभिन्न जिल्ला र प्रदेशमा गैरकानुनी कमिटी गठन गरेको

■ एएफसी यू-२० च्याम्पियनसिप छनोट

नेपाली टोलीमा एक खेलाडी परिवर्तन



गत साता बंगलादेशमा भएको साफ यू-२० च्याम्पियनसिपमा सहभागी भएकी डिफेन्डर झुमा विश्वकर्माको स्थानमा सजिना स्याङ्तानले मौका पाइन्

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले एएफसी यू-२० महिला च्याम्पियनसिप छनोट प्रतियोगिताका लागि नेपाली टोली घोषणा गरेको छ। छनोट प्रतियोगितामा आगामी ६ अगस्टदेखि हुनेछ। एन्फाले २३ सदस्यीय टोली घोषणा गर्दा एक खेलाडी मात्र परिवर्तन गरेको छ। गत साता बंगलादेशमा भएको साफ यू-२० च्याम्पियनसिपमा सहभागीमध्ये एक खेलाडीले मात्र स्थान बनाउन सकिनन्।

बिर्सना चौधरीको कप्तानीमा घोषित नेपाली टोलीमा डिफेन्डर झुमा विश्वकर्माले स्थान बनाउन सकिनन्। उनको स्थानमा सजिना स्याङ्तानले स्थान बनाइन्। यमप्रसाद गुरुङको प्रशिक्षणमा रहेको नेपाली टोलीले तीनपटकको विश्वकप विजेता उत्तर कोरियासँग समूह 'ए'मा प्रतिस्पर्धा गर्नेछ।

छनोट प्रतियोगिता भुटानको थिम्पुमा हुनेछ। नेपालले शक्तिशाली राष्ट्र उत्तर कोरियाबाहेक आयोजक भुटान र साउदी अरेबियाविरुद्ध खेल्नेछ। एसियन फुटबल काउन्सिल (एएफसी)को ड्रमा नेपाल र उत्तर कोरिया एकै समूहमा परेका छन्। मंगोलियाले भने नाम फिर्ता लिएको छ।

नेपालले पहिलो खेलमा ६ अगस्टमै आयोजक भुटानसँग खेल्नेछ। ८ अगस्टमा साउदी अरेबिया र १० अगस्टमा उत्तर कोरियासँग नेपालको प्रतिस्पर्धा हुनेछ। प्रत्येक समूहका शीर्ष टोली अर्को वर्ष थाइल्यान्डमा हुने प्रतियोगितामा छनोट हुनेछ। समूहमा उत्कृष्ट दोस्रो हुने टोलीको पनि छनोट हुने सम्भावना रहनेछ। एएफसीले आठ समूहमध्ये तीनवटा उत्कृष्ट दोस्रो टोली मात्र छनोट हुने जनाएको छ।

नेपाली टोली

गोलरक्षक

लीला जोशी, करुण बुढाथोकी, सुजाता तामाङ

डिफेन्स

सरिताकुमारी नाथ, माया मास्के, सेमिहाङ्मा लिम्बू पाण्डक, सिमरन राई, सजिना स्याङ्तान, गंगा रोकाया, अनिशा राई, सीता रोकाया

मिडफिल्डर

कविता गुरुङ, सुशीला केसी, अस्मिता गुरुङ, बिर्सना चौधरी (कप्तान), सेनु परियार

स्ट्राइकर

कुसुम खतिवडा, सुक्रिया मियाँ, मनीषा सेन, वर्षा ओली, पूर्णिमा राई, मीना देउवा, समीक्षा मगर

मुख्य प्रशिक्षक : यमप्रसाद गुरुङ

उत्तर कोरिया र साउदी अरेबिया नयाँ प्रतिद्वन्द्वी

उमेर समूहमा नेपालका नयाँ प्रतिद्वन्द्वीका रूपमा उत्तर कोरिया र साउदी अरेबिया रहेका छन्। दुई वर्षअघि मात्र साउदी अरेबिया फुटबल महासंघले यू-१७ टोलीलाई यू-२० महिला फुटबल टोलीका रूपमा परिमार्जित गरेको हो। साउदी अरेबियाले अहिलेसम्म पाँचवटा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेलेको छ। जसमा चार हार र एकमा जित निकालेको छ। उत्तर कोरियाले भने फिफाले आयोजना गरेको महिला यू-२० विश्वकप प्रतियोगिता तीनपटक जितेको छ। साथै उत्तर कोरियाले एएफसी यू-२० च्याम्पियनसिप दुईपटक जितेको छ। उत्तर कोरिया विश्वकप तथा एएफसी यू-२० च्याम्पियनसिपको साबिक विजेतासमेत हो। उसले छनोट प्रतियोगितामा गत संस्करणको विश्वकप विजेता खेलाडीलाई नै समावेश गरेको छ।

खेल संक्षेप

जेम्स अन्तरविद्यालय पौडी च्याम्पियन

काठमाडौं/ जेम्स स्कुलले प्रथम अन्तरविद्यालय उमेर समूह पौडी प्रतियोगिताको उपाधि जितेको छ। जेम्स सर्वाधिक ८४१ फिना अंकसहित पहिलो भएको हो। निसर्ग वाटिका उपविजेता बनेको छ। निसर्गले ५६९ फिना अंक बटुल्यो। ३६९ अंक जोडेको प्रिमियर इन्टनेसनल स्कुल तेस्रो भयो। सातदोबाटोस्थित खेलकुद परिसर केन्द्रमा दुई दिनसम्म चलेको प्रतियोगितामा राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तानहरूलाई सम्मान गरिएको थियो। प्रतियोगितामा २५० विद्यार्थीको सहभागिता थियो। ५३ स्पर्धा समावेश प्रतियोगिताले विद्यालय तहमा पौडी खेलको विकासमा सहयोग पुग्ने विश्वास रहेको प्रतियोगिता संयोजक मुखिया लामाले बताए। विजयी टोली तथा खेलाडीलाई प्रतिनिधिसभा सदस्य डा. तोसिमा कार्की र नेपाल पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठलगायतले पुरस्कार प्रदान गरे।



अन्तरविद्यालय पौडी शनिबार हुने

काठमाडौं/ टुसाल मल्टी भेन्युको आयोजनामा चौथो विद्यालयस्तरीय पौडी प्रतियोगिता शनिबार हुने भएको छ। प्रतियोगितामा २९ स्पर्धामा १५० खेलाडीको सहभागिता रहने भेन्युका अपरेसन प्रबन्धक विशाल खड्काले जानकारी दिए। यसपटकदेखि सिनियर र जुनियर प्रतिस्पर्धासँगै विभिन्न उमेर समूहमा खेल हुने आयोजकले जनाएको छ।मल्टी भेन्यु हातामा २५ मिटर र १० मिटर लम्बाइको दुई पौडीपोखरी रहेका छन्। तार्केश्वर नगर खेलकुद विकास समितिका अध्यक्ष विक्रम खड्गीका अनुसार अंकका आधारमा शीर्ष तीन टोलीलाई पुरस्कृत गरिनेछ।

किक बक्सिङको सेमिनार हुने

काठमाडौं/ नेपाल किक बक्सिङ एसोसिएसन (डब्लुएफकेओ)ले फ्रिस्टाइल किक बक्सिङको चारदिने रेफ्री र प्रशिक्षक सेमिनार आयोजना गर्ने भएको छ। डब्लुएफकेओका अध्यक्ष ब्रायन डब्लु बेकको उपस्थितिमा हुने सेमिनार १७ देखि २० साउनसम्म हुनेछ। आयोजक एसोसिएसनका अध्यक्ष देवराज श्रेष्ठले सेमिनारमा २० जना किक बक्सर सहभागी हुने बताए। एसियन किक बक्सिङको स्वर्ण विजेतासमेत रहेकी विन्दा नेपालीले सेमिनारले खेलाडीको शारीरिक क्षमता र रणनीति विकासमा सहयोग पुग्ने बताइन्।

बसिललाई विश्व सभातमा रजत

काठमाडौं/ उज्वेकिस्तानमा भएको विश्व युथ सभात च्याम्पियनसिपमा नेपालका बसिल त्वायनाले रजत पदक जितेका छन्। २३ देखि २७ जुलाईसम्म भएको च्याम्पियनसिपअन्तर्गत बसिलले ८०-८५ केजी तौल समूहमा रजत जितेका हुन्। स्वर्ण भिडन्तमा उनी फ्रान्सका मलभिन पेरिईबाट पराजित भए। उनले लिग चरणमा आयोजक उज्वेकिस्तानका खेलाडी जिदिरोभ मोहम्मदलाई हराएका थिए। अर्को खेलमा अजरबैजानका मेहमेद सुलेमनोभमाथि जित निकाले। लिग चरणममै उनले फ्रान्सका मलभिनविरुद्ध प्रतिस्पर्धा गरेका थिए। सो खेलमा बसिलले वाकओभर पाए। उनी ९ अंकसहित फाइनलमा प्रवेश गरेका हुन्। नेपाल सभात संघका अध्यक्ष तथा मुख्य प्रशिक्षक लक्ष्मण बस्नेतले बसिलले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेको बताए। 'यस विधाकै बलियो राष्ट्र उज्वेकिस्तान र अजरबैजानलाई हराउनु ऐतिहासिक हो,' बस्नेतले भने, 'फाइनलमा हाम्रा खेलाडीले उत्कृष्ट प्रदर्शन गरे पनि रजतमै रोकिए, तर यो नेपालका लागि गर्वको क्षण हो।'

प्रिसिजनमा बार्सिलोनाको तयारी

एजेन्सी/ स्पेनिस क्लब बार्सिलोनाले प्रिसिजनको तयारी थालेको छ। बार्सिलोनाले आइतबार पहिलो मैत्रीपूर्ण खेलमा जापानको भिसेल कोबेलाई ३-१ ले हरायो। मिसाकी पार्क रंगशाला एरिक गार्सिया, रुनी र पेड्रो फर्नान्डेजको समान एक गोलमा बार्सिलोनाले जित निकालेको हो। कोबेका लागि मियासिरोले एक गोल फर्काए। यसै खेलबाट मार्कोस रास्फोर्डले बार्सिलोनाबाट डेब्यु गरेका छन्। इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडबाट उनी एक वर्षका लागि बार्सिलोना पुगेका हुन्। खेलको ३३औं मिनेटमा गार्सियाले बार्सिलोनालाई १-० को अग्रता दिलाए। खेलको ४२औं मिनेटमा मियासिरोले घरेलु टोलीलाई १-१ को बराबरीमा पुऱ्याए। रुनीले ७७औं मिनेटमा बार्सिलोनालाई २-१ ले स्थितिमा राखे। खेलको ८७औं मिनेटमा पेड्रोले बार्सिलोनाको जित पक्का पारे। अब दोस्रो मैत्रीपूर्ण खेल बिहीबार एफसी सिओलसँग हुनेछ।



बराबरीमा रोकियो चर्च ब्वाइज

काठमाडौं/ चर्च ब्वाइज युनाइटेडले एन्फा यू-१६ युथ लिगमा संकटा क्लबसँग २-२ को बराबरी नतिजा निकालेको छ। यस नतिजासँगै ९ खेलमा १९ अंक जोडेको संकटा दोस्रो स्थानमा उक्लिएको छ। चर्च ब्वाइज समान खेलबाट १४ अंकका साथ सातौं स्थानमा छ। सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा आइतबार चर्च ब्वाइजका स्वप्निल दर्लान र अप्सन गुरुङले एक-एक गोल गरेका थिए। संकटका लागि पेम्बा तामाङ र प्रजलकुमार लुम्रेले गोल गरे।

खेलको १९औं मिनेटमा स्वप्निलले चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए। खेलको ६०औं मिनेटमा पेम्बाले पेनाल्टीमा गोल गरी संकटालाई १-१ को बराबरीमा ल्याए। खेलको ७६औं मिनेटमा अप्सनले चर्च ब्वाइजलाई २-१ ले अगाडि राखे। खेलको ८९औं मिनेटमा चर्च ब्वाइजका प्रजलले २-२ को बराबरीका लागि गोल गरे।

अर्को खेलमा न्युरोड टिम (एनआरटी)ले प्लानिङ ब्वाइज युनाइटेडमाथि ५-१ को जित निकाल्यो। जितसँगै ९ खेलमा ८ अंक जोडेको एनआरटी नवौं स्थानमा उक्लिएको छ। प्लानिङ ब्वाइज समान खेलबाट ६ अंकका साथ १३औं स्थानमा छ। एनआरटीका नीराजन दुलाल, ऋतिक फडेरा, सुनील घर्तीमगर, सुगम राना र प्रिन्स दुधराज विकले गोल गरे। प्लानिङ ब्वाइजका लागि ओम खड्काले गोल गरे।

खेलको चौथो मिनेटमै ओमले प्लानिङलाई अग्रता दिलाएका थिए। खेलको २६औं मिनेटमा नीराजनले एनआरटीलाई बराबरीमा ल्याए। त्यसपछि एनआरटीले उत्कृष्ट प्रदर्शन गऱ्यो। पहिलो हाफमा एनआरटीले ३-१ को अग्रता लिएको थियो। अर्को खेलमा फ्रेन्ड्सले एपिएफल क्लबलाई ३-१ ले हरायो।

भारतले चौथो टेस्ट गऱ्यो 'ड्र'

एजेन्सी

भारतले इंग्ल्यान्डविरुद्धको चौथो टेस्ट 'ड्र' गरेको छ। टेस्टको अन्तिम दिन आइतबारको खेल समाप्तिमा भारतले चार विकेटको नोक्सानीमा ४२५ रन जोडेपछि टेस्ट बराबरी भएको हो। इंग्ल्यान्डले पहिलो इनिङ्समा सबै विकेट गुमाएर ६६९ रन जोडेको थियो। इंग्ल्यान्डले पहिलो इनिङ्समा ३११ रनको अग्रता लिएको थियो। दोस्रो इनिङ्समा भारतका लागि वासिंटन सुन्दर र रवीन्द्र जडेजाले पाँचौं विकेटका लागि २०३ रनको साझेदारी गर्दै टेस्टलाई बराबरी गराए।

दुवैले ५५.२ ओभरसम्म अविजित ब्याटिङ गरेका थिए। सुन्दरले २०६ बलमा १०१ रन बनाए। उनले नौ चौका र एक छक्का प्रहार गरे। जडेजाले १८५ बलमा १३ चौका र एक छक्का प्रहार गरी १०७ रनको योगदान दिए। दोस्रो इनिङ्समा भारतको सुरुवात खराब रह्यो। इनिङ्सको पहिलो ओभरमै भारतले दुई महत्त्वपूर्ण विकेट गुमाएको थियो। इनिङ्सको ०.४ ओभरमा यशस्वी जैसवाल र साई सुदर्शन शून्यमा आउट भए। भारतले दुई विकेट गुमाउँदा स्कोर बोर्डमा रन नै बनाएको थिएन।

> वासिंटन सुन्दर र रवीन्द्र जडेजाले दोस्रो इनिङ्सको पाँचौं विकेटका लागि २०३ रनको साझेदारी गरेपछि भारत र इंग्ल्यान्डविचको टेस्ट बराबरी

त्यसपछि लोकेश राहुल र कप्तान शुभमन गिलले तेस्रो विकेटका लागि १८८ रनको साझेदारी गरेका थिए। दोस्रो इनिङ्सको ९०.२ ओभरमा राहुलले आफ्नो विकेट गुमाए। उनले २३० बलमा आठ चौका प्रहार गरी ९० रन जोडे। त्यसपछि गिलले सुन्दरसँग चौथो विकेटका लागि ३४ रन बनाए। गिलले २३८ बल सामना गरी १०३ रन बनाए। उनले १२ चौका प्रहार गरेका थिए।

इंग्ल्यान्डको विशाल योगफल

इंग्ल्यान्डले पहिलो इनिङ्समा उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेको थियो। सो इनिङ्समा जोए रुटले १५० रनको शतकीय योगदान दिए। उनले २४८ बलमा १४ चौका प्रहार गरेका थिए। यसै शतकको मद्दतमा उनी टेस्ट फर्म्याटमा भारतका सचिन तेन्दुलकरपछि व्यक्तिगत सर्वाधिक रन बनाउने ब्याट्समान बनेका थिए।

सो इनिङ्समा कप्तान बेन स्टक्सले पनि १४१ रन बनाएका थिए। उनले १९८ बलमा ११ चौका र तीन छक्का प्रहार गरेका थिए। ओपनर ज्याक क्रेवेल र डेन डककेटले पहिलो विकेटका लागि ३१.६ ओभरमा १६६ रनको साझेदारी गरेका थिए। ज्याकले ११३ बलमा १३ चौका र एक छक्का प्रहार गरी ८४ रन बनाए। वेनले सय बलमा १३ चौकाको सहयोगमा ९४ रन जोडेका थिए।

इंग्ल्यान्डविरुद्धको पहिलो इनिङ्समा रवीन्द्र जडेजाले चार विकेट हात पारेका थिए। भारतविरुद्धको पहिलो इनिङ्समा बेन स्टोक्सले ७२ रनमा पाँच विकेट हात पारेका थिए। यसैगरी जोफा आर्चरले तीन विकेट लिए।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com